| ४३. | हरिहर पौडेल | फिर्ता | १३/१० | २०६५ | ३५-३७ |

## ३.१.३ लेख/निबन्ध/संस्मरण/विचार

**मधूलिका** पत्रिकाको अङ्क एकदेखि दससम्म प्रकाशित लेख/निबन्ध/संस्मरण/विचारहरूको सूचीलाई यसप्रकार देखाइन्छ –

| क्र.सं. | निबन्धकार | शीर्षक | वर्ष/ अङ्क | प्रकाशन वर्ष | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | अशेष मल्ल | सायद अरू पनि धेरै छ लेख्नु | १०/९ | २०६० | १९३-९९ |
| २. | ईशान गौतम | आलोक प्रेरणाको | १०/९ | २०६० | २००-१ |
| ३. | ईश्वरबल्लभ | कवितालेखन सामान्यका लागि होइन | ६/४ | २०५७ | ३-७ |
| ४. | उत्तम नेपाली | एउटा शब्दचित्रभित्र पोट्रेट : डा. ध्रुवचन्द्र गौतम | १०/९ | २०६० | २०२-३ |
| ५. | कविर राणा | ध्रुवदाइ अर्थात सरलपन र मृदुभाषिता र मिलनसारिताको पर्याय | १०/९ | २०६० | २०४-५ |
| ६. | किशोर पहाडी | काँचो आँप खाने ध्रुवदाइ | १०/९ | २०६० | २०६-९ |
| ७. | कृसु क्षेत्री | पृथ्वीको वरिपरि ध्रुवचन्द्र गौतम | १०/९ | २०६० | २१०-११ |
| ८. | कृष्ण धरावासी | प्लास्टिकको मन | ८/६ | २०५९ | ११-१३ |
| ९. | खुमनारायण पौडेल | कविताको गर्भाधान र विकासको विधि अमूर्त छ | ८/६ | २०५९ | १४-१५ |
| १०. | खुमनारायण पौडेल | अस्तित्ववादी-विसङ्गतिवादी स्कुलका मेरा गुरु | १०/९ | २०६० | २१६-२१ |
| ११. | गणशेखर शर्मा | डा. ध्रुवचन्द्रप्रति मेरा केही शब्दसमर्पण | १०/९ | २०६० | २२२ |
| १२. | गोपाल अश्क | मैले जानेबुझेको डा. ध्रुवचन्द्र गौतम | १०/९ | २०६० | २२३-२५ |
| १३. | गोपाल पराजुली | आउने मान्छे जसरी पनि आउँछ | १०/९ | २०६० | २२६-२७ |

| क्र.सं. | निबन्धकार | शीर्षक | वर्ष/ अङ्क | प्रकाशन वर्ष | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|---|
| १४. | गोपी सापकोटा | ध्रुवदाइले हिँडिसकेको बाटोमा | १०/९ | २०६० | २२८-२९ |
| १५. | गोविन्दराज विनोदी | शब्दचित्रमा ध्रुवचन्द्र | १०/९ | २०६० | २३० |
| १६. | गोविन्दराज भट्टराई | गजलको राजधानीमा एक मध्यरात | १३/१० | २०६५ | ८-१३ |
| १७. | चङ्की श्रेष्ठ | ध्रुवचन्द्र गौतम नै किन ? | १०/९ | २०६० | २३१-२३४ |
| १८. | चोलेश्वर शर्मा | 'ज्यादा खा लिया' र 'हमदर्दका पचनोल' | ६/४ | २०५७ | ८-११ |
| १९. | जयदेव भट्टराई | लेखेर नबाँचे पनि बाँच्नलाई लेखिरहने | १०/९ | २०६० | २३५-३८ |
| २०. | ज्ञानेन्द्र विवश | आख्यानपुरुषलाई अघाउँजी बधाइ ! | १०/९ | २०६० | ३२१-२४ |
| २१. | डी.आर. पोखरेल | माग्ने संस्कृति | १३/१० | २०६५ | ६९-७१ |
| २२. | डिल्लीराम पराजुली | चितवनको सङ्क्षिप्त परिचय | अङ्क १ | २०५१ | १-७ |
| २३. | तुलसी भट्टराई | डा. गौतम : केही दृष्टिप्रक्षेप | १०/९ | २०६० | २३९-४५ |
| २४. | दामोदर रिजाल | भाषिक मिश्रण : पिजिन र क्रेओट | १३/१० | २०६५ | ५१-५५ |
| २५. | दिनेश गुप्ता | उपन्याससम्राट ध्रुवचन्द्र र वीरगञ्ज | १०/९ | २०६० | २४६ |
| २६. | देवेन्द्र भट्टराई | पलपल बित्यो साठी वर्ष | १०/९ | २०६० | २४७-५० |
| २७. | धनराज गिरी | प्रिया मैले राजीनामा दिएँ | १३/१० | २०६५ | ७२–७४ |
| २८. | ध्रुव सापकोटा | मेरो प्रस्ताव उहाँले मान्नुभएन | १०/९ | २०६० | २५१-५९ |
| २९. | नयनराज पाण्डे | ४७४०६७ | १०/९ | २०६० | २६०-६२ |
| ३०. | नारायणप्रसाद खनाल | मोनिका र क्लिन्टनको प्रणयपीडा | ८/६ | २०५९ | ३३-३५ |
| ३१. | पुरुषोत्तम बस्नेत | मेरो अनुभूतिभित्र डा. ध्रुवचन्द्र गौतम | १०/९ | २०६० | २६३-६५ |
| ३२. | प्रकाश सायमी | आत्मा धरतीमा एउटा अपरिचितजस्तै | १३/१० | २०६५ | १८-२० |
| ३३. | बलदेवशर्मा मजगैयाँ | धर्तीपुत्र | १०/९ | २०६० | २६६-६७ |
| ३४. | बाबुराम लामिछाने | कुतकुतीहरू | ७/५ | २०५८ | १७-२३ |
| ३५. | बाबुराम लामिछाने | कुनै पात्रजस्तै | १०/९ | २०६० | २६८-६९ |
| ३६. | ब्याकुल पाठक | आख्यानपुरुष | १०/९ | २०६० | २७०-७१ |
| ३७. | भाउपन्थी | मेरो शब्दक्यानभासमा डा. ध्रुव | १०/९ | २०६० | २७२-८० |
| ३८. | भुवन ढुङ्गाना | हिजो र आजका ध्रुवदाइ | १०/९ | २०६० | २८१-८३ |
| ३९. | युवराज नयाँघरे | ध्रुवचन्द्र र मेरो अम्मल | १०/९ | २०६० | २८४-८५ |
| ४०. | रमेश गोर्खाली | आगामी अङ्कको आकर्षण | ५/३ | २०५६ | १५-१६ |
| ४१. | रमेश गोर्खाली | ऋतु र ऋतुज्ञानी बन्नुको पीडा | ६/४ | २०५७ | १५-१६ |
| ४२. | राजकृष्ण कँडेल | असल कि ठूलो ? | ५/३ | २०५६ | ५९-६१ |

| क्र.सं. | निबन्धकार | शीर्षक | वर्ष/ अङ्क | प्रकाशन वर्ष | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|---|
| ४३. | राजकृष्ण कँडेल | चितवनको साहित्यिक भविष्य | अङ्क १ | २०५१ | ६१-७२ |
| ४४. | रासा | अध्ययन : एक उत्कृष्ट कार्य | १३/१० | २०६५ | ४९-५० |
| ४५. | राजेन्द्र पराजुली | डाक्टरसाप फ्ल्यासब्याकमा | १०/९ | २०६० | २८६-२८७ |
| ४६. | रामबाबु घिमिरे | निर्मोहीसँग मोह | ६/४ | २०५७ | ४५-४६ |
| ४७. | विनय रावल | माड्साप, ध्रुवचन्द्र र मेरो सहर | १०/९ | २०६० | २८८-९० |
| ४८. | विष्णुविभु घिमिरे | मेरो सम्झनामा ध्रुवचन्द्र | १०/९ | २०६० | २९१-९२ |
| ४९. | शशि भण्डारी | मेरो दाइलाई कुसुमे उपहार | १०/९ | २०६० | २९३-९५ |
| ५०. | शिव अधिकारी | ध्रुवचन्द्रजस्तै ध्रुवचन्द्र | १०/९ | २०६० | २९६-९९ |
| ५१. | शैलेन्द्र साकार | डा. ध्रुवचन्द्र गौतम : मेरो मित्र मेरो शत्रु | १०/९ | २०६० | ३००-३०४ |
| ५२. | श्रीओम श्रेष्ठ 'रोदन' | स्वयम्वार्ता | ९/७ | २०६० | १५-२० |
| ५३. | श्रीओम श्रेष्ठ 'रोदन' | निम्तोपत्र | ९/७ | २०६० | २१-२६ |
| ५४. | श्रीओम श्रेष्ठ 'रोदन' | प्रारम्भ पुन: प्रारम्भ | ९/७ | २०६० | २७-३१ |
| ५५. | श्रीओम श्रेष्ठ 'रोदन' | मूर्ख र मन | ९/७ | २०६० | ३२-३८ |
| ५६. | श्रीओम श्रेष्ठ 'रोदन' | स्वादको भ्रम | ९/७ | २०६० | ३९-४२ |
| ५७. | श्रीओम श्रेष्ठ 'रोदन' | शम्भु राई अर्थात् आरोह-अवरोह | ९/७ | २०६० | ४३-४६ |
| ५८. | श्रीओम श्रेष्ठ 'रोदन' | अर्को अर्थ नलागोस् | ९/७ | २०६० | ४७-५१ |
| ५९. | श्रीओम श्रेष्ठ 'रोदन' | डायरीको एकदिन | ९/७ | २०६० | ५२-५६ |
| ६०. | श्रीओम श्रेष्ठ 'रोदन' | प्रतीक्षाको समय | ९/७ | २०६० | ५७-६२ |
| ६१. | श्रीओम श्रेष्ठ 'रोदन' | लोकका कुरा | ९/७ | २०६० | ६३-६८ |
| ६२. | श्रीओम श्रेष्ठ 'रोदन' | मेरो भ्रम मेरो लेखनी | ९/७ | २०६० | ६९-७३ |
| ६३. | श्रीओम श्रेष्ठ 'रोदन' | हामी र हाम्रो स्वार्थ | ९/७ | २०६० | ७४-८८ |
| ६४. | श्रीओम श्रेष्ठ 'रोदन' | अनुभव र अनुभूति | ९/७ | २०६० | ७८-८३ |
| ६५. | श्रीओम श्रेष्ठ 'रोदन' | हामी जिउँदो बुख्याचा | ९/७ | २०६० | ८४-८८ |
| ६६. | श्रीओम श्रेष्ठ 'रोदन' | मार्फत्-मार्फत्हरू | ९/७ | २०६० | ८९-९५ |
| ६७. | श्रीओम श्रेष्ठ 'रोदन' | आस्था र आडम्बर | ९/७ | २०६० | ९६-१०१ |
| ६८. | श्रीओम श्रेष्ठ 'रोदन' | देश दुखेको खबर | ९/७ | २०६० | १०२-८ |
| ६९. | श्रीओम श्रेष्ठ 'रोदन' | किन लेख्ने मैले ? | १०/९ | २०६० | ३१४-३१६ |
| ७०. | श्रीओम श्रेष्ठ 'रोदन' | हिउँ परेको दिन | १३/१० | २०६५ | २२-२४ |
| ७१. | सनत रेग्मी | मेरा अग्रज, मेरा मित्र : डा. ध्रुवचन्द्र गौतम | १०/९ | २०६० | ३०५-९ |

| क्र.सं. | निबन्धकार | शीर्षक | वर्ष/ अङ्क | प्रकाशन वर्ष | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|---|
| ७२. | सृजन लम्साल | शीर्षआख्यानकार डा. ध्रुवचन्द्र गौतम | १०/९ | २०६० | ३१०-१३ |
| ७३. | हरि अधिकारी | डा. धुव्रचन्द्र गौतम : मेरा गुरु, साथी र सहयात्री | १०/९ | २०६० | ३१७-२० |
| ७४. | हरिहर पौडेल | ओलम्पिया पार्कको साँझ | ५/३ | २०५६ | २१-२३ |
| ७५. | हरिहर पौडेल | त्रियस्त : सम्झनाको बादलभित्रका स्मृतिहरू | ६/४ | २०५७ | १९-२३ |

## ३.१.४ समालोचना/समीक्षा/पुस्तक परिचय

**मधूलिका** पत्रिकाको अङ्क एकदेखि दससम्म प्रकाशित समालोचना/समीक्षा/ पुस्तकपरिचय आदिको सूचीलाई यसप्रकार देखाइन्छ –

| क्र.सं. | समालोचकको नाम | शीर्षक | वर्ष/ अङ्क | प्रकाशन वर्ष | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | अमर न्यौपाने | 'छातीभित्र तिम्रो माया' भित्र एक अनुभूति | ९/८ | २०६० | ४५-४६ |
| २. | इन्द्रबहादुर राई | 'सीताहरू' को पठन : प्रतिक्रिया | १३/१० | २०६५ | ३-४ |
| ३. | एकनारायण पौड्याल | विनिर्माणवादी समालोचना | १३/१० | २०६५ | ६४-६८ |
| ४. | कपिल अज्ञात | नेपाली उखानमा अलङ्कार | ५/३ | २०५६ | ४९-५१ |
| ५. | कपिल अज्ञात | समालोचनाको सान्दर्भिक कृति : सान्दर्भिक समालोचना | ७/५ | २०५८ | ४३ |
| ६. | कपिल अज्ञात | 'मेरो वर्तमानता' को सेरोफेरोमा विनोदीका कवित्वको मापन | १ | २०५१ | २४-३० |
| ७. | कमल भण्डारी | ठोस कविता | ८/६ | २०५९ | ४०-४२ |
| ८. | किशन थापा 'अधीर' | स्वर्गीय हीरादेवीको खोज : समकालीन जीवनको त्रासदी | १०/९ | २०६० | ७३-७७ |
| ९. | कुमार कोइराला | निमित्तनायकको विसङ्गत संसार | १०/९ | २०६० | ६७-७२ |
| १०. | कृष्ण गौतम | नेपाली उपन्यासपरम्परामा एक नौलो आयाम 'डापी' | १०/९ | २०६० | ३९-४९ |

| क्र.सं. | समालोचकको नाम | शीर्षक | वर्ष/ अङ्क | प्रकाशन वर्ष | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|---|
| ११. | कृष्णचन्द्रसिंह प्रधान | ध्रुवचन्द्र गौतमको उपन्यासकारिता | १०/९ | २०६० | १-७ |
| १२. | कृष्णप्रसाद दाहाल | ध्रुवचन्द्र गौतमको सहस्राब्दीको अन्तिम प्रेमकथा अस्तित्व प्रेमको सहीछाप | १०/९ | २०६० | २१२-१५ |
| १३. | कृष्णा पौडेल | अभाव र विसङ्गतिको कथा : एक सहरमा एक कोठा | १०/९ | २०६० | ७८-८० |
| १४. | केशवप्रसाद उपाध्याय | नेपाली नाट्यक्षेत्रमा ध्रुवचन्द्र गौतमको योगदान | १०/९ | २०६० | १६७-१७३ |
| १५. | खगेन्द्रप्रसाद लुइटेल | नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान | १०/९ | २०६० | ८-२४ |
| १६. | खुमनारायण पौडेल | हिमाल रुन्छ : एक अध्ययन | अङ्क १ | २०५१ | ८-१४ |
| १७. | गोपाल गोतामे | डापी उपन्यासबारे एउटा प्रथम पाठकको प्रतिक्रिया | १०/९ | २०६० | ५०-५२ |
| १८. | गोपाल पौडेल | तथाकथितमा प्रतिबिम्बित समसामयिकता | १०/९ | २०६० | १४६-१५० |
| १९. | गोविन्द गिरी 'प्रेरणा' | कथाकार ध्रुवचन्द्र गौतमको कथायात्रा | १०/९ | २०६० | १५१-१६६ |
| २०. | गोविन्दराज भट्टराई | प्रथम उपन्यासका प्रथम पुनर्सर्जक ध्रुवचन्द्र | १०/९ | २०६० | ९३-९६ |
| २१. | घनश्याम उपाध्याय कँडेल | नेपालीमा बिम्बसम्बन्धी मानकग्रन्थ | १०/१३ | २०६५ | १४-१५ |
| २२. | ज्ञानु अधिकारी | 'ब्ल्याकआउट, काजु बदाम र छोरा' कथाको चरित्रविश्लेषण र वस्तुविश्लेषण | १०/१३ | २०६५ | ७९-८२ |
| २३. | ज्ञानु पाण्डे | उपन्यासकार ध्रुवचन्द्र गौतम : विषयमाथिको एक अध्ययन | १०/९ | २०६० | २५-३० |
| २४. | टङ्क भट्टराई | प्रकृतवादी उपन्यासका रूपमा उपसंहार अर्थात् चौथो अन्त्य | १०/९ | २०६० | ८१-८६ |

| क्र.सं. | समालोचकको नाम | शीर्षक | वर्ष/ अङ्क | प्रकाशन वर्ष | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|---|
| २५. | दामोदर रिजाल | मानवीय अस्मिताको खोजी अर्थात् 'नरमेध' कवितासङ्ग्रह | ६/४ | २०५७ | ६५-६६ |
| २६. | दीपकप्रसाद गौतम | नेपाली कथामा प्रयोगको स्वरूप - अन्तहीन युद्ध | ७/५ | २०५८ | ५१ |
| २७. | दीपकप्रसाद गौतम | नयाँ कृतिहरू | ८/६ | २०५९ | ५७-५८ |
| २८. | दीपकप्रसाद गौतम | 'कथोपकथन' मा अभिव्यक्त अन्तर्वस्तु | ९/८ | २०६० | ५१-५४ |
| २९. | दीपकप्रसाद गौतम | उत्तरआधुनिक प्रेम-३ कथाको विश्लेषण | १०/१३ | २०६५ | ८३-८७ |
| ३०. | द्वारिका श्रेष्ठ | नेपाली नाट्यविधाको नयाँ घुम्ती : त्यो एउटा कुरा | १०/९ | २०६० | १७४-१८३ |
| ३१. | नारायणप्रसाद खनाल | 'झ्याउरे कविता डाँफेचरीका झालेपोथी' मा गीतितत्त्वको अध्ययन | ५/३ | २०५६ | २६-२९ |
| ३२. | नारायणप्रसाद खनाल | शिवपञ्चाशिकामा दार्शनिक चेत | ७/५ | २०५८ | २५–२७ |
| ३३. | नेत्र एटम | ध्रुवचन्द्र गौतमका नाटकमा पाइने प्रयोगको स्वरूप | १०/९ | २०६० | १८४-९२ |
| ३४. | पूर्णप्रसाद अधिकारी | 'वैकुण्ठ एक्सप्रेस' एक स्वैरकाल्पनिक विचरण | ५/३ | २०५६ | ३९-४२ |
| ३५. | पूर्णप्रसाद अधिकारी | भस्मासुरको नलीहाडमा प्रतीकप्रयोग | ७/५ | २०५८ | ४५-४६ |
| ३६. | पूर्णप्रसाद अधिकारी | कपिल अज्ञातका कविताहरू एक परिक्रमा | अङ्क १ | २०५१ | ४५-६० |
| ३७. | पूर्णप्रसाद अधिकारी | साहित्यमा स्वैरकल्पना | ६/४ | २०५७ | ५७-५९ |
| ३८. | पूर्णप्रसाद अधिकारी | भौतिकशास्त्रका नोबेल पुरस्कार विजेता | ८/६ | २०५९ | ५५ |
| ३९. | पूर्णप्रसाद अधिकारी | अन्त्यपछिको अन्तर्वस्तु | १०/९ | २०६० | ३१-३३ |
| ४०. | बुद्धिनाथ अधिकारी | समालोचक गोर्खाली : विविध अभिव्यक्ति र प्रवृत्ति | ५/३ | २०५६ | ४४-४६ |
| ४१. | बुद्धिनाथ अधिकारी | बालसाहित्यको उत्कृष्ट नमुना : आँखाका नानी | ७/५ | २०५८ | ४७-४८ |

| क्र.सं. | समालोचकको नाम | शीर्षक | वर्ष/ अङ्क | प्रकाशन वर्ष | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|---|
| ४२. | बुद्धिनाथ अधिकारी | मान्छेको कथा र बलिदानको व्यथाको प्रस्तुति 'अज्ञात प्रारम्भ' | ६/४ | २०५७ | ६७-६८ |
| ४३. | माधवप्रसाद पोखेल | अलिखित उपन्यासको रचनाशिल्प | १०/९ | २०६० | ६१-६६ |
| ४४. | मोहनराज शर्मा | दुविधाभित्रका ध्रुवचन्द्र गौतम | १०/९ | २०६० | ८७-९२ |
| ४५. | रमेश गोर्खाली | 'दुखान्त नाटकको सिर्जनपरम्परा' जीवनवादी गम्भीर अर्थबोध | ८/६ | २०५९ | २२-२८ |
| ४६. | रमेश गोर्खाली | सहस्राब्दीको अन्तिम प्रेमकथाको अभिव्यञ्जनात्मक मूलपाठ | १०/९ | २०६० | १२४-१३१ |
| ४७. | रमेश प्रभात | बालुवामाथि उपन्यास : दृष्टिविविधताका केन्द्रीयतामा | १०/९ | २०६० | ३४-३८ |
| ४८. | रमेश प्रभात | सरुभक्तको 'चुली' : नेपाली मनको चुली | ९/८ | २०६० | ४८-५० |
| ४९. | राजेन्द्र सुवेदी | केही मूलभूत बुँदाहरूका आधारमा कट्टेलसरको चोटपटक उपन्यास | १०/९ | २०६० | ५३-६० |
| ५०. | रोशन थापा 'नीरव' | मौनभित्रका विस्फोटहरू | १०/९ | २०६० | १३२-१४५ |
| ५१. | लक्ष्मणप्रसाद गौतम | चितवनको निबन्धविधा एक सङ्क्षिप्त अवलोकन | अङ्क १ | २०५१ | ३१-३६ |
| ५२. | लक्ष्मणप्रसाद गौतम | इन्द्रबहादुर राईको 'महारुदन' सूत्रसमालोचनात्मक आरेख | ५/३ | २०५६ | ३१-३४ |
| ५३. | लक्ष्मणप्रसाद गौतम | नरसिंह अवतार : सूत्रसमालोचनात्मक आरेख | ६/४ | २०५७ | २५-३५ |
| ५४. | लक्ष्मणप्रसाद गौतम | उत्तरआधुनिकतावाद : सङ्क्षिप्त पर्यवलोकन | ७/५ | २०५८ | ११-१३ |
| ५५. | लक्ष्मणप्रसाद गौतम | औपन्यासिक नवप्रयुक्तिका रूपमा बाढी र यसको आनुभवन्यासिक विश्लेषण | १०/९ | २०६० | १०३-१२३ |

| क्र.सं. | समालोचकको नाम | शीर्षक | वर्ष/ अङ्क | प्रकाशन वर्ष | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|---|
| ५६. | लक्ष्मणप्रसाद गौतम | उत्तरआधुनिकता/ उत्तरआधुनिकतावादको सैद्धान्तिक स्वरूप | १३/१० | २०६५ | २५-३३ |
| ५७. | लीलामणि भट्टराई | निर्जीव निबन्धहरूमा रूपसंरचनावादी पठन | अङ्क १ | २०५१ | १५-२१ |
| ५८. | लीला लुइटेल | शिल्पसंयोजनको नवीनताका दृष्टिले फूलको आतङ्क | १०/९ | २०६० | ९७-१०२ |
| ५९. | शङ्करप्रसाद गौतम | पूर्वीय वाङ्मयवाद अर्थात् ओरिएन्टालिज्म : सङ्क्षिप्त चर्चा | ८/६ | २०५९ | ५०-५१ |
| ६०. | शङ्करप्रसाद गौतम | समकालीन द्वन्द्वकथालाई अभिघातले हेर्दा | १०/१३ | २०६५ | ९७-१०१ |
| ६१. | शालिकराम ढकाल | समसामयिकताको फोटोग्राफी : कालो उज्यालो | १०/१३ | २०६५ | ११५-११७ |
| ६२. | सिन्धु गौतम | 'मरूद्यान' कवितासङ्ग्रहको सङ्क्षिप्त समीक्षा | १०/१३ | २०६५ | १०५-६ |
| ६३. | हरिप्रपन्नाचार्य | लीलामणि भट्टराईका कविताप्रतिको एक दृष्टि | अङ्क १ | २०५१ | ३७-४४ |

## ३.१.५ लोकसाहित्य

**मधूलिका** पत्रिकाको अङ्क एकदेखि दससम्म प्रकाशित लोकसाहित्यिक सामग्रीहरूको सूचीलाई यसप्रकार देखाइन्छ –

| क्र.सं. | रचनाकारको नाम | शीर्षक | वर्ष/ अङ्क | प्रकाशन वर्ष | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | केदारनाथ खनाल | लोकसाहित्यमा मालश्री रत्यौली : लोकसंस्कृतिको एउटा पक्ष | ९/८ | २०६० | ३८-४२ |
| २. | केदारनाथ खनाल | लोकसाहित्य र लोकगीत : एक परिचय | १३/१० | २०६५ | ५६-६३ |
| ३. | चूडामणि बन्धु | लोकनाटकका सन्दर्भमा मारुनी र सोरठी | ५/३ | २०५६ | ५–१४ |
| ४. | शोभाकान्त गौतम | लोकचक्रसम्बन्धी लोकगीतहरू : सन्दर्भ गण्डकी सेरोफेरो | ७/५ | २०५८ | ३५-४२ |

## ३.१.६ अनुवादसाहित्य र विश्वसाहित्य – अन्य

**मधूलिका** पत्रिकाको एक अङ्कदेखि दस अङ्कसम्म प्रकाशित अनुवादसाहित्य/विश्वसाहित्यसँग सम्रुबद्ध सामग्रीहरूको सूचीलाई यसप्रकार देखाइन्छ –

| क्र.सं. | लेखकको नाम | शीर्षक | वर्ष/अङ्क | प्रकाशन वर्ष | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | कमल भण्डारी | आधुनिक मिथक (अनुवादसाहित्य) | ७/५ | २०५८ | ४९-५० |
| २. | लक्ष्मणप्रसाद गौतम | परम्परित पितृसत्तात्मक समाजमा नारी (अनुवादसाहित्य) | ८/६ | २०५९ | ३०-३२ |
| ३. | श्रीधर शर्मा | फ्रान्त्स काफ्का (विश्वसाहित्य) | ८/६ | २०५९ | ५२-५३ |

## ३.१.७ विविध (कविता-कला चर्चा/व्यक्तिव्यक्तित्व/अन्तर्वार्ता)

**मधूलिका** पत्रिकाको अङ्क एकदेखि दससम्म प्रकाशित विविध सामग्रीहरूको सूचीलाई यसप्रकार देखाइन्छ –

| क्र.सं. | लेखकको नाम | शीर्षक | वर्ष/अङ्क | प्रकाशन वर्ष | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | अभि सुवेदी (वार्तानायक) | साहित्यलाई अब पूरै नयाँ ढङ्गले व्याख्या गर्ने समालोचक चाहिएको छ । (अन्तर्वार्ता) | ७/५ | २०५८ | ३-४ |
| २. | गोपाल अश्क | भोजपुरी कला र कौशल सङ्क्षिप्त परिचय (कलाचर्चा) | | | |
| ३. | गोविन्दराज विनोदी | कला, आफ्नै अनुभूतिको वृत्तमा (कविताकला चर्चा) | ५/३ | २०५६ | ५३-५४ |
| ४. | गोविन्दराज विनोदी | चित्रकला र कविता : केही सन्दर्भ (कविताकला चर्चा) | ६/४ | २०५७ | ८४-८५ |
| ५. | परशु प्रधान (वार्तानायक) | 'रचनागर्भ' साहित्यिक विधाको विसंरचनाको रूप हो (अन्तर्वार्ता) | ९/८ | २०६० | ३-१६ |
| ६. | सनत रेग्मी (वार्तानायक) | मेरा कथाहरू यथार्थका धेरै नजिक छन् (अन्तर्वार्ता) | ८/६ | २०५९ | ३-७ |
| ७. | सम्पादकका तर्फबाट | सार्थक व्यक्तित्व : गणशेखर शर्मा (व्यक्तित्वपरिचय) | ७/५ | २०५८ | ५३-५४ |

## ३.१.८ वाङ्मय प्रतिष्ठानवृत्त/सम्पादकीय

चितवन वाङ्मय प्रतिष्ठानको मुखपत्रका रूपमा चितवन वाङ्मय प्रतिष्ठानबाट प्रकाशित **मधूलिका**का विभिन्न अङ्कमा विभिन्न सम्पादकीय लेख, चितवन वाङ्मय प्रतिष्ठानवृत्त, सम्पादकको कलम प्रतिष्ठान गतिविधि : प्रतिष्ठानको भन्नु, एक दशकको यात्रा जस्ता लेखहरूले **मधूलिका**को लक्ष्य तथा उद्देश्यका बारेमा प्रष्ट पार्ने काम गरेका छन् । यस पत्रिकाका विभिन्न अङ्कमा लेखिएका यस्ता सन्दर्भलाई प्रकाशनको क्रमअनुसार तल उल्लेख गरिएको छ ।

| क्र.सं. | शीर्षक | वर्ष/ अङ्क | प्रकाशन वर्ष | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|
| १. | सम्पादकीय | | २०५२ | २ |
| २. | चितवन वाङ्मय प्रतिष्ठानवृत्त | ५/३ | २०५६ | ६५-६७ |
| ३. | सम्पादकको कलम | ५/३ | २०५६ | ७० |
| ४. | प्रतिष्ठान गतिविधि | ६/४ | २०५७ | ८३ |
| ५. | प्रतिष्ठानको भन्नु | ६/४ | २०५७ | ८७ |
| ६. | प्रतिष्ठानवृत्त | ७/५ | २०५८ | ५९ |
| ७. | नेपाली काव्यचेतनाको यात्रा | ७/५ | २०५९ | ६० |
| ८. | प्रतिष्ठानवृत्त | ८/६ | २०५९ | ६३ |
| ९. | पाठकीय सचेतता | ८/६ | २०६० | ६४ |
| १०. | चितवन वाङ्मय प्रतिष्ठानका प्रकाशनहरू | ९/८ | २०६० | ५८-५९ |
| ११. | साहित्य र समय | ९/८ | २०६० | ६० |
| १२. | विशेषाङ्कको पाइलो (सम्पादकीय) | ९/७ | २०६० | – |
| १३. | प्रतिष्ठानवृत्त | ९/७ | २०६० | – |
| १४. | एक दशकको यात्रा | १०/९ | २०६० | – |
| १५. | पठन संस्कृति | १३/१० | २०६५ | ११२-११३ |

## ३.१.९ सम्पादकहरूको विवरणात्मक सूची

चितवन वाङ्मय प्रतिष्ठानको मुखपत्रका रूपमा चितवन वाङ्मय प्रतिष्ठानबाट प्रकाशित **मधूलिका**मा विभिन्न अङ्कमा विभिन्न सम्पादन, कार्यकारी सम्पादक, व्यवस्थापक आदिको व्यवस्था गरिएको छ । वर्ष १३ अङ्क १० सम्म प्रकाशित यस पत्रिकाको सम्पादन व्यवस्थामा एकरूपता देखिँदैन । यसक्रममा लीलामणि भट्टराई, खुमनारायण पौडेल, लक्ष्मणप्रसाद गौतम, हरिहर पौडेल आदि प्रधानसम्पादक रहेका छन् भने कार्यकारी सम्पादकमा खुमनारायण पौडेल, लक्ष्मणप्रसाद गौतम, दीपकप्रसाद गौतम रहेका छन् । यसको सम्पादन, व्यवस्थापन आदि सम्पूर्ण विवरणात्मक सूची तल उल्लेख गरिएको छ ।

### ३.१.९.१ प्रधानसम्पादक

| क्र.सं. | प्रधान सम्पादक | वर्ष | अङ्क | प्रकाशन वर्ष | कैफियत |
|---|---|---|---|---|---|
| १. | लीलामणि भट्टराई | १ | १ | २०५१ | – |
| २. | लीलामणि भट्टराई | २ | २ | २०५२ | – |
| ३. | लक्ष्मणप्रसाद गौतम | ५ | ३ | २०५६ | – |
| ४. | खुमनारायण पौडेल | ६ | ४ | २०५७ | – |
| ५. | खुमनारायण पौडेल | ७ | ५ | २०५८ | – |
| ६. | खुमनारायण पौडेल | ८ | ६ | २०५९ | – |
| ७. | – | ९ | ८ | २०६० | सामूहिक सम्पादन |
| ८. | खुमनारायण पौडेल | ९ | ७ | २०६० | – |
| ९. | खुमनारायण पौडेल | १० | ९ | २०६० | – |
| १०. | लक्ष्मणप्रसाद गौतम, हरिहर पौडेल | १३ | १० | २०६५ | – |

### ३.१.९.२ कार्यकारी सम्पादक

| क्र.सं. | कार्यकारी सम्पादक | वर्ष | अङ्क | प्रकाशन वर्ष | कैफियत |
|---|---|---|---|---|---|
| १. | – | १ | १ | २०५१ | – |
| २. | – | २ | २ | २०५२ | – |
| ३. | खुमनारायण पौडेल | ५ | ३ | २०५६ | – |
| ४. | लक्ष्मणप्रसाद गौतम | ६ | ४ | २०५७ | – |
| ५. | लक्ष्मणप्रसाद गौतम | ७ | ५ | २०५८ | – |
| ६. | लक्ष्मणप्रसाद गौतम | ८ | ६ | २०५९ | – |
| ७. | लक्ष्मणप्रसाद गौतम | ९ | ७ | २०६० | – |
| ८. | – | ९ | ८ | २०६० | सामूहिक सम्पादन |
| ९. | लक्ष्मणप्रसाद गौतम | १० | ९ | २०६० | – |
| १०. | दीपकप्रसाद गौतम | १३ | १० | २०६५ | – |

## ३.१.१० सह–सम्पादक

| क्र.सं. | सह–सम्पादक | वर्ष | अङ्क | प्रकाशन वर्ष | कैफियत |
|---|---|---|---|---|---|
| १. | – | १ | १ | २०५१ | – |
| २. | – | २ | २ | २०५२ | – |
| ३. | हरिहर पौडेल | ५ | ३ | २०५६ | – |

| क्र.सं. | सह–सम्पादक | वर्ष | अङ्क | प्रकाशन वर्ष | कैफियत |
|---|---|---|---|---|---|
| ४. | हरिहर पौडेल | ६ | ४ | २०५७ | – |
| ५. | हरिहर पौडेल | ७ | ५ | २०५८ | – |
| ६. | हरिहर पौडेल | ८ | ६ | २०५९ | – |
| ७. | हरिहर पौडेल | ९ | ७ | २०६० | – |
| ८. | – | ९ | ८ | २०६० | सामूहिक सम्पादन |
| ९. | – | १० | ९ | २०६० | – |
| १०. | गोपाल पौडेल | १३ | १० | २०६५ | – |

## ३.१.११ अन्य व्यवस्थापन आदि

| क्र.सं. | अन्य व्यवस्थापक | प्रकार | वर्ष | अङ्क | प्रकाशन वर्ष |
|---|---|---|---|---|---|
| १. | – | – | १ | १ | २०५१ |
| २. | – | – | २ | २ | २०५२ |
| ३. | बुद्धिनाथ अधिकारी | सम्पादक समूह | ५ | ३ | २०५६ |
| | लीलामणि भट्टराई | सम्पादक समूह | ५ | ३ | २०५६ |
| | मीन अधिकारी | सम्पादक समूह | ५ | ३ | २०५६ |
| | पूर्णप्रसाद अधिकारी | वितरण व्यवस्थापन | ५ | ३ | २०५६ |
| | प्रकाश थापा | कला | ५ | ३ | २०५६ |
| ४. | बुद्धिनाथ अधिकारी | सम्पादक समूह | ६ | ४ | २०५७ |
| | लीलामणि भट्टराई | सम्पादक समूह | ६ | ४ | २०५७ |
| | दीपकप्रसाद गौतम | सम्पादक समूह | ६ | ४ | २०५७ |
| | प्रकाश थापा | कला | ६ | ४ | २०५७ |
| ५. | बुद्धिनाथ अधिकारी | सहायक-सम्पादक | ७ | ५ | २०५८ |
| | दीपकप्रसाद गौतम | सहायक-सम्पादक | ७ | ५ | २०५८ |
| | प्रकाश थापा | कला | ७ | ५ | २०५८ |
| ६. | दीपकप्रसाद गौतम | सम्पादक | ८ | ६ | २०५९ |
| | बुद्धिनाथ अधिकारी | सम्पादक | ८ | ६ | २०५९ |
| | प्रकाश थापा | कला | ८ | ६ | २०५९ |
| ७. | दीपकप्रसाद गौतम | सम्पादक | ९ | ७ | २०६० |
| | बुद्धिनाथ अधिकारी | सम्पादक | ९ | ७ | २०६० |
| | प्रकाश थापा | कला | ९ | ७ | २०६० |

| क्र.सं. | अन्य व्यवस्थापक | प्रकार | वर्ष | अङ्क | प्रकाशन वर्ष |
|---|---|---|---|---|---|
| ८. | दीपकप्रसाद गौतम | सम्पादन सहयोगी | ९ | ८ | २०६० |
| | बुद्धिनाथ अधिकारी | सम्पादन सहयोगी | ९ | ८ | २०६० |
| | खुमनारायण पौडेल | सम्पादक | ९ | ८ | २०६० |
| | हरिहर पौडेल | सम्पादक | ९ | ८ | २०६० |
| | लक्ष्मणप्रसाद गौतम | सम्पादक | ९ | ८ | २०६० |
| | प्रकाश थापा | कला | ९ | ८ | २०६० |
| ९. | द्वारिका श्रेष्ठ | सल्लाहकार | १० | ९ | २०६० |
| | मोहनराज शर्मा | सल्लाहकार | १० | ९ | २०६० |
| | सनत रेग्मी | सल्लाहकार | १० | ९ | २०६० |
| | शशि भण्डारी | सल्लाहकार | १० | ९ | २०६० |
| | गोपाल पौडेल | व्यवस्थापन सहयोगी | १० | ९ | २०६० |
| | दीपकप्रसाद पौडेल | व्यवस्थापन सहयोगी | १० | ९ | २०६० |
| | बुद्धिनाथ अधिकारी | व्यवस्थापन सहयोगी | १० | ९ | २०६० |
| | रोशन थापा 'नीरव' | अतिथि व्यवस्थापन | १० | ९ | २०६० |
| | प्रकाश थापा | कला | १० | ९ | २०६० |
| १०. | अमर न्यौपाने | कला | १३ | १० | २०६५ |
| | एकनारायण पौडेल | सम्पादन समूह | १३ | १० | २०६५ |
| | ज्ञानु अधिकारी | सम्पादन समूह | १३ | १० | २०६५ |
| | बुद्धिनाथ अधिकारी | सम्पादन समूह | १३ | १० | २०६५ |
| | सामना पहाड | सम्पादन समूह | १३ | १० | २०६५ |

# चौथो परिच्छेद
# 'मधूलिका' पत्रिकामा प्रकाशित रचनाहरूको विश्लेषण

## ४.१ मधूलिका पत्रिकामा प्रकाशित कविताहरूको विश्लेषण

### ४.१.१ विषयप्रवेश

'कवि शब्द वर्णन गर्नु भन्ने अर्थ बुझाउने 'कव्' धातुमा 'इ' (इन्) प्रत्यय वा 'कु' धातुमा 'अ' (अच्) 'इ' प्रत्यय लागेर बनेको हो । साहित्यका विभिन्न विधामध्ये कविता एक पुरानो विधा हो । यस शब्दले काव्य सिर्जना गर्ने व्यक्तिलाई पनि बुझाउँछ । मानव सभ्यताको विकासक्रममा भाषाको सम्प्राप्तिसँगै प्राचीन लोकगीत, गाथा र गाथाचक्रका क्रमिक शृङ्खला हुँदै कविताको प्रारूप विकसित भयो । भाषिक श्रव्यकलाका रूपमा गीतगाथामार्फत् कविताको प्रारूप जन्म भएको मानिन्छ ।'[१] पूर्वीय साहित्यमा सर्वप्रथम भरतमुनिले कविताको परिभाषा दिएका छन् । उनका अनुसार 'गुढ शब्दार्थहीन कोमल र ललित विन्यासयुक्त सुबोध, सङ्गीतात्मक र रसात्मक रचना नै काव्य हो ।'[२] एरिस्टोटलका अनुसार 'आदर्शको प्रतिनिधित्व रूप कविता हो'[३] नेपाली साहित्यका कवि बालकृष्ण समले 'भावनाको बौद्धिक कोमलता कविता हो'[४] भनेका छन् । 'मानवीय संवेदनालाई सशक्त बनाउने कविताविधाका आधारभूत अभिलक्षणलाई मोटामोटी लयात्मक अन्तर्विकास, विधागत आयामविस्तार र धारा परिवर्तनजस्ता पक्षहरू रहेको देखिन्छ'[५] जसले गर्दा कविताविधा अन्य विधाबाट फरक देखिन्छ ।

---

१ वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता**, भाग ४, (ललितपुर : साझा प्रकाशन, २०४६), पृ. १-४ ।

२ खगेन्द्रप्रसाद लुइटेल र अन्य, **नेपाली कवि र कविता**, (काठमाडौं : विभुऋभु प्रकाशन, २०५८), पृ. ३ ।

३ ऐजन, पृ. ३-४ ।

४ वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता**, पूर्ववत् ।

५ मुक्तराज उपाध्याय, **नेपाली साहित्यमा अभिव्यक्ति पत्रिकाको योगदान**, (काठमाडौं : अभिव्यक्ति छापाखाना, २०५१), पृ. ३१ ।

'नेपाली कविताका सन्दर्भमा कवि सुवानन्ददासद्वारा लेखिएको *पृथ्वीनारायण शाह* शीर्षकको कविता नै नेपालीको हालसम्मको प्राप्त पहिलो कविता हो ।'[६] वर्तमान अवस्थामा नेपाली कविताले झन्डै साँढे दुई शताब्दी लामो यात्रा पार गरिसकेको छ । विभिन्न युग, मोड र धाराहरूलाई छिचोलेर यसले वर्तमान आधुनिक समसामयिक युगमा प्रवेश गरेको छ ।

कविले मनको भाव कविताका माध्यमद्वारा व्यक्त गर्दछ र उसले सर्वप्रथम पत्रिकामार्फत् नै प्रस्तुत गर्दछ । अभिव्यक्ति प्रकाशनका दृष्टिले साहित्यमा पत्रपत्रिकाको देन अत्यन्त महत्त्वपूर्ण देखिन्छ । कविता प्रकाशन गर्ने क्रममा नेपाली साहित्यलाई **मधूलिका** पत्रिकाले पनि गुन लगाएको छ । दोस्रो अङ्क २०५२ बाट कविताहरू प्रकाशन हुन थालेर २०६५ सालसम्म नै यस पत्रिकामा कविताहरू प्रकाशित छन् । यस अवधिमा प्रगीतात्मक संरचनामा लेखिएका दुईसय फुटकर कविता, गीत, गजलहरू प्रकाशित भएका छन् । यसमा प्रथम र तृतीय दुवै दृष्टिबिन्दु प्रयोग गरेर लेखिएका कविता छन् । देश जटिल अवस्थामा गुज्रिएकोले त्यस समयमा लेखिएका कविताहरूमा तत्कालीन परिस्थितिको चित्रण पाइएको छ । यसमा रहेका विशेष कविताहरूमा वनमाली निराकारको *त्रिभुजभित्रको जनता,* धर्मेन्द्रविक्रमनेम्बाङ्को *विस्थापित घुच्यानबारीको गाउँ* रङ्ग कविता, सरुभक्तको *गाउँकथा,* सरस्वती रिजालको *नारीअस्मिता*जस्ता कविताहरू प्रभावपूर्ण छन् । यहाँ भएका कवितामा सरलताको चित्रण मानवीय प्रवृत्तिको यथार्थ उद्घाटन, राष्ट्रियताबोधको अभिव्यक्ति, मानवीय पीडा, व्यथा, मातृभूमिप्रतिको अगाध प्रेमको अभिव्यक्ति आदि रहेका छन् भने भ्रष्ट नेताको यथार्थचित्रण, मानवताको तिलाञ्जलि दिएकाले अस्मिताको खोजी गर्नुपर्नेजस्ता कुराहरू पनि व्यक्त छन् ।

## ४.१.२ कविताको वस्तुविश्लेषण

**मधूलिका** पत्रिकामा विविध भाव र विषयवस्तुका कविताहरू छन् । तिनमा अच्यूत घिमिरेको *उज्याला आशाहरू* (८/६, २०५९) शीर्षकको गद्यकवितामा मनोबिम्बहरूको मृगतृष्णा, क्षितिज वारिपारि जहाँ भए पनि नहराउने कुरा व्यक्त गरिएको छ । त्यस्तै अच्यूतरमण अधिकारको *भागेर हेर्छौं* (५/३, २०५६) शीर्षकको गीतिलयमा रचित कवितामा राष्ट्रप्रेमको भावना अभिप्रेरित छ भने उनकै *हाम्रो उही हो गति* (६/४, २०५७) शीर्षकको कवितामा झन्डाको अर्थात् राष्ट्रियताको भावना देखाएर झूटो भाषण गरेर जनता झुक्याउने हाम्रा देशका भ्रष्ट नेताको यथार्थ चित्रण गरिएको छ । उक्त कवितामा क्रान्तिबिम्बको प्रयोग छ । त्यसरी नै अरुणविलास अधिकारीको *अपूर्ण वर्तमान* (७/५, २०५८) शीर्षकको गद्यकवितामा देशमा प्रजातन्त्र विपरीत भाव, गरिबको निमेक, नेतालाई पार्टी, सांसदलाई संसदको मात्र ध्यान भएका, गरिबी र पछौटेपनको पत्तै नभएको कुरा व्यक्त गर्दै वर्तमान समय पनि अपूर्ण भएको देखाइएको छ भने उनकै *अस्तित्वको खोजी* (६/४, २०५७) गद्यकवितामा मानवतालाई तिलाञ्जलि दिइएकोले अस्मिताको खोजी गरी मातृभूमिको ऋण चुकाउनुपर्ने कुरा व्यक्त गरिएको छ । त्यस्तै अविनाश श्रेष्ठको *टोपी* (८/६, २०५९) शीर्षकको कवितामा

६ ऐजन ।

टोपीमा उच्चताको प्रतीक र प्रतिष्ठाको प्रतीक मानेर व्याख्या गरिएको छ र आजका मान्छेले आफ्नो टोपी अर्थात् प्रतिष्ठा र उच्चतालाई जोगाउन र कायम गर्न नसकेको कुरालाई सङ्केत गरी व्यङ्ग्य पनि गरिएको छ । आर्.एम्. डङ्गोलको *यतिखेर हल्लाहरू* (६/४, २०५७) शीर्षकको गद्यकवितामा हल्लाका भीडहरू विजयी हुने, गह्वङ्गा आश्वासन दिने, तर सामान्य जनता भोक, रोग र शोकबाट पीडित छन् तैपनि हल्लाको पछाडि दौडिरहेका छन् भन्ने कुराको अभिरेखाङ्कन गरिएको छ । त्यस्तै इन्द्रप्रसाद भट्टराईको *गजल* (७/५, २०५८) शीर्षकमा प्रेयसीसँग प्रेमको गुनासो पोख्दै दुःखजति आफ्नै भागमा पर्न लागेको निराशावादी स्वर व्यक्त गरिएको छ । त्यसरी नै ऋषिप्रसाद लामिछानेको *गजल* (९/८, २०६०) शीर्षकको गजलमा प्रणयपरक भावको अभिव्यक्ति प्रकट गरिएको छ । त्यस्तै एकनारायण पौडेलको *भ्याङ* (५/३, २०५६) शीर्षकको गद्यकवितामा विसङ्गतिमूलक कुराप्रति लक्ष्य गर्दै राष्ट्रका नेतालाई लक्ष्य गरी लेखिएको स्वर्ग भनी कुर्सी प्राप्तिका लागि भनिएको ममवादबाट अभिप्रेरित नेताको प्रवृत्तिप्रति लक्षियत छ । त्यसरी नै उनको अर्को *गजल* (६/४, २०५७) मा विरह-वेदनामूलक एवम् निराशाजनक अभिव्यक्ति पाइन्छ । त्यस्तै एल्.बी. गाउँलेको *देखेदेखेजस्तो लाग्छ* (५/३, २०५६) शीर्षकको गद्यलयमा लेखिएको कवितामा नेताहरूको घुम्ने मेचप्रतिको मोह र जनताप्रति अनुत्तरदायी भएको, लोभी र पापीले देश बिगारेको कुरा व्यक्त गरिएको छ ।

कपिल अज्ञातको *व्यापारी* (८/६, २०५९) शीर्षकको गद्यकवितामा राष्ट्रसेवामा लागिपर्ने एकातिर थन्किएका छन् भने देशको स्वतन्त्रताको लिलाम गर्ने नागरिक ग्राहक बनेका राजनैतिक व्यापारीप्रतिको व्यङ्ग्य छ भने उनकै *मान्छेको बजारमा दासता* (६/४, २०५७) मान्छेमा देखिएको दासमनोवृत्ति, उदासीनता र कुनैमा देखिएको पदासीनताको साथै विशेषगरी दासमनोवृत्तिको यथार्थ चित्रण गरिएको छ । यसमा घनात्मक बिम्बको प्रयोग गरिएको छ । त्यस्तै कपिल निराशीको *उनको माया* (८/६, २०५९) शीर्षकको गीतमा आफ्नी मायालु र जूनबीच समीकरण गरी प्रणयपरकताको भाव छचल्किएको देखाइएको छ । त्यस्तै कमल भण्डारीको *वसन्तको प्रतीक्षा* (९/८, २०६०) शीर्षकको गद्यकवितामा देशमा भएको विकृति-विसङ्गतिलाई हटाई देशमा शान्तिको कल्पना गर्दै वसन्तको आगमनको प्रतीक्षा गरिएको छ । त्यसैगरी कल्पना कँडेलको *प्रेमका गीतहरू* (५/३, २०५६) शीर्षकको गद्यकवितामा प्रेमप्रणयपरकताको भाव अभिव्यक्त गर्दै स्वतन्त्र विचरणको परिकल्पना गरिएको छ । त्यस्तै किसानप्रेमीको *गजल* (१३/१०, २०६५) शीर्षकमा साहित्यकारहरूमा आर्थिक अभाव भए पनि शब्दको भकारी मुरीका मुरी हुन्छन् भन्ने कुरा व्यक्त गरिएको छ ।

कृष्ण कँडेलको *मुक्तक* (५/३, २०५६) मा प्रणयपरक भाव अभिव्यक्त छ भने उनकै *फूलहरू* (६/४, २०५७) शीर्षकको कवितामा गाण्डिव धनु उचालेर शान्तिको उद्घोष गर्नुपर्ने कुरा उल्लख गर्दै शान्ति, कोमलता, स्नेह, मातृत्वको विरुद्ध असल व्यक्ति असल नै हुन्छ र त्यस्तै व्यक्तिको जीत हुने कुरा उल्लेख गरिएको छ । यसमा प्राकृतिक बिम्बको प्रयोग गरिएको छ । त्यसरी नै उनको अर्को *परिवर्तन* (७/५, २०५८) शीर्षकको कवितामा नेताहरूले मीठा सपना दिएर बखान गर्नुको सट्टा केही परिवर्तन गर्ने कुरामा जोड दिनुपर्ने र नेताहरूले स्वार्थी प्रवृत्ति त्यागेर देश र जनताका लागि केही परिवर्तन गर्नुपर्ने भाव व्यक्त गरिएको छ । त्यस्तै

कृष्ण प्रसाईंको *सेवारो है सेवारो* (१३/१०, २०६५) कवितामा खास गरेर जातीय सांस्कृतिक चेतना प्रस्तुत गर्दै धर्म, जाति, संस्कृति आदिबाट माथि उठेर मानवीय भावना गाँस्नुपर्ने कुरा अभिव्यक्त छ । यस कवितामा लिम्बु संस्कृतिका माध्यमबाट युगीन चेतना प्रस्तुत गरिएको छ । यो कविता लामो संरचनामा लेखिएको छ । जातीय सांस्कृतिक बिम्ब र मिथकको प्रयोग छ ।

कृष्ण 'अभिलाषी' को *जीवनभन्दा धेरै लामो* (६/४, २०५७) शीर्षकको गद्यकवितामा विसङ्गतिवादी सोच राख्दै जीवनमा इच्छाभन्दा लक्ष्य टाढा रहेको भावना व्यक्त गरिएको छ । त्यस्तै उनको *अनन्त प्रतीक्षा* (८/६, २०५९) शीर्षकमा एउटी प्रेमिका एक आगन्तुकको स्वागतार्थ आतुर हुँदै विपनामा भेट नभए पनि सपनामा भेट्नको लागि आगमनको प्रतीक्षामा बसेको कुरा व्यक्त गरिएको छ । कृष्णा पौडेलको *गीत* (६/४, २०५७) शीर्षकमा गन्तव्य बिर्सिएर हिँड्दा दु:खहरूबाट पार गर्न नसकेर नियतिले धोका दिएको कुरा र ठूलो आकाङ्क्षा लिएर हिँड्दा दोबाटोमा नै गाली खाएको र अन्त्य भएको कुरा अभिव्यक्त छ भने *म तिमीभित्र नै छु हैन ?* (७/५, २०५८) शीर्षकको गीतमा प्रेमीप्रेमिकाको मिलनमा भएको सुखद अनुभूति अभिव्यक्त गरिएको छ । यसमा यौनबिम्बको प्रयोग गरिएको छ । त्यस्तै कृष्णबहादुर भण्डारीको *हुन्छ कल्याण देशको* (५/३, २०५६) शीर्षकको छन्दोबद्ध कवितामा नेताको स्वार्थी प्रवृत्तिले देश बिग्रेको र देशलाई सुधार्न नयाँ प्रविधि ल्याएर ज्ञान सीप दिएर, देशको भलाइको लागि सपथ खाएर अघि बढे देशको लागि कल्याण हुने कुरा व्यक्त गरिएको छ । त्यस्तै कृष्णहरि बरालको *गीत* (५/३, २०५६) शीर्षकमा अभावैअभावमा जिन्दगी बितेको र समस्या समाधानको उपाय नहुने कुराप्रति शङ्का व्यक्त गरिएको छ भने उनको अर्को *गीत* (७/५, २०५८) शीर्षकमा प्राकृतिक बिम्बको प्रयोग गरिएको छ । उक्त गीतमा प्रणयपरक अभिव्यक्ति र भावुक मनोभावना अभिव्यक्त छ । त्यस्तै कृष्ण सुदामाको *गजल* (८/६, २०५९) शीर्षकमा षड्यन्त्र र तनावमा बाँच्नुपर्ने अवस्थामा रहेको भन्दै जाँगरिला हातहरू राम्रो कर्ममा भन्दा नराम्रो कर्ममा उद्यत रहेको कुरा उल्लेख छ । उक्त गजल सोझासिधा मानवप्रति लक्षियत व्यङ्ग्यपरक गजल हो ।

के.एल्. शर्माको *तिमी आफैं भन प्रिये* (८/६, २०५९) शीर्षकको गीतिलयमा रचित गीतमा जिन्दगीको गोरेटोमा कसैलाई रोजेको तर व्यक्त गर्न नसकेर पीडित भएको मनोभाव व्यक्त गर्दै अतीतको सम्झनाले पीडित मनोभाव अभिव्यक्तिमा स्मृतिबिम्बको प्रयोग गर्दै व्यक्त गरिएको छ । त्यस्तै केदारनाथ खनालको *गुड्थ्यो पजेरो किन ?* (५/३, २०५६) शीर्षकको छन्दोबद्ध कवितामा नेताहरूले देश विकास गर्ने प्रण बोकेर हिँडे पनि कुर्सीमा पुग्न गिद्धे आँखा लगाउने र पुगेपछि आफ्नो स्वार्थी प्रवृत्ति र अनैतिक भएका कारण जनतालाई भोको र नाङ्गो जनताप्रति अनुत्तरदायी बनेको कुरा अभिव्यक्त छ । त्यस्तैगरी केशवराज आमोदीको *कविता-वनिता* (९/८, २०६०) शीर्षकको छन्दोबद्ध कवितामा कविवर्गको विवर्णभावहरू र कविताका सार्थक भावसँग समीकरण गरिएको छ भने उनकै *रोला सृष्टि सृजन चुँडिदा* (१३/१०, २०६५) पद्यलयमा रचित कवितामा विगतका दिनहरू सम्झँदै हालका दिनहरूको अवस्था जानकारी गराइएको छ र सृष्टिको क्रमविचलित भएर पृथ्वीमातामा ज्वारभाटा निस्कन सक्ने कुरालाई सङ्केत गरिएको छ ।

खनाल रेवतीरमणको *केही हाइकुहरू* (९/८, २०६०) शीर्षकको हाइकुहरूमा आठ नम्बरसम्म फरक-फरक हाइकुहरूजस्तै आजकै गर्भबाट भोलि हुने, दुष्टहरू अर्काको प्रतिभामा जल्ने, युद्ध बोकेर चक्रब्यूहमा प्रजातन्त्र फँसेको, चिल्ला भाषणभन्दा खस्रा कुरा राम्रो लाग्ने कुरा व्यक्त गरिएको छ । त्यस्तै खुमनारायण पौडेलको *मुक्तकहरू* (२/२०५२) शीर्षकमा प्रेयसीको आफूप्रति हेर्ने दृष्टिकोणलाई निराशावादी भावमा अभिव्यक्त गरिएको छ भने *दिशाहीन* (५/३, २०५६) शीर्षकको गद्यकवितामा युद्धआतङ्कबाट पीडित मान्छेहरू आफ्नो अस्तित्व जोगाउन खोजिरहेको आजको अवस्थामा केटाकेटीहरूसमेत पीडित बनेको त्रसित अवस्थाको चित्रण गरिएको छ । उनकै *मिथ्याकथा* (७/५, २०५८) शीर्षकमा आफन्तहरूप्रति आजका मान्छेमा रहेको अनुराग, स्नेह र आकर्षण मान्छेको मस्तिष्कलाई मेसिनको मस्तिष्कसँग दाँज्न खोजिएको, संस्कृति लोक हुन लागेको पहिलेको सबै कुरा पछिका सन्ततिले मिथ्याको रूपमा हेर्ने दृष्टिकोण व्यक्त गरिएको छ भने उनकै अर्को *जन्मदिन* (९/८, २०६०) शीर्षकको गद्यकवितामा मान्छे भएर जन्मनुको अर्थ खोज्दाखोज्दै घाम डुबेको प्रसङ्ग उल्लेख गर्दै जन्मदिनको शुभकामना दिने र खुसी हुन नपाएर मलिन र उदास देखिएको प्रसङ्ग उल्लेख छ । त्यसरी नै उनको अर्को *समरगाथा* (१३/१०, २०६५) गद्यकवितामा देशमा मुक्तिको चाहनाले भोगेका याताहरूबाट रगतको फोहोरा बगाएर पनि श्रापित सपना देख्नुमात्रै भएको र युद्ध जितेपछि पनि मिथ्या आवेग मात्रै भइरहेको आजको आम नेपालीको व्यथालाई व्यक्त गरिएको छ ।

गगनदीप सर्वको *एकपल्ट फेरि* (६/४, २०५७) शीर्षकको मुक्तकमा अप्ठ्याराहरूसँग अल्मलिए पनि पुनः प्रयास गरेर सफल भएको कुरा उल्लेख छ । त्यस्तै गङ्गा सुवेदीको *तिमीमा नै छ* (८/६, २०५९) शीर्षकको गद्यकवितामा आफ्नो स्वाभिमान र वास्तविकताको ख्याल नगरेर आफू हुनुको आभाससम्म नहुँदा जीवन मूल्यहीन बन्ने यथार्थलाई देखाइएको छ । त्यसरी नै गङ्गाराम श्रेष्ठको *दुई टुक्रा दर्शन* (५/३, २०५६) शीर्षकमा म को विचार गरेर आफ्नै अन्तरात्मालाई बुझ्नु नै जीवनको सार हो भन्ने कुरा व्यक्त गरिएको छ । त्यसैगरी गणेशप्रसाद शर्माको *कामना* (५/३, २०५६) शीर्षकको गद्यकवितामा स्वार्थी नबनी आदर्श र सिद्धान्तमा रहेर आफ्नो गन्तव्यको यात्रा गर्दै सबैको राम्रो होस् भन्ने कामना गरिएको छ ।

गायत्री श्रेष्ठको *गीत* (५/३, २०५६) शीर्षकमा सुखदुःख, हाँसो-रोदन बाँड्नेखालको जिन्दगीको साथी खोज्दै प्रणयप्राप्तिको भाव अभिव्यक्त छ भने उनकै अर्को *जिन्दगीको गीत* (६/४, २०५७) शीर्षकमा गीतिलयमा स्वतन्त्र जीवन जिउँदै मानवजीवन बिताउँदै प्राणत्याग गर्ने चाहना व्यक्त गरिएको छ त्यसरी नै उनको अर्को *गीत* (१३/१०, २०६५) शीर्षकको गीतमा प्रणयपरक भाव प्रकट गर्दै सहजता र जटिलताको मिश्रण जीवनको परिभाषाभित्र पर्ने कुरा व्यक्त गर्दै कोही आए सँगै जिन्दगी बिताउने भाव व्यक्त गरिएको छ ।

गोपाल पौडेलको *गजल* (२/२०५२) शीर्षकमा प्रणयपरक भावमा प्रेयसीको पर्खाईमा बसिराखेको भाव प्रकट गरिएको छ भने उनकै अर्को *गीत* (५/३, २०५६) शीर्षकमा जिन्दगीको आकाङ्क्षामा अवरोध पैदा भएर गन्तव्यहरू पूरा हुन नसकेको विसङ्गतिवादी सोच अभिव्यक्त छ । त्यस्तैगरी *गीत* (६/४, २०५७) मा नियतिले दुःख दिएको कुरा व्यक्त गर्दै आफूले

सकारात्मक भाव राख्दा पनि नकारात्मक प्रभाव भएको भन्दै विसङ्गतिवादी सोच रहेको कुरा व्यक्त गरिएको छ । त्यसैगरी पौडेलकै अर्को *गीत* (७/५, २०५८) शीर्षकमा केही गर्ने मन हुँदाहुँदै दुःखैदुःखमात्रै हात लाग्नु, नियतिवश दुःख भोग्न बाध्य परिस्थितिको कुरा अभिव्यक्त छ भने उनको अर्को *गीत* (८/६, २०५९) मा हृदयमा सम्झना गर्दै, प्रतीक्षा गर्दै बसेको माया नै सबैभन्दा ठूलो भएको कुरा व्यक्त गरिएको छ । त्यस्तै उनको अर्को *गजल* (९/८, २०६०) शीर्षकमा मन्दिर मस्जिद जता गए पनि मानवमा मानवता हराउँदै गएको कुरा व्यक्त गर्दै विसङ्गतिवादी सोच प्रकट गरिएको छ ।

गोपी सापकोटाको *दुई मुक्तक* (२/२०५२) शीर्षकमा प्रजातन्त्र प्राप्तिका लागि र समाप्तिका लागि मर्ने जो भए पनि दुवै प्रकारका सहिद र तिनीहरूका पत्नीप्रति सहानुभूति प्रकट गर्दै युद्धप्रति विमति प्रकट गरिएको छ । त्यस्तै गोबर्धन पूजाको *खुसीको आँसु* (६/४, २०५७) शीर्षकमा प्रतीक्षाका पलहरूले कौतुहलता र उत्सुकता जगाउँदै मिलनका क्षणहरू सम्झँदै मिलनमा हुने खुसी आँसुमा प्रकट भएको कुरा व्यक्त छ भने उनकै अर्को *बुद्धबिम्ब* (१३/१०, २०६५) शीर्षकमा सुखमा मात्तिने र दुःखमा आत्तिने मान्छे होइन, गम्भीर र धैर्य नदीजस्तै अटल विश्वासका साथ रहने बुद्धजस्तै शान्त मन भएर जस्तोसुकै परिस्थितिसित पनि सामना गर्नसक्ने बन्नुपर्ने कुरा व्यक्त गरिएको छ । त्यस्तै गोर्खे साइँलोको *गजल* (१३/१०, २०६५) शीर्षकमा विकासको उज्यालोलाई उषासँग समीकरण गरी लेखिएको छ र देशको सौन्दर्यको पहिचान बनेर उषालाई आउन आग्रह गरिएको छ ।

गोविन्दराज विनोदीको *गजल* (२/२०५२) मा भाषामा अपुताली परेर सिर्जना ठप्प भएको, प्रेम, दया र सहानुभूतिजस्ता कुरा मानवमा नभएको, सहरदेखि गाउँसम्म नराम्रो कुराको दुर्गन्ध फैलिएको, मानवमा स्वाभिमान नभई कुप्रथा रहेको, मानव छाडा भएको भन्ने कुराको रेखाङ्कन गरिएको छ भने उनकै *म कुर्सीसितै टाँसिइ मर्न पाऊँ* (७/५, २०५८) मा भ्रष्टाचार गर्ने, पदको लोभ गर्ने, नेताको प्रपञ्चचाल, कुर्सीको लोभचाहिँ मदोन्मत्त सिंहजस्तै पदमा राज गर्न पाऊँ भन्ने नेताको प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरिएको छ भने त्यस्तै अर्को *बलात्कृता* (८/६, २०५९) शीर्षकको कवितामा यौवनले पूर्ण सुन्दरी नारीको यौवनको सौन्दर्यताको वर्णन गर्दै अन्त्यमा अतृप्त भोगसाधन बन्न पुगेर अस्मिता गुम्न पुगेको अवस्था एवम् राज्यसत्ता, राष्ट्रिय अस्मिता बलात्कृत भएको भाव व्यञ्जित गरिएको छ । उनको अर्को *सान्ध्यवर्षाकी म्लान कादम्बिनी* (९/८, २०६०) छन्दोबद्ध कवितामा वर्षाको समयमा सायङ्कालमा ओइलाएको कालो मेघमालालाई मानवीकरण गरिएको छ । यसमा कालो मेघमा र पीडामय जीवनमा नै समान भाव रहने कुरा व्यक्त गरिएको छ । आफ्नो हृदयको पीडा शान्त बनाउन हृदयको गाँठो फुकाएर अश्रुजल बगाएपछि शान्त हुने भाव व्यक्त गरिएको छ । त्यसैगरी उनको *शब्दचित्रमा ध्रुवचन्द्र* (१०/९, २०६०) शीर्षकमा आख्यानका अमूल्य निधि स्रष्टा ध्रुवचन्द्र गौतमप्रति आफ्नो मनको भावना व्यक्त गर्दै सय वर्ष बाँच्ने कुरा व्यक्त गरिएको छ । त्यस्तै उनको अर्को *कविता–षोडशी* (१३/१०, २०६५) शीर्षकको छन्दोबद्ध कवितामा षोडशी र कविताबीच तुलना गरी लेखिएको छ । यस कवितामा षोडशीको सौन्दर्यता र कविताको रसिलोपनलाई रेखाङ्कन गरिएको छ ।

घनश्याम कँडेलको *सन्तप्त शुद्धोधन* (७/५, २०५८) शीर्षकको छन्दोबद्ध कवितामा जन्म, जरा र मृत्युसित दु:खित भएर राजर्षि सुख र ऐश्वर्यलाई त्यागेर युवराज सिद्धार्थ हिँडेपछि पिता सन्तप्त शुद्धोधनले आफ्नो सर्वश्व गएको अनुभव गरेको कुरालाई कवितामा उल्लेख गरिएको छ । घनश्याम न्यौपाने 'परिश्रमी' को *गजल* (७/५, २०५८) मा भय र आतङ्कबाट पीडित भएर बाँच्नुपर्ने आजको अवस्थाप्रति लक्षित गरिएको छ भने उनकै अर्को *गजल* (९/८, २०६०) मा दिशाबोध नभएकोले गन्तव्यबोध गराउन खोज्नेलाई दुरुत्साहित गर्नेप्रति व्यङ्ग्यभाव प्रकट गरिएको छ ।

जगन्नाथ पण्डितद्वारा लिखित *आदर्शविचार : एक टिपोट* (६/४, २०५७) छन्दोबद्ध कविता हो । यसमा आदर्शविचारले कुभावना, कुटिलता, दुर्भावना, सामन्ती भावना त्यागेर नैतिकवान् पवित्र मानवताप्रेमी भएमा राष्ट्रियता,संस्कार र संस्कृतिको समुचित संस्थापन हुने कुरा अभिव्यक्त छ । त्यस्तै जयन्ता पोखेलको *कहिलेकाहीँ यस्तो लाग्छ* (९/८, २०६०) गीतिकविता हो । विकृत पुरुषहरूको जस्तो यदि नारी पनि विकृत अवस्थाका भइदिने हो भने समाजले दुनिर्यति बेहोर्नु पर्ने कुरा लेख्दै, पुरुष र नारीको समान र समानताको भाव खोज्ने कुरा व्यक्त गरिएको छ । त्यस्तै टङ्क उप्रेतीको *तस्वीर* (६/४, २०५७) शीर्षकको गद्यकविता हो । यसमा मानवमा बाँच्ने रहर र मानवीयताको ह्रासोन्मुख अवस्था देखाइएको छ । त्यसैगरी तारादेवी काफ्लेको *गजल* (७/५, २०५८) मा अतीतका घटनाले आफू पीडित भएको, लक्ष्यप्राप्ति नभएको र मानसिक आलोचनाको कुरा अभिव्यक्त गरिएको छ । त्यस्तैगरी तीर्थराज कोइरालाको *हे ब्रह्माण्ड फुटेर जा* (६/४, २०५७) छन्दोबद्ध कवितामा नौलो वर्षमा पीडा कम गर्न ब्रह्माण्डलाई अनुरोध गर्दै ज्वाला नदन्काउन आह्वान गरिएको छ । त्यस्तै तीर्थ श्रेष्ठको *ठेगाना* (७/५, २०५८) शीर्षक गद्यकवितामा मानवमा देखिएको त्रस्त, भयभीत अवस्था र जीवनप्रतिको उदास विरक्ति भाव पैदा भएको अवस्था देखाइएको छ ।

दामोदर पुडासैनी 'किशोर' को *पाँच हाइकु* (१३/१०, २०६५) मा प्रेममा काउसो पसेको र माटाको भाँडा चिरिएझैँ चिरिएको अनुभूति वियोगजन्य परिस्थितिको सिर्जना भएको अनुभूति प्रणयवेदनाको स्वर व्यक्त गरिएको छ । त्यस्तै दिनेशराज रेग्मीको *तृष्णा* (९/८, २०६०) गद्यकवितामा मानवीय भावनालाई नदीसँग समीकरण गरिएको छ । त्यस्तैगरी दीपकप्रसाद गौतमको *ऊ मस्तसँग हाँसिरहेछ* (६/४, २०५७) गद्यकवितामा विकृत सामाजिक चित्रण र शकुनिको चाल चलेको तत्कालीन परिस्थितिको चित्रण गरिएको छ भने उनकै *जीवन* (५/३, २०५६) शीर्षकको गद्यकवितामा जीवनलाई फुटेको ऐनासँग तुलना गर्दै विसङ्गतिवादी स्वर व्यक्त गरिएको छ । त्यस्तै दीपक समीपको *तीन हाइकु* (६/४, २०५७) मा विकृत हुँदै गइरहेको समाजको चित्रण गरिएको छ र यसमा नवदुलहीलाई क्रुद्ध सिंहसँग, वनविनाशलाई हराभरा सहरसँग र स्याल कराउनेलाई चोरी-लुटपाटसँग दाँजेर लेखिएको छ । त्यस्तैगरी दीपेन्द्रसिंह थापाको *प्रेम भरिएका आँखालाई* (६/४, २०५७) गद्यकवितामा प्रेममय आँखामा मानवबिम्ब प्रयोग गरिएको र प्रेमको गहिराइ देखाइएको छ । त्यस्तै दुर्गा कँडेलको *गजल* (९/८, २०६०) शीर्षकमा राष्ट्रियताबोधको अभिव्यक्ति प्रकट गर्दै हत्या, हिंसा र आतङ्कबाट देशको संरक्षण गर्नुपर्ने भाव व्यक्त गरिएको छ । त्यसैगरी देशबन्धु अधिकारीको *म र प्रभु* (५/३, २०५६) छन्दोबद्ध कवितामा प्रभुभक्तिको नाटक रच्ने, मानवताप्रति आँखा चिम्लने मानवप्रति व्यङ्ग्य भावना व्यक्त गरिएको छ ।

धनराज गिरीको *त्यो क्षण* (६/४, २०५७) गद्यकवितामा जीवनको अमूल्य क्षणको सम्झना गर्दै तनमनबाट बिर्सन नसकेको भाव व्यक्त गरिएको छ । त्यस्तै उनको *खातेहरू* (८/६, २०५९) शीर्षकको कवितामा नेताहरूको स्वार्थी र मोजमस्ती गर्ने प्रवृत्तिले गर्दा राष्ट्रलाई नै अनुत्पादक बनाएको कुरा उल्लेख गरिएको छ । त्यस्तै धर्म प्रधानको *गजल* (२/२०५२) मा मानवनिर्मित साधनले शान्तिको विरुद्ध अशान्ति निम्त्याएको कुरा व्यक्त गरिएको छ । त्यस्तैगरी धर्मेन्द्रविक्रमनेम्बाङ्को *विस्थापित घुच्यानबारीको गाउँ* (१३/१०, २०६५) कवितालाई रङ्गकविता उल्लेख गरिएको छ । यस कवितामा वर्तमानका अस्तित्वबोध र विसङ्गतिलाई प्रस्तुत गर्दै आजका मान्छेको शून्यवादी जीवनदर्शन र उत्तरआधुनिकवादी प्रवृत्तिलाई पनि देखाइएको छ । यस कवितामा प्रयोगात्मक गद्यात्मक लेख प्रक्रियात्मक विचलन, भाषाशैली जटिल, बिम्ब-प्रतीक रहेका छन् । त्यस्तै धर्मराज थापाको *एक संस्मरण* (७/५, २०५८) छन्दोबद्ध कविता हो । अहिलेको परिस्थितिमा चोटहरू, दुर्घटना, दु:ख सहेर बाँच्नु, नाच्नु र हाँस्नुपर्ने विवश परिस्थितिको चित्रण गरिएको छ ।

नगेन्द्रप्रसाद भट्टराईको *आज* (७/५, २०५८) गद्यकवितामा जीवन र मृत्युको भोगाइका पीडाबीच बाँच्न, लेख्न विवशजन्य तत्कालीन परिस्थितिको चित्रण गरिएको छ । त्यस्तै नवराज ढुङ्गानाको *जुका* (८/६, २०५९) शीर्षकको गद्यकवितामा शोषक सामन्तीले सामान्य जनतालाई सोसेर पुष्टिने प्रवृत्तिलाई देखाइएको छ भने उनकै *गीत* (७/५, २०५८) मा प्रणयवेदनाको स्वर व्यक्त स्मृतिबिम्बको प्रयोग गरिएको छ । त्यसरी नै उनको अर्को *सत्तामा* (१३/१०, २०६५) शीर्षकको छोटो कवितामा क्रान्तिबिम्बको प्रयोग गर्दै मानवीय पीडा र व्यथालाई सत्तासिनहरूले बेवास्ता गरेको परिस्थिति देखाइएको छ ।

त्यस्तै नवराज भट्टराईको जिन्दगी (९/८, २०६०) गद्यकवितामा निर्माणपछि विनाश, जीवनपछि मृत्यु अवश्यम्भावी हो तर डराउने मानवीय स्वभावप्रति संवेदनशील हुनुपर्ने देखाइएको छ । त्यस्तैगरी नारायणप्रसाद अधिकारीको *विकासको मूल फुट्याइया छ* (७/५, २०५८) गद्यकवितामा सत्ता र भत्ताको लोभमा देशलाई कुरुक्षेत्र बनाइएको प्रसङ्ग र विकासको नाममा भएका विसङ्गतिहरूको चित्रण गरिएको छ । त्यस्तै नारायणप्रसाद खनालको *दुई मुक्तक* (६/४, २०५७) छन्दोबद्ध मुक्तकमा स्रग्धरा र इन्द्रवज्रा छन्दको उदाहरण राख्दै वैवाहिक प्रसङ्ग र जीवनभोगाइको कुरा व्यक्त गरिएको छ ।

पद्मप्रसाद देवकोटाको *वसन्तमा के मर्छ* (८/६, २०५९) गद्यकवितामा चिन्तनपरक बिम्बको प्रयोग गर्दै विसङ्गतिवादी भाव र समसामयिकता पीडादायी अवस्थाको राम्रो चित्रण गरिएको छ भने *रुपान्तर* (९/८, २०६०) शीर्षकमा मानवीय संवेदनालाई प्रकृतिसँग तुलना गरिएको छ । त्यस्तै पुष्प अधिकारी 'अञ्जलि' को *गजल* (१३/१०, २०६५) शीर्षकमा स्मृतिबिम्बको प्रयोग गर्दै प्रणयमूलक भावना व्यक्त गरिएको छ । त्यस्तैगरी प्रकट पगेनी 'शिव' को *गीत* (७/५, २०५८) शीर्षकमा स्मृतिबिम्बको प्रयोग गर्दै प्रणय भावनाको स्वर व्यक्त गरिएको छ ।

प्रकाश थापा 'प्रथा' को *गजल* (५/३, २०५६) मा प्रणयवेदनाको भाव व्यक्त गरिएको छ । यस गजलमा संवेगबिम्बको प्रयोग गरिएको छ भने उनको अर्को *एउटा गीत* (६/४, २०५७) शीर्षकमा प्रणयमूलक भावना व्यक्त गर्दै स्पर्शबिम्बको प्रयोग गरिएको छ । त्यस्तै प्रभा बराल (तिवारी) को *गीत* (६/४, २०५७) शीर्षकमा गीतिलयमा निराशावादी भावको प्रकट गर्दै

छोरा र छोरीबीचमा असमानता रहेको कुरा व्यक्त गरिएको छ भने उनकै अर्को *बेमौसमका फूलहरू* (७/५, २०५८) कवितामा नैराश्यवादी हुँदाहुँदै पनि आशावादी स्वर गुञ्जायमान भएको पाइएको छ । त्यसरी नै उनको अर्को *जन्मदिन* (९/८, २०६०) शीर्षकको गद्यकवितामा घटनाबिम्बको प्रयोग गरिएको छ । जिन्दगी परिवर्तन हुनुपर्ने, प्रगतिको शिखर चढ्ने बेलामा अकारणमा नै मृत्युको चपेटामा पर्न विवश हुँदै जीवनलाई मन्दविषको प्यालासँग दाँजिएको छ । त्यस्तै प्रभातकुमार जोशीको *मलाई माफ गरे हुन्छ* (५/३, २०५६) गद्यकवितामा मान्छेको अहम्प्रति व्यङ्ग्य गर्दै अस्तित्वको खोजी गरिएको छ भने उनकै अर्को *नयाँ वर्ष* (७/५, २०५८) शीर्षकको गद्यकवितामा हरेक नयाँ वर्षहरूमा मूल्यको सूचीमा महङ्गी र अभावले छोप्दै गएको कुरा व्यक्त गरिएको छ । त्यस्तै प्रभा भट्टराईको *धर्ती र आकाश* (७/५, २०५८) छन्दोबद्ध कविता हो । यसमा मानवनिरपेक्ष सौन्दर्यसत्ताका रूपमा प्रकृतिलाई अवलोकन गरिएको छ । प्राकृतिक बिम्बको प्रयोग गरी धर्ती र आकाशको सम्बन्धलाई देखाइएको छ । त्यस्तैगरी प्रसन्नको *अनुभूति* (१३/१०, २०६५) शीर्षकको टुक्रे कवितामा पहिलो अनुभूतिमा जून र पानीको सम्बन्ध समीकरण, दोस्रोमा जीवनको प्रतिबिम्बको र तेस्रोमा विकृत समाजको व्यङ्ग्यभावना व्यक्त गरिएको छ । प्रेम छोटाको केही हाइकु (५/३, २०५६) मा संसद, राजनीति, चाकडी, धोकाजस्तो प्रसङ्ग देखाएर नेताहरूको स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्यभाव प्रस्ट रूपमा देखाइएको छ ।

प्रेमविनोद नन्दनको *बाग्लुङमा छुटेको मन* (५/३, २०५६) यात्रा गीत हो । प्राकृतिक छटाले भरिपूर्ण बाग्लुङको बारेमा अतीतको सम्झना भइरहेको कुरालाई गीतिलयमा लेखिएको छ भने उनको *प्रातःस्मरण* (६/४, २०५७) लयात्मक गीत हो । वृक्ष र मानवबीच समीकरण गर्दै दान गर्ने, मद्दत गर्ने भावनाको विकास गर्दै चन्द्रमाजस्तै अन्धकारलाई हटाउन सक, सिर्जनाको सिन्धु बन भन्ने भाव प्रकट गरिएको छ । यसमा स्मृतिबिम्बको प्रयोग गरिएको छ । त्यस्तैगरी उनको अर्को *त्यो तिम्रो आँखा* (७/५, २०५८) शीर्षकको गीत हो । यसमा मान्छेको मनमा धेरै शब्दचित्र हुन्छ, भाव हुन्छ, आँसु र हाँसो हुन्छ यसलाई अध्ययन गरी भूल भएमा सच्याएर सिर्जना गर्नुपर्ने कुरा उल्लेख छ । यो गीतिलयमा लेखिएको छ । त्यस्तै अर्को *एउटा गीत* (८/६, २०५९) गीतिलयमा लेखिएको छ । यसमा मानवमा भएको रौरव एकातिर धन्य भएको छ भने अर्कातिर विनाश हुँदै गएकोमा अस्तित्व रक्षा गर्न कठिन परिस्थिति हुन लागेको कुरा व्यक्त गरिएको छ । यसमा विज्ञानबिम्बको प्रयोग गरिएको छ । त्यस्तै उनको अर्को *फूलको सपना* (९/८, २०६०) गीत हो र यसमा फूल र मानिसबीच समीकरण गरिएको छ भने *धेरैचोटि मरिसकें* (२/२०५२) गीतिलयमा प्रणयवेदनाको स्वर व्यक्त गरिएको छ । त्यसरी नै उनको अर्को *गीत* (१३/१०, २०६५) मा पनि प्रणयवेदनाको स्वर व्यक्त गरिएको छ ।

बद्री पलिखेको *अस्तित्व* (८/६, २०५९) गद्यकवितामा निर्जीव वस्तुमा पनि अस्तित्व हुने हुँदा सजीव प्राणीले स्वाभिमानका साथ अस्तित्व रक्षा गर्नुपर्छ भन्ने भाव व्यक्त गरिएको छ । त्यस्तै बालकृष्ण उत्सुकको *मुर्दाको गन्ध मन पराउनेहरूसँग* (८/६, २०५९) गद्यकवितामा जनता मारेर परिवर्तनको नवयुग प्रारम्भ गर्ने चाहना बोकेका स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै ऐतिहासिक क्रान्तिसन्दर्भको भाव व्यक्त गरिएको छ । त्यस्तैगरी बालकृष्ण थपलियाको *घर*

(९/८, २०६०) छोटो कवितामा निश्चित गन्तव्यमा पुग्ने चेष्टा हुँदाहुँदै पुग्न नसकेको र घरको रहर पूरा हुन नसकेको भाव व्यक्त गरिएको छ । त्यस्तै बुद्धिनाथ अधिकारीको *लज्जा* (८/६, २०५९) छन्दोबद्ध कवितामा नरमेध यज्ञबाट विनाश हुने हुनाले चेतनाशून्य अवस्थामा भइरहनुपर्ने कुरा व्यक्त गरिएको छ । त्यस्तै बूँद रानाको *गजल* (९/८, २०६०) शीर्षकमा फूलसँग मानिसको समीकरण गर्दै युद्धबाट आहत मानवीय मनको अवस्थाको चित्रण गरिएको छ ।

भगीरथ दहाल 'आशावादी' मा *तीन हाइकु* (२/२०५२) मा जनता र हावा भरेको भकुन्डो गाउँ र प्राकृतिक सौन्दर्य, सहर र कृत्रिम सौन्दर्यको तुलना गरिएको छ । त्यस्तै भीम विरागको *तिम्रै लागि तिमीलाई* (५/३, २०५६) शीर्षकको गीतमा प्रेमी र प्रेमिकाको विछोडको भाव व्यक्त गरिएको छ भने उनकै *गजल* (६/४, २०५७) शीर्षकमा समय गुज्रिसकेपछि त्यसको महत्त्व थाहा हुने, अर्काको दुःख नबुझ्ने प्रवृत्तिप्रति औंल्याइएको छ । भीष्म उप्रेतीको *पर्खाइ* (१३/१०, २०६५) छोटो कवितामा वर्तमानका सपनाबाट प्रभावित भई भविष्यमा पूरा गर्ने पर्खाइमा रहिरहेको कुरा व्यक्त गरिएको छ । त्यस्तैगरी भूपाल राईको *पहिलो हरफ शिरबन्दी* (६/४, २०५७) गीत गीतिलयमा लेखिएको हो । परदेशी पतिबाट पत्नीमा पत्र प्रेषित गरेपछि प्रफुल्ल भावना अभिप्रेरित भएको कुरा व्यक्त गरिएको छ । त्यस्तै भूपिन व्याकुलको *फोहोर* (१३/१०, २०६५) गद्यकवितामा शारीरिक फोहोर असभ्य मानिसहरूमा, श्रमिकलाई दुःख दिने मुखियाहरू, कानुन र राज्यसत्ताको नयाँ घाम पालेर बसेका छन्, स्वच्छतापूर्वक बाँच्न कठिन छ भन्ने कुरा व्यक्त गरिएको छ ।

मधुसूदनप्रसाद घिमिरेको *अब कविता हराउँदै गएको छ* (८/६, २०५९) शीर्षकको गद्यकवितामा प्रकृतिमाथि विकृतिविसङ्गति पैदा भएको, प्रकृतिमा रम्न चाहनेले प्राणीमाथि पनि विसङ्गति पैदा भएकोले कविता हराउँदै गएको कुरा व्यक्त गरिएको छ । मनु मन्जिलको *गाउँले एउटा बालक सम्झेर* (१३/१०, २०६५) गद्यकवितामा आर्थिक अभावका कारणले गर्दा झेल्नुपर्ने समाजचित्रण बालकमा पर्ने असरलाई प्रस्ट्याइएको छ । त्यस्तै मुरारीप्रसाद सिग्देलको *स्वप्न महल* (७/५, २०५८) गद्यकवितामा आर्थिक अभावका कारण सपना बोकेर परदेश जाने र दुःखकष्ट झेल्नुपर्ने अवस्था एकातिर छ भने राजनीति गर्ने नेता आफू ठूलो बन्ने प्रवृत्तिप्रति विरोध गर्दै परदेश जानेलाई फर्कन आह्वान गरिएको छ ।

रक्ष राईको *यो छाप्रो* (८/६, २०५९) गद्यकवितामा वर्तमान भय, त्रास, भोक, प्यास, आँसुबाट खतरा भएको र भविष्यप्रति आतङ्कित र सशङ्कित रहेको कुरा व्यक्त छ । त्यस्तै रमेशचन्द्र घिमिरेको *गीत*मा प्रणयमूलक भावना व्यक्त गरिएको छ । त्यस्तै रमेश प्रभातको *हाइकू* (५/३, २०५६) मा बिरालोले जस्तै ङ्यारङ्यार गर्ने नेताहरूको स्वार्थी प्रवृत्तिप्रति आक्रोश व्यक्त गर्दै भविष्यप्रति चिन्ता व्यक्त गरिएको छ भने *भोर्लेटारको देश* (७/५, २०५८) गद्यकवितामा वर्तमान समयमा मानवताविरुद्ध भएको विनाशकारी सन्त्रासबाट त्रसित हुनुपरेको अवस्था चित्रण गरिएको छ त्यस्तै अर्को *गजल* (८/६, २०५९) मा आफ्नो भूलप्रति विरह-वेदनाको स्वर व्यक्त गरिएको छ । त्यसैगरी उनको अर्को *निरन्तरको युद्ध* (१३/१०, २०६५) प्रयोगात्मक कवितामा सत्ताको लागि शासकहरू आसन जमाएर बस्न र पदच्युत भए झगडा गर्ने नेताहरूको प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

राजकुमार बानियाँको *घडी* (६/४, २०५७) गद्यकवितामा घडी अर्थात् समयको साइरनमा दौडिरहेकाहरू, भत्काइरहेका डबलीहरू, आयुको अनावरण बनेका मानवहरूको चित्रण गरिएको छ । त्यस्तै राजकृष्ण कँडेलको *आमा* (९/८, २०६०) छन्दोबद्ध कवितामा धर्तीमातालाई मानवीकरण गरी लेखिएको छ । हाम्रो पुर्खाले गरेको गर्व, आफ्नो देशको शान, सौन्दर्य, कीर्तिको शान्तिक्षेत्रमा स्वार्थका लागि भएका नरसंहारप्रति चिन्ता व्यक्त गरिएको छ । यसमा प्राकृतिक बिम्बको प्रयोग गरिएको छ भने उनकै *एकता* (१३/१०, २०६५) शीर्षकको छन्दोबद्ध कवितामा भाषा, जाति र धर्म, संस्कृतिको संरक्षण भएर राष्ट्रिय एकता अखण्डता कायम रहिरहोस् भन्ने राष्ट्रियताबोधको अभिव्यक्ति प्रस्तुत गरिएको छ । त्यस्तै राजेन्द्र दराईको *विछोड* (५/३, २०५६) गीतिलयमा लेखिएको छ । यसमा विछोडको कारणबाट उत्पन्न पीडाबोध गर्दै त्यसपछिका दिनमा व्यतीत अवस्थाको चित्रण गरिएको छ । त्यस्तै रामबाबु घिमिरेको *मुक्तक* (२/२०५२) मा देशको अवस्थाको चित्रण गर्दै आपसी सद्भावपूर्ण पाराले छिमेकी राष्ट्रग मिलेर बस्नुपर्ने आग्रह गरिएको छ । त्यस्तैगरी रामविक्रम थापाको *उत्तरआधुनिक चेतना* (९/८, २०६०) गद्यकवितामा उत्तरआधुनिक समयमा कथा, कविता, निबन्ध, नाटक अर्थात् साहित्यका विविध विधामा बहुआकार देखिनु, दृश्यहरूमा पनि अनिर्णित दृश्यहरू देखिनु, वर्तमानमा उत्तरआधुनिक चेतनाको विकास भएको कुरा व्यक्त गरिएको छ भने रामविक्रम थापाको *छायाँ हराएको सूचना* (८/६, २०५९) गद्यकवितामा गरिबी, अभाव र अनिकालको बाढीले ग्रस्त नेपालीको चित्रण गर्नुका साथै छायाँ अर्थात् अस्तित्व कम हुँदै गएको महसुस देखाइएको छ । रामहरि अधिकारीको *वेदना* (७/५, २०५८) गद्यकवितामा देशप्रेमी परदेशमा रोजीरोटीको लागि गएको आफ्नो देशको माटो, सगरमाथा, ताल, हिमाल सम्झेको र परदेशमा नै रगतको बलिदान दिने देशप्रेमी नेपालीको अवस्थाको चित्रण गरिएको छ । रासाको *विराग* (६/४, २०५७) गद्यकवितामा सम्झनामा आउने प्रेमिकालाई मनन गर्दै प्रेमकविताको वर्णन गरिएको छ ।

राहथाको *खोज* (२/२०५२) शीर्षकको गद्यकवितामा प्रणयवेदनाको स्वर व्यक्त गर्दै जीवनको अस्तित्व नै समाप्त भएको देखाइएको छ । त्यस्तै रुबिन पौडेलको *गजल* (९/८, २०६०) मा वसन्तमा नै मुना र पातहरू सोसिएजस्तै युद्धबाट पीडित मनहरूको अवस्थाको चित्रण छ । त्यस्तैगरी रेशमलाल श्रेष्ठको *डर* (८/६, २०५९) कवितामा देशमा युद्धको कारणबाट मनमस्तिष्कमा परेको डरको डेरा र घरबारविहीन बन्नुपर्ला कि भन्ने भयानक डरको चित्रण गरिएको छ भने उनकै *चाहिन्छ* (६/४, २०५७) मुक्तकमा नागरिकले गास, बास, कपासजस्तो न्यूनतम अत्यावश्यक कुराको परिपूर्ति हुनुपर्ने कुरा औंल्याइएको छ । त्यसरी नै उनको *मेरो वर्तमान* (५/३, २०५६) गद्यकवितामा नेपाली संस्कृतिको जगेर्ना नभएकोमा चिन्ता व्यक्त गर्दै चन्द्रसूर्य अङ्कित झन्डा, लालीगुराँस, सगरमाथाको जस्तो उँचो शिर देख्ने इच्छा प्रकट गरिएको छ । वर्तमान नेपालको चित्रण गर्दै नेपालीपनको संरक्षण हुनुपर्ने कुरा व्यक्त गरिएको छ भने *गीत* (९/८, २०६०) शीर्षकको गीतिकवितामा प्रणयमूलक भावना व्यक्त गर्दै मनको अस्थिरताको चित्रण गरिएको छ । त्यसरी नै उनको अर्को *पीडाका तीन टुक्रा* (१३/१०, २०६५) मुक्तकमा मान्छेमा सानैबाट कमी-कमजोरी हुने कुरा उल्लेख गर्दै भूललाई सुधार्ने कोसिस नगरी फुर्सदमा पछुताउने पनको उल्लेख छ । त्यस्तै रोशन थापा ‘नीरव’ को

*खण्ड-प्रलय* (७/५, २०५८) मुक्तकमा जन्म, सङ्घर्ष, आशा, प्रेमिका, जागिर जुनसुकै क्षेत्रमा पनि विकृत सामाजिकताको चित्रण गरिएको छ भने उनकै *कविताको हृदय* (१३/१०, २०६५) शीर्षकको गद्यकवितामा मानवीय पीडा, व्यथा, भोगाइ, देखाइ, रुवाइ, दुखाइ आदि संवेदनाहरू कवितामा व्यक्त हुन्छन् र कवितामा सङ्घर्षयात्रा, पटकपटकको रक्तपातले गर्दा कविताको हृदय अर्थात् कविको हृदय ज्यादै आहत भएको कुरा व्यक्त गरिएको छ ।

लक्ष्मणप्रसाद गौतमको *तीन हाइकु* (२/२०५२) मा असक्षम लेखक, समालोचकका साथै धूर्त मठाधीशको चित्रण गरिएको छ । अप्रत्यक्ष रूपमा राजनैतिक व्यङ्ग्य गरिएको छ भने उनकै अर्को *सपनाहरू* (९/८, २०६०) शीर्षकको गद्यकवितामा कवि सफल भएको तर सँगै सपना देख्ने साथी सफल हुन नसकेको देखाइएको छ । त्यसैले साथीलाई प्रगतिमा अगाडि बढिरहनका लागि चाहना व्यक्त गरिएको छ । उनको यो कवितामा प्रतीकात्मक रूपमा जीवनस्वप्नका सन्दर्भलाई देखाइएको कविता हो ।

त्यस्तै लक्ष्मी ढकालको *बलिका बोकाहरू* (६/४, २०५७) छोटो गद्यकवितामा शक्ति सम्पन्न राष्ट्रले निर्दोष सामान्य राष्ट्रप्रति गरेको अमानुष व्यवहार औँल्याउँदै प्रायश्चित गर्न जोड दिइएको छ भने उनकै *रङ्गमञ्च* (७/५, २०५८) गद्यकवितामा संहारकारी चक्रब्यूहबाट अस्तित्व लोप हुन लागेको परिस्थितिको चित्रण गरिएको छ । त्यस्तै लावण्य सापकोटाको *साँढे र ढाडे* (९/८, २०६०) गद्यकवितामा शक्तिशक्ति जुध्दा त्यसबाट निस्कने झिल्का अर्थात् प्रभावको चित्रणका साथै नेताहरूको स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । त्यस्तैगरी लीलामणि भट्टराईको *गजल* (२/२०५२) मा उन्नतिको शिखर चढ्न खोज्दा खुट्टा तान्ने प्रवृत्तिप्रति चिन्ता व्यक्त गरिएको छ ।

वनमाली निराकारको *त्रिभुजभित्रको जनता* (६/४, २०५७) गद्यकवितामा नेपाली जनताको यथार्थ तथ्यलाई अर्थात् दुःख, दर्द र समस्यालाई देखाइएको छ । जनतालाई निरीह, अन्धा, बहिरा र लाटा बनाइएको र शान्तिसँग बाँच्न पाउने अधिकारको हनन भएको देखाउँदै जनताको इच्छा-आकाङ्क्षा र चाहनालाई भऱ्याङ बनाएर चढ्ने नेता, कर्मचारी र व्यापारीहरूको संयन्त्रभित्र रनभुल्ल सामान्य जनताको यथार्थ चित्रण गरिएको छ ।

विमलप्रकाश देवकोटाको *गजल* (९/८, २०६०) मा प्रणयमूलक भावना व्यक्त गरिएको छ । त्यस्तै विवश पोखरेलको *बुद्धको मृत्यु* (८/६, २०५९) छोटो गद्यकवितामा बेइमानीहरूको कारणबाट शान्तिको बिसर्जन भएको कुरा व्यक्त गरिएको छ । त्यस्तैगरी विष्णु तिवारी ‘उषा’ को *गजल* (१३/१०, २०६५) मा कपटीको चाल, कुरीति र कुसंस्कार छाडी इमान्दारीसाथ वाङ्मयको क्षितिजमा अगाडि बढ्नुपर्ने धारणा व्यक्त गरिएको छ । त्यसरी नै विष्णुबहादुर सिंहको *सम्झनाका हरफहरू* (७/५, २०५८) गीतिलयमा लेखिएको छ । प्रणयमूलक भावनालाई संस्मरणात्मक स्मृतिहरूलाई लयबद्ध गरिएको गीत हो । त्यसरी नै विष्णुबाबु पौडेलको *किन* (८/६, २०५९) गजलमा प्रणयवेदनाको स्वर व्यक्त गरिएको छ ।

शशि भण्डारीको *मेरो दाइलाई कुसुमे उपहार* (१०/९, २०६०) शीर्षकको गद्यकवितामा आख्यानकारिताका शीर्षबिन्दु डा. ध्रुवचन्द्र गौतमलाई भाषिक शिल्प शैलीको उल्लेख गर्दै उनले साठी वर्ष पार गरेको उपलक्ष्यमा कविताको कुसुमे उपहार टक्र्याएको कुरा

उल्लेख छ । त्यस्तै शङ्करप्रसाद गौतमको *गजल* (५/३, २०५६) मा प्रेममा भएको धोकाको स्वर व्यक्त गरिएको छ भने उनकै *अविरल नाटक* (७/५, २०५८) गद्यकवितामा रङ्गमञ्चसँग जीवनको समीकरण गर्दै विद्रोही चरित्रको अभिरेखाङ्कन गरिएको छ । त्यस्तैगरी उनको *अन्तरसंवाद* (९/८, २०६०) गद्यकवितामा देशप्रेमको भावना व्यक्त गर्दै राष्ट्र नै नरहे अस्तित्व नै नरहने कुरा उल्लेख गरिएको छ र युद्ध नगरी राष्ट्रको संरक्षणमा लाग्नुपर्ने आग्रह गरिएको छ ।

शीतल गुरुङको *गजल* (९/८, २०६०) मा प्रणयभाव व्यक्त गरिएको छ । शैलेन्दु नेपालको *गीत* (७/५, २०५८) मा प्रणयवेदनाको स्वर व्यक्त गरिएको छ । यो गीतिलयमा लेखिएको छ । त्यसरी नै शैलेन्दुप्रकाश नेपालको *गीत* (५/३, २०५६) मा प्रणयमूलकताको भावना व्यक्त गरिएको छ र गीतिलयमा लेखिएको *परेलीमा* (७/५, २०५८) शीर्षकमा बैँसालु नारीचरित्रको प्रणयपरकताको सञ्चेतनामा सोचमग्न रहेको कुरा व्यक्त गरिएको छ । त्यसरी नै श्रेष्ठ प्रिया 'पत्थर' को *गजल* (६/४, २०५७) मा प्रणयवेदनाको स्वर प्रकट गरिएको छ ।

सकला पण्डितको *ऐना* (६/४, २०५७) छोटो गद्यकवितामा जोकोहीले संसारलाई मिथ्या भाषण छाँटे पनि सागरै पल्टाए पनि ऐनाले यथार्थ कुरालाई झस्क्याउने कुरा व्यक्त गरिएको छ । त्यस्तै सन्ध्या कुँवरको *गजल* (८/६, २०५९) मा शङ्काको कारणबाट विवशजन्य कठिन जिन्दगी सुरु भएको यथार्थ चित्रण गरिएको छ । त्यस्तैगरी सरस्वती रिजालको *अहम् दुई रूप* (७/५, २०५८) गद्यकवितामा भौतिकवादले मपाईंत्व अर्थात् अहम् हुँदै क्रोध र ईर्ष्याले विध्वंश निम्त्याएको छ र आध्यात्मवादले शान्ति, सौम्य भेष धारण गरेर आत्मीयता निम्त्याउने कुरा व्यक्त गरिएको छ भने *नारी अस्मिता* (९/८, २०६०) गद्यकवितामा नारीमा हीनताबोध र पुरुषमा उच्चताबोध नभई प्रकृति र पुरुषको समान अस्मिताबोधबाट जीवन सार्थक हुने चेतना दिँदै आफू हुनुको स्व-अनुभूतिमा चैतन्यबोध भई आनन्दका साथ जीवन बिताउनुपर्ने कुरा व्यक्त छ ।

त्यसैगरी सरस्वती शर्मा 'जिज्ञासु' को *तिमी मेरो कविता* (१३/१०, २०६५) गद्यकवितामा कवितालाई मानवीकरण गरी कवितामा आफ्नो प्रतिबिम्ब पाइने कुरा व्यक्त गरिएको छ । त्यसरी नै सरस्वती श्रेष्ठ 'सरु' को *सुनको कविता* (६/४, २०५७) गद्यकवितामा नेपालका अबोध र गरिब नारीचरित्रको निमग्न विचार र सपनाहरूलाई रेखाङ्कन गरिएको छ । त्यस्तै सरुभक्तको *गाउँकथा* (७/५, २०५८) गद्यकवितामा देशको विषमता देखाइएको छ र गाउँ र सहरको चित्रण गरिएको छ । गाउँमा प्राकृतिक सौन्दर्य प्रशस्त भए पनि प्रशस्त दरिद्रता छ भन्दै यस कवितामा क्रान्तिको आह्वान गर्नुपर्ने कुरामा सङ्केत गरिएको छ ।

सामना पहाडको *गजल* (१३/१०, २०६५) मा नारीपुरुषको विभेदको संरचना हटाउनुपर्ने कुरा गरिएको छ । नारीले असल शासन, सत्ता परिवेश चलाउन सक्छन् भन्दै पूर्ण अधिकारको खोजी गरिएको छ । यसमा क्रान्तिबिम्बको प्रयोग गरिएको छ । त्यस्तै साराको *दुई मुक्तक* (२/२०५२) मा प्रणयमूलक भावनाको स्वर व्यक्त गर्दै प्रेमीप्रेमिकाबीच दूरी कायम रहिरहेको कुरा व्यक्त गरिएको छ । त्यस्तैगरी सिन्धु गौतमको *मुसा र धन्सार* (८/६, २०५९)

गद्यकवितामा घुस्याहाहरूले घुस खाई देशलाई रित्तो बनाएको प्रसङ्ग उल्लेख गर्दै दिनलाई नै रात बनाएको कुरा उल्लेख छ । त्यसरी नै सिर्जन अविरलको *स्मृति* (५/३, २०५६) गद्यकवितामा वर्तमान समयप्रति विसङ्गतिवादी शून्यवादी चिन्तन प्रस्तुत गरिएको छ । यसमा स्मृतिबिम्ब प्रयोग छ भने उनको *खण्डहर* (६/४, २०५७) गद्यकवितामा विगत समय आगत समय सबैको नाफा-नोक्सान हिसाब गर्दा र वर्तमान समयका सम्पूर्ण जिजीविषाले गर्दा जिन्दगी खण्डहर बनाएको कुरा उल्लेख छ । त्यस्तै सृजन लम्सालको *तिमी झ्यालबाट आउँदा* (६/४, २०५७) गद्यकवितामा प्रणयउत्कर्षको भाव व्यक्त गरिएको छ । त्यस्तै सुजन पोखरेलको *गीत* (८/६, २०५९) गद्यकवितामा तरबार र गोलीबाट अशान्ति मच्चाएर वीरता नहुने कुरा उल्लेख गर्दै आपसमा मिलेर आफ्नै धर्तीको घाउलाई सहजै निको पार्न सकिने कुरा व्यक्त छ ।

सुरेन्द्र अस्तफलको *माटो र मुटु* (८/६, २०५९) गद्यकवितामा माटोलाई मानवीकरण गर्दै मानवविना मुटु र मुटुविना मानवको अस्तित्व नरहने कुरा व्यक्त गरिएको छ र देशको संरक्षण हुनुपर्ने, भाइभाइ काटमार नगरी सुमधुर सम्बन्ध हुनुपर्ने भनिएको छ भने उनकै *किन ?* (७/५, २०५८) गद्यकवितामा शान्तिक्षेत्र घोषित देशमा धेरै सहिदहरूको बलिदानबाट प्राप्त प्रजातन्त्रप्राप्तिपछि पनि पटकपटक आन्दोलन गरिरहनु पर्ने विवशतालाई देखाइएको छ । उनकै *मात लागेपछि* (५/६, २०५६) शीर्षकको गद्यकवितामा शान्तिप्रेमीहरू देशको विसङ्गतिले विद्रोही बन्न विवश छन्, अर्कातिर समाजसेवी र करुणामयी माला पहिरिई स्वतन्त्रताको वकालत गर्नेहरूको पनि चित्रण गरिएको छ । त्यस्तै नसामा उन्मत्त हुनेहरूका कारणबाट छोराछोरीदेखि लिएर धेरैलाई दिक्दार बनाउँछन् भन्ने भाव पनि व्यक्त छ । त्यसरी नै उनको *गजल* (६/४, २०५७) मा कल्पित प्रेयसीबाट धोका पाएको भाव व्यक्त छ भने उनकै अर्को *चोलीभित्र* (९/८, २०६०) शीर्षकको गद्यकवितामा प्रणयपरक सञ्चेतना र यौनभाव व्यक्त गरिएको छ ।

हरिहर पौडेलको *मुक्तक* (२/२०५२) मा प्रणयवेदनामा निराशावादी भाव व्यक्त गरिएको छ । त्यस्तै हुसैन खाँको *प्रीत* (१०/१३, २०६५) मा प्राणीसँग मात्र प्रीत नभएर कलाकारितासँग पनि प्रीत लगाएको कुरा उल्लेख छ । त्यसैगरी हेमन यात्रीको *तिमी लाली गुराँस हुँदा मेरो मुटु चुँडियो* (१३/१०, २०६५) गद्यकवितामा जीवनको विसङ्गतिबोध, समकालीन चेतना, नेपालीको जीवनभोगाइको पीडा व्यक्त गरिएको छ । त्यसरी नै होमनाथ सापकोटाको *गोविन्द र कविता* (८/६, २०५९) गद्यकवितामा गोविन्द अर्थात् स्रष्टा र कविता अर्थात् सिर्जना भनिएको छ । यसमा स्रष्टाको सिर्जनामा समसामयिक परिवेश, निश्छल-निष्कपट भाव, असन्तुष्टि, युद्ध, शान्ति आदिजस्ता जस्तोसुकै भावहरू पनि लेखक (म) को माध्यमबाट अव्यक्त भाव पनि व्यक्त हुनसक्ने कुरा उल्लेख छ ।

### ४.१.३ कविताको भाषाशैलीय विश्लेषण

**मधूलिका**मा रहेका अङ्क एकदेखि दससम्मका कविताहरूमा ज्यादै कलात्मक भाषा प्रयोग भएका छन् । यहाँ लघुत्तम रूपका र लघुरूपका कविताहरू रहेका छन् । केही कविका कविताहरू सामान्य खालका छन् । सामान्य खालका कवितामा *कविता–षोडशी,*

*प्रातःस्मरण*जस्ता कविता रहेका छन् भने विशिष्ट खालका केही कवितामा बिम्ब, प्रतीक, अलङ्कार प्रयोग भएका कविताहरू पनि छन् । विशिष्ट कवितामा *गाउँकथा, विस्थापित घुऱ्यानबारीको गाउँ, सपनाहरू*जस्ता कविताहरू पनि रहेका छन् ।

'कविताविधाको मुख्य विधागत परिचायक स्वरूपतत्त्व लयविधान हो ।'[७] **मधूलिका**मा गीतिलयमा रचिएका गीतहरू छन् भने शास्त्रीय छन्दमा लेखिएका कविताहरू पनि छन् । त्यस्तै पश्चिमी परम्पराका मुक्तक, हाइकुहरू पनि छन् । करिब सत्रओटा छन्दोबद्ध/बद्धलयका कविताहरू छन् भने बाँकी मुक्तलयमा लेखिएका गद्यकविताहरू छन् । कतिपय गद्य/गीत कवितामा गति, यति, लय मिलेका देखिन्छन् । *सन्तप्त शुद्धोधन, हाम्रो उही हो गति* बद्धलयमा रचित कविता हुन् भने *स्वप्न महल, खण्डप्रलय*जस्ता मुक्तलयमा रचित कविताहरू हुन् ।

प्रशस्त सीप पुऱ्याएर या साह्रै राम्रो बनाएर लेखिएको भनिएको कथन भन्ने अर्थमा अलङ्कारको प्रयोग हुन्छ । यो शब्द 'अलङ्क्रियते अनेन इति असौ-अलङ्कार'[८] गरी बनेको हो । कवितालाई शोभाबर्द्धक गराउने तत्त्वमा अलङ्कार पनि एक हो । **मधूलिका**मा थुप्रै कविताहरूमा अलङ्कारको प्रयोग भएको छ । उपमाअलङ्कार प्रयोग भएको कविता – *षोडशी* हो भने उत्प्रेक्षाअलङ्कार प्रयोग भएको *हाम्रो उही हो गति* कविता हो । त्यस्तै अनुप्रासअलङ्कार *दुई मुक्तक* शीर्षकमा प्रयोग भएको छ । यस्ता उदाहरण अत्यन्त धेरै छन् ।

**मधूलिका**मा रहेका कविता, गीत, गजलमा थुप्रै प्रतीकका प्रयोग भएका छन् । हेर्दा बिम्ब र प्रतीक उस्तै लागे पनि यसमा धेरै अन्तर छ । 'प्रतीकको अर्थमा निश्चितता र निर्दिष्टता हुन्छ ।'[९] प्रतीकलाई कविताबाट अलग्याउन सकिन्छ, तर प्रतीकको सौन्दर्य त्यहाँ रहँदैन । **मधूलिका**मा प्रतीकको प्रयोग भएका केही उदाहरणहरू तल दिइएको छ –

उदाहरण एक,

मभित्र कुन्नि के थियो तिमी विमुग्ध भैरह्यौ
तिमी मसँग खेल्नका निमित्त लुब्ध भैरह्यौ
शिरीष पुष्पझैँ थिएँ म, षट्पदै थियौ तिमी
म पद्मपत्रझैँ थिएँ र सारसै थियौ तिमी ।

– गोविन्दराज विनोदी, ८/६, २०५९

उदाहरण दुई,

हाम्रा निद्रालस स्वरहरूले
तैपनि भत्कायौ केही दासताका पर्खालहरू
पसारियौ ताता सडकहरूमा
यातनाका असङ्ख्य प्रहरहरूसँगै

---

७ वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता**, पूर्ववत्, पृ. १८ ।

८ विष्णुप्रसाद रेग्मी, **संस्कृत काव्यशास्त्र**, (काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०५७), पृ. ७० ।

९ लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, पूर्ववत्, पृ. ४२ ।

आफ्नै रगतका फोहोराहरूले
धोयौं सडकका ढाडहरू
झुकायौं आततायी पहाडहरू

– खुमनारायण पौडेल, १३/१०, २०६५

उदाहरण तीन,

नाङ्गो आँखामा केटाजस्तो
चश्माले हेर्दा केटीजस्तो
दूरबीनबाट लोग्नेमान्छेजस्तो
यो एकक्षणपछिको नाटक हो
सायद यो आगोभन्दा तातो निबन्ध हो ।

– रामविक्रम थापा, ९/८, २०६०

उदाहरण चार,

'मम'
त्यसपछि जोड्नु त्यसैमा 'वाद'
अनि भऱ्याङ् खुड्किलालाई प्रतीक मानेर
भन्नू – 'तिमीहरूको पनि हुनेछ, स्वर्गको बास'

– एकनारायण पौडेल, ५/६, २०५६

उदाहरण एकमा कवि गोविन्दराज विनोदीद्वारा रचित *बलात्कृता* शीर्षकको कविताको कवितांशमा अपूर्व सुन्दरीलाई कामुकताको प्रतीकको रूपमा हेरिएको छ भने उदाहरण दुईमा खुमनारायण पौडेलद्वारा लिखित *समरगाथा* कविताको कवितांशमा रगतका फोहोराहरूको उल्लेख गरेर यातनाको प्रतीक देखाइएको छ त्यस्तै तेस्रो उदाहरणमा रामविक्रम थापाद्वारा लिखित *उत्तरआधुनिक चेतना* कविताको उपर्युक्त कवितांशमा कविद्वारा एउटै मुहारमा विविध रूपहरू देखाएर उत्तरआधुनिक चेतनाको प्रतीक उल्लेख गरिएको छ भने एकनारायण पौडेलद्वारा रचित *भऱ्याङ्* शीर्षकको उपर्युक्त कवितांशमा जनतालाई भऱ्याङ् बनाएर कुर्सीमा पुग्ने परिपाटीको विकास भएको देखाएर कुर्सी नै स्वर्गको प्रतीक देखाइएको छ ।

'सर्जकका मानसपटलमा रहेको मानसिक तस्वीरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा नै बिम्ब हो ।'[१०] 'कुनै पनि कृतिमा मुख्य कथ्य अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत अर्थ बिम्ब हो ।'[११] **मधूलिका**मा रहेका कविता, गीत, गजलमा थुप्रै बिम्बहरू प्रयोग भएका छन् । केही बिम्ब प्रयोग भएका कविताहरू तल दिइएको छ –

---

१० लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, (ललितपुर : साझा प्रकाशन, २०६०), पृ. १ ।

११ वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता**, पूर्ववत् ।

उदाहरण १,

नेता – कर्मचारी र व्यापारी
त्रिभुजका तीन भुजा हुन् –
आबद्ध छन् कोणकोणमा । किनभने
नेताहरूको पार्टी छ, कहिलेकाहीँ सरकार बन्छ,
कर्मचारीहरूको सङ्घ-सङ्गठन छ –
पेसागत हक; हित र सुरक्षाको आवाज उठ्छ
व्यापारीहरूको सङ्घ-महासङ्घ छ,
मालसामान, रुपियाँ पैसा आयात-निर्यात हुन्छ ।
जनता निरीह अन्धो छ, बहिरो छ र लाटो छ,
उसको आफ्नो न पार्टी छ,
न सङ्घ, न महासङ्घ छ ।

– वनमाली निराकार, वर्ष ६, अङ्क ४, २०५७

उदाहरण २,

सदियौँदेखि
गाउँका देवताहरू पूजा मान्दैनन्
धृष्टतामा वरदान दिने
आँट नगरेर कति आए
बहुला क्रान्तिका हावाहरू
हामी किन निदाइरहेछौँ
आँखा उघारेर माछाझैँ

– सरुभक्त, ७/५, २०५८

उदाहरण ३,

गङ्गालाल, बलभद्रहरू मरेर पनि बाँचेका छन्
मार्क्स, माओ, वीपी पनि ज्यूँदा छैनन्
गान्धी, टेरेसाले पनि त एउटा छाप छाडेका छन्
मान्छे मरेरै ऊ मर्छ भन्ठान्नेहरू मुर्खहरू
मुर्दाको गन्ध मन पराउनेहरू हो
जिउँदा मान्छेसँग किन डराउँछौ ?

– बालकृष्ण उत्सुक, ८/६, २०५९

उदाहरण ४,

पखालाले सताएकै बेला पनि
कान्ला बिगारेर हाम्रा बाहरूले
सँगै देउसी खेलेको सम्झे
...
...
...
मन्त्र फुकेर सिकारी मन्साएको साइनो होस् ।

– कृष्ण प्रसाईं, ८/६, २०६५

उपर्युक्त उदाहरण एकको कवितांश वनमाली निराकारको *त्रिभुजभित्रको जनता* शीर्षकबाट लिइएको हो । यसमा नेता, व्यापारी र कर्मचारीको सञ्जालभित्र सामान्य जनता परेर सास्ती खप्नुपरेको आजको अवस्था देखाइएको छ । यसमा कविद्वारा समसामयिक वा यथार्थपरक बिम्बको प्रयोग देखाइएको छ भने उदाहरण दुईको कवितांश सरुभक्तद्वारा लेखिएको *गाउँकथा* शीर्षकबाट लिइएको हो । यसमा क्रान्तिचेतनाको भाव उद्‌बुद्ध गराउने सन्दर्भ देखाएर क्रान्तिबिम्बको भाव प्रकट भएको छ । त्यस्तै उदाहरण तीनको कवितांश बालकृष्ण 'उत्सुक' को *मुर्दाको गन्ध मन पराउनेहरूसँग* शीर्षकबाट लिइएको हो । यसमा इतिहासका विषयवस्तु, घटना, पात्र, परिवेश वा स्थान र सन्दर्भहरू कवितामा बिम्बमय भएर उपस्थित भई ऐतिहासिक बिम्बहरू प्रकट भएका छन् भने उदाहरण चारको कवितांश कृष्ण प्रसाईंको *सेवारो है सेवारो* कविताबाट लिइएको हो । यसमा सामाजिक र सांस्कृतिक रागहरूलाई अभिव्यक्त गर्ने बिम्बहरू प्रयोग भएका छन् ।

'कविको भावना, अनुभूति, चिन्तन, संवेग आदिलाई अभिव्यक्त गर्ने सूक्ष्मप्रक्रियालाई दृष्टिबिन्दु भनिन्छ ।'[१२] प्रथमपुरुष दृष्टिबिन्दु र तृतीयपुरुष दृष्टिबिन्दु गरी दुई किसिमका दृष्टिबिन्दु रहेका छन् । **मधूलिका**मा पनि यी दुवै दृष्टिबिन्दु प्रयोग गरेर कविता, गीत, गजलहरू रचना भएका छन् । *गाउँले एक बालक सम्झे* र *निरन्तरको युद्ध*जस्ता प्रथमपुरुष दृष्टिबिन्दु र *आमा, बुद्धबिम्ब*जस्ता कविता तृतीयपुरुष दृष्टिबिन्दु प्रयोग गरेर लेखिएका छन् ।

## ४.१.४ निष्कर्ष

**मधूलिका** पत्रिकामा रहेका अङ्क एकदेखि दससम्मका कवितामा विभिन्न किसिमका भाव र विचारहरू व्यक्त भएका छन् । कुनै कवितामा जातीय संस्कृतिको माध्यमबाट माथि उठी युगीन चेतना देखाइएको छ भने कुनैमा युद्ध बोकेर देश चक्रब्यूहमा होमिएको प्रसङ्ग उल्लेख गर्दै प्रजातन्त्र धराशायी अवस्था देखाइएको छ । शक्तिसम्पन्न राष्ट्रले निर्दोष सामान्य राष्ट्रप्रति गरेको अमानुषिक व्यवहारप्रति प्रायश्चित गर्नुपर्ने र आपसी सद्‌भाव र समानताको आह्वान गरिएको छ ।

१२ खगेन्द्रप्रसाद लुइटेल र अन्य, **नेपाली कवि र कविता**, पूर्ववत्, पृ. ८ ।

नारीमा हुने हीनताबोध र पुरुषमा हुने उच्चताबोध नै प्रकृति र पुरुषको समान अस्तित्वबोध भएमा जीवन सार्थक हुने, त्यसैले चैतन्यबोधको विकास हुनुपर्ने कुरा लक्ष्यित गरिएको छ । गीत/गजलमा प्राय: जिन्दगीका गीतहरू, प्रणयको उत्कर्ष, निरीहता, प्रणयवेदना तथा प्रणयमूलक भावनाहरू व्यक्त छन् । कतिपय कवितामा राष्ट्रप्रेमको भावना अभिव्यञ्जित छन् । मातृभूमिप्रतिको अगाध प्रेमको अभिव्यक्ति भाव पनि प्रकट भएका छन् । स्वतन्त्रता र क्रान्तिको आह्वान पनि गरिएको छ । केही कविता अनन्त अभिलाषा, जन्मदिनको खुसियाली त कतै सपनाका कुराहरू पनि उल्लेख गरेर लेखिएका छन् । स्वार्थबाट माथि उठेर कुर्सीप्रतिको मोह नगरीकन देशको बारेमा चिन्तित बन्नुपर्ने कुराप्रति लक्ष्यित गरिएका कविता पनि धेरै छन् । देशमा लोभी र पापीहरू भएकाले, नेताहरूको कुर्सीप्रतिको मोहले गर्दा विकृति, विसङ्गति, हत्या, हिंसाप्रति शान्तिको कामना गरिएका, जनताले शान्तिसँग बाँच्न पाउने अधिकार हनन भएको अधिकार सुरक्षित हुनुपर्ने भावहरू धेरैजसो गीत, गजल, कवितामा व्यक्त भएका छन् । यसरी **मधूलिका**का कवितामा विविध भावको अभिव्यक्ति पाइन्छ ।

## ४.२ मधूलिका पत्रिकामा प्रकाशित कथा/लघुकथाहरूको विश्लेषण

### ४.२.१ विषयप्रवेश

साहित्यका विभिन्न विधाहरूमध्ये कथाविधा आख्यानविधाअन्तर्गत पर्दछ । 'नेपाली कथाले वि.सं. १९९१ देखि यता वर्तमान समयसम्म झन्डै सात दशक लामो अवधिभित्र आफ्नो विधागत स्वरूप ग्रहण गर्दै गएको देखिन्छ ।'[१३] आधुनिक नेपाली कथालाई वर्तमान स्वरूपसम्म ल्याइपुऱ्याउनका निम्ति सिङ्गो विश्वपरिवेशले पृष्ठभूमिको काम गरेको छ । सर्वप्रथम एडगर ऐलेन पोले कथाको परिभाषा दिएका छन् । उनका अनुसार कथा भनेको एउटा यस्तो कथात्मक कृति हो जुन छोटो बसाईमै पढेर सिध्याउन सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमाउन बाधा गर्ने सबै कुराहरू यसमा रहन दिइँदैन यो आफैँमा पूर्ण हुन्छ'[१४] भनेका छन् । लक्ष्मीप्रसाद देवकोटाको कथाको परिभाषाअनुसार – 'छोटो किस्सा एउटा सानो आँखीझ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ ... थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो ... यो जत्तिको समाजसुधारक र मनुष्यउपर प्रभावकारी कुरा अरू छँदैछैन कि भन्ने जस्तो लाग्छ । यसैमा सबै रस निकाल्न सकिन्छ ... यसमा कला छ ... यसको ढङ्ग नाटकीय हुन्छ । चट्ट जीवनलाई एक दृश्यमा छुन्छ'[१५] भनेका छन् । नेपाली साहित्यले आधुनिक कालमा प्रवेश गरेपछि **शारदा**, **सुन्दरी**, **माधवी**, **गोर्खासंसार**, **गोर्खापत्र** आदि थुप्रै पत्रिकाले साहित्यको समृद्धिमा विशेष योगदान पुऱ्याउँदै आएका छन् । ती पत्रिकाहरूमध्ये २०५१ सालदेखि प्रकाशित **मधूलिका** पत्रिका पनि एक हो ।

---

१३ केशवप्रसाद उपाध्याय, **साहित्यप्रकाश**, (काठमाडौं : साझा प्रकाशन, २०३४), पृ. १३१ ।

१४ दयाराम श्रेष्ठ, **नेपाली कथा**, भाग ४, (ललितपुर : साझा प्रकाशन, २०५७), पृ. ७ ।

१५ ऐजन ।

**मधूलिका** पत्रिकामा जम्मा पच्चीसजना कथाकारका त्रिचालीसओटा कथाहरू प्रकाशित छन् । जसमध्ये तीसओटा लघुकथा, तेह्रओटा कथा र एउटा सूत्रकथा रहेका छन् । यहाँ ख्यातिप्राप्त कथाकारदेखि नवप्रतिभाहरूका कथाहरूसमेतलाई स्थान दिइएको छ । प्राय: कथाहरूमा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेका कथा पाइन्छ । यहाँ प्रकाशित कथाहरूको वास्तविक धरातल समाज नै हो । समाजमा भएगरेका र घट्ने घटनालाई विषयवस्तु बनाएर लेखिएका कथाहरू पनि यहाँ उल्लेख गरिएको छ । सामाजिक यथार्थवादी, मनोवैज्ञानिक कथाहरू पनि उल्लेख छन् । संस्कार र मान्यतामा देखिने विकृति, विसङ्गति यहाँका कथामा व्यक्त छन् ।

## ४.२.२ 'मधूलिका' पत्रिकामा प्रकाशित कथा/लघुकथाहरूको विश्लेषण

**मधूलिका** पत्रिकाका एकदेखि दस अङ्कसम्म प्रकाशित कथाहरू विविध विषयवस्तुमा आधारित छन् । तीमध्ये अमर न्यौपानेको *ऊ असुरक्षा माग्छे* (१३/१०, २०६५) शीर्षकको कथामा कुरूप भएको कारण प्रेमिका हुन गाह्रो, वेश्या हुन गाह्रो, बलात्कृत हुन गाह्रो, स्वास्नी हुन गाह्रो, जिन्दगी नै यौनअतृप्त भएको कारणबाट गाह्रो भएको कुरा उल्लेख गर्दै ऊ पात्रले सुरक्षामा भन्दा असुरक्षामा आनन्द खोजिएको कुरा उल्लेख छ । यो यौनकेन्द्री कथा हो । त्यस्तै आर्.आर्. चौलागाईंको *संरक्षक* (१३/१०, २०६५) शीर्षकको लघुकथामा संरक्षकत्व बहन गर्न नसक्ने तर गर्न खोज्ने असमर्थ नाविकको प्रसङ्ग राखिएको छ । बाधाव्यवधान आइपर्दा आफैं असुरक्षित भएको कुरा गर्दै नेतृत्ववहन गर्नेलाई व्यङ्ग्य गरिएको छ । त्यस्तैगरी एकनारायण पौडेलको *सत्यको विजय* (७/५, २०५८) लघुकथामा सत्यको सधैं विजय हुने कुरालाई चुनावी क्षेत्रको प्रसङ्ग देखाएर विश्वस्त पारिएको छ, एल.बी.क्षेत्रीको *उड्किलो* (५/३, २०६०) लघुकथामा आजको वर्तमान समयमा न्यूनवैतनिक कर्मचारीहरूले झेल्नुपरेको समस्यालाई प्रस्ट्याइएको छ । सानो पदका कर्मचारीले आफ्नो पदोन्नतिको लागि हाकिमको चाकरी गर्नुपर्ने, स्वाभिमान गुमाउनुपर्ने कुरा उल्लेख गरिएको छ भने *ब्राह्मण* (६/४, २०५७) लघुकथामा ब्राह्मण देखावटी पवित्र आहार भएका देखिन्छन् तर मासु र मदिरा टन्न खाने आजका युगका ब्राह्मणको यथार्थ चित्रण गरिएको छ । त्यस्तै उनको *मैले सोचें* (७/५, २०५८) लघुकथामा म पात्रले आफ्नो काम र साहिँलाको काम सबै भ्याइएको होला भन्ने मनमा भएका मानसिक तरङ्गहरू क्रमिक रूपमा सकिँदै गएको अनुभव गर्दछ, तर सबै मनोभावहरू अस्वाभाविक बनिदिएको कुरालाई आत्मपरक शैलीमा अभिव्यक्त गरिएको छ भने उनको *धर्मअधर्म* (८/६, २०५९) शीर्षकको लघुकथामा कथाकारले सङ्कुचित परिवृत्तभित्र रहेर अयोध्यामा भएको हिन्दू र मुसलमानको युद्धलाई सङ्केत गरिएको छ । त्यहाँको घरमा घटेको एउटा सानो घटना उद्धृत गर्दै सबैको रगत रातै भएपछि मिलेर बस्नुपर्ने विचार प्रकट गरिएको छ । उनकै *वेदना* (९/८, २०६०) शीर्षकको लघुकथामा कथाकारले व्यापारीहरू व्यापार र धन आर्जनबाहेक केही सोच्दैनन् भन्दै भौतिक सुख-सुविधा पूर्ण भएपछि परिवार सन्तुष्ट हुन्छन् भन्ने सोच राख्दछन् तर शरीरको प्रज्वलित तृष्णालाई आदर्शको खोक्रो सिद्धान्तले तृप्त पार्न सक्दैन भन्ने कुरा व्यापारीहरूको गृहलक्ष्मीबाट व्यक्त गरिएको छ ।

किशोर पहाडीको *साधारण* (६/४, २०५७) लघुकथामा आफूले लेखेको सारगर्भित भाषणको लेख मन्त्रीद्वारा रेडियो समाचारमा सुन्दा साधारण लेखक ज्यादै प्रसन्न भएको कुरा व्यक्त गरिएको छ । त्यस्तै कृष्णा पौडेलको *नौनी* (९/८, २०६०) कथामा प्रकृति र पुरुषको आकर्षणको कुरा उल्लेख छ । चुम्बकले फलाम आकर्षण र आगोको अगाडि नौनी पग्लन्छ त्यस्तै नारी र पुरुषको आकर्षण अप्रत्याशित रूपमा हुने कुराको उल्लेख छ, यो यौनकेन्द्री कथा हो । त्यस्तैगरी गणेशप्रसाद शर्माको *मानसिकता* (७/५, २०५८) शीर्षकको लघुकथामा कथाकारले रामबहादुर पात्रको मनलाई केलाउने काम गरिएको छ । छिमेकीको घरमा तला थप्दा उसको मनमा भएको हीनताबोध, डाहाडे प्रवृत्तिलाई उल्लेख गरिएको छ भने *स्तरीयता* (८/६, २०५९) शीर्षकको लघुकथामा वरिष्ठ अतिथिलाई भनेजस्तो स्वागत-सत्कार, जलपान, रसपान गराउनुपर्ने, राम्रो गरेमा स्तरीय रचनाको प्रतिक्रिया आउने नगरेमा स्तरहीन प्रतिक्रिया आउने कुराको उल्लेख छ । शर्माकै *सपना* (९/८, २०६०) लघुकथामा कथाकारले पद र सत्ताको लोभको मोहमा जे पनि गर्न तयार हुने मानवीय स्वभावप्रति लक्ष्यित गरिएको छ । त्यसरी नै उनको *लठ्ठी* (१३/१०, २०६५) शीर्षकको लघुकथामा बल प्रयोग गरेर शान्त बन्ने नत्र होहल्ला मच्चाउने आजको प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

चङ्की श्रेष्ठको *आघात* (१३/१०, २०६५) कथामा इमान्दार र नैतिकवान भए पनि खल्तीपीडित बेरोजगारको मानसिक पीडा र अभिभावकले हेर्ने दृष्टिकोण देखाइएको छ, त्यस्तै सहरमुखी हुने प्रवृत्तिप्रति *आघात* कथा लक्ष्यित छ । यो कथा आत्मपरक शैलीमा लेखिएको छ । त्यस्तै तुलसीहरि कोइरालाको *मत्स्यन्याय* (६/४, २०५७) लघुकथामा बलियाले जे गरे पनि हुने, निर्धाले सहनुपर्ने सडक बालबालिकाको समस्यालाई कथाकारले उल्लेख गरेका छन् भने उनको *मृत्युशैय्या* (७/५, २०५८) लघुकथामा जटिसुकै औषधि गरे पनि मृत्युजस्तो स्वाभाविक प्रक्रिया सबैले स्वीकार्नुपर्ने कुरालाई व्यक्त गरिएको छ । त्यस्तै ध्रुवचन्द्र गौतमको *मौनभित्रका मौनहरू* (८/६, २०५९) सूत्रकथामा भ्रष्ट, घुसखोर व्यक्ति क्रान्तिकारी नैतिकवान त्यागी बलिदानी व्यक्तिको रूपमा चिनिन्छ भन्दै हाम्रो देशमा न्यायधीशले नालायकलाई पनि लायक बनाउन सक्छ भनिएको छ भने गौतमको *शैलीवेद* (१३/१०, २०६५) कथामा कथाकारले देशमा सामर्थ्य भएको शक्तिशाली, इच्छाधारी सेचनप्रक्रिया सम्पन्न गर्नसक्ने सामर्थ्य लेखकको खाँचो भएको कुरा व्यक्त गरिएको छ । लेखकहरू (साहित्यकार) मदिरामा मस्त रहने र मदिरा खाएर खुवाएर चाकडी गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । त्यस्तैगरी पुष्पा पौडेलको *परिचयविहीन* (८/६, २०५९) लघुकथामा नारीको आफ्नै छुट्टै परिचय नभएर अरूको सहाराले परिचित हुनुपर्ने भएको कुरा परिचयविहीन कथामा अभिव्यञ्जित गरिएको छ भने उनकै *आँसु* (९/८, २०६०) शीर्षकको लघुकथामा जतिसुकै उन्नति-प्रगति गरे पनि पुरुषको अहम्‌को कारण नारीप्रति हेर्ने दृष्टिकोणलाई (उमेशको) पुरुषपात्रको माध्यमबाट व्यक्त गरिएको छ । त्यसरी नै उनको अर्को *ग्रहण* (१३/१०, २०६५) शीर्षकको लघुकथामा क्षमता र सीपअनुसारको काम खोज्दा काम दिन नखोज्ने राति बोलाउने समाजका व्यक्ति, दु:खहरूको कारण जिन्दगीदेखि नै डराइरहनुपर्ने धराशायी अवस्था देखाएर वेश्यावृत्ति गर्न विवश अवस्थालाई लक्षित गरिएको छ ।

बानियाँ कान्छाको *कानुन* (७/५, २०५८) लघुकथामा कानुनी कारवाही गर्न खटिएका थापाजस्ता पात्रले गरेको विसङ्गतिलाई देखेर लेखकद्वारा उदासीनता प्रकट गरिएको छ । त्यस्तै मुरारीप्रसाद सिग्देलको *नेता* (६/४, २०५७) शीर्षकको लघुकथामा प्रजातन्त्र आएपछि नेता-

कर्मचारीले तालिम र गोष्ठीमा भाग लिन नसकेको, कार्यालयमा बसेर काम गर्न नभ्याएकोले सरुवा हुनुपर्ने बाध्यात्मक अवस्थाको यथार्थ देखाइएको छ । त्यस्तैगरी युवराज वंशीको *कति फरक ...* (१/०५१) शीर्षकको लघुकथामा जातभातको कुरा अघिल्लो पुस्तामा र पछिल्लो पुस्तामा विसङ्गति फरक पर्दछ भनिएको छ । मानिसमा सञ्चालन हुने चिज एउटै भएपछि, मान्छेको मन मिलेपछि धारणामा परिवर्तन हुनुपर्ने सामाजिक परिवर्तनको चाहना राखिएको छ र अघिल्लो पुस्तामा र पछिल्लो पुस्तामा विसङ्गति देखापर्दछ ।

रोशन थापा 'नीरव' को *एक्लो* (६/४, २०५७) शीर्षकको कथामा तरलभावनामा बगेर आफू मिटाइ अरूलाई सहयोग गर्नमा अत्यधिक खुसी हुन्छन्, तर छल गर्ने, ठग्नेहरू कोही हाकिम भएर, आफन्त भएर, साथी भएर, छिमेकी भएर विभिन्न तरिकाबाट ठगिएको, आर्थिक मामिलामा कमजोर भएको, आफ्ना सारा इच्छा अरूलाई दिएर बाँच्ने लेखक एक्लो भएको पीडा सहेर जिउनुपर्ने आजको अवस्थाको उल्लेख छ भने उनकै *निर्क्योल* (९/८, २०६०) शीर्षकको कथामा एक्काईसौं शताब्दीमा देशका नागरिकमा अनमेल, निराशा, पलायनवादी सोच, सामूहिक चेतनाको कमी, खुट्टा तान्ने प्रवृत्ति, आपसमा काटमार गर्ने, द्वन्द्व गर्ने, कुरा काट्ने, ईर्ष्या गर्ने बानी बढेको छ । यसको अलावा शान्ति हुनुपर्नेतिर लक्षित गर्दै एउटा प्रेम र प्रेमिकाको जिम्मेवारी र चुनौतीको कुरा उल्लेख छ । त्यस्तैगरी शर्मिला खड्का (दाहाल) को *आकस्मिकताको क्यानभासमा* (१३/१०, २०६५) कथामा कथाकारको कथा एकजना पाठकले अति नै मन पराएको कुरा कथाको सुरुमा उल्लेख छ । प्रेमिकाले नभेट्ने इच्छा गर्दागर्दै पनि अप्रत्याशित रूपमा हुनगइरहेको भेटलाई आकस्मिकताको क्यानभासमा कथामा उल्लेख गरिएको छ । त्यसरी नै शान्त बस्नेतको *अनुत्तरित प्रश्न* (९/८, २०६०) लघुकथामा देशमा पढेर धेरै ज्ञानार्जन गर्ने व्यक्तिभन्दा मन्द बुद्धि भएका मान्छे नेता बनेको कुरा उल्लेख गर्दै क्षमताले नभ्याउनेले आसन जमाएको कुरा सार्थक जीवनप्रति अनुत्तरित रहेको कुरा उल्लेख गरिएको छ । त्यस्तै श्रीओम श्रेष्ठ 'रोदन' ले *मान्छे* (६/४, २०५७) लघुकथामा इच्छित वैवाहिक कन्यासँग विवाह नभए तल्लो पुस्ताले ज्यानै तिलाञ्जलि दिने अवस्था सिर्जना नभएकोले सशङ्कित बाबुआमा लास हेर्न आतुर देखिएको कुरा उल्लेख छ । यसरी नै सनत रेग्मीको *यो के भएको* (१३/१०, २०६५) कथामा एक्काईसौं शताब्दीको वैज्ञानिक युगमा पत्याउनै नसकिने खालको नेपाली घटनाबाट नेपालीहरू पीडित भएको कुरा उल्लेख गरिएको छ । यस्ता अप्रत्याशित घट्नै नपर्ने घटनाबाट कथाकार जिल्ल परेको कुरा उल्लेख छ ।

सरस्वती रिजालको *अन्तर्घात* (६/४, २०५७) लघुकथामा कथाकारले विदेशमा बसेको, हेर्दा लायकको, पैसा कमाएको केटो भनी राम्रोसँग नबुझी अभिभावकको विवाह गरिदिने परिपाटीले गर्दा धेरै चेलीले दुःख पाएको कुरालाई देखाइएको छ भने *अप्रत्याशित* (५/३, २०५६) लघुकथामा पैसावाल मान्छेहरू गरिबप्रति उदारता देखाएजस्तो गर्छन्, तर उनीहरूमा अहङ्कारले छोपेको हुन्छ । गरिबप्रति तिनीहरूको सोचाइ नकारात्मक भएको कुरा उल्लेख छ । त्यस्तै उनको *मानिसको मूल्य* (८/६, २०५९) लघुकथामा अपाङ्गहरू शारीरिक रूपले दुर्बल भए पनि मानसिक रूपले सबल हुन्छन् । उनीहरूलाई हैंला गर्नुहुन्न, उनीहरूसँग आफ्नै किसिमको मूल्य हुन्छ भन्ने कुरा उक्त कथामा अभिव्यक्त छ । त्यसरी नै उनको अर्को *प्रसङ्गहरू* (१३/१०, २०६५) लघुकथामा आफ्नी बहिनीप्रतिको सोचाइ, आफ्नी श्रीमतीप्रतिको सोचाइ र हाकिमको श्रीमतीप्रतिको सोचाइलाई प्रसङ्गक क, प्रसङ्ग ख, प्रसङ्ग २ (क) र प्रसङ्ग (ख) विचार र दृष्टिकोण अभिरेखाङ्कन गरिएको छ ।

सिन्धु गौतमको *गुलाफको फूल र श्रीमती ऊ* (९/८, २०६०) लघुकथामा वैवाहिक जीवनमा अग्नि साक्षी राखी सांस्कारिक कर्म गरेपछि श्रीमान्/श्रीमतीमा धोका दिनुहुन्न भन्ने कुरालाई प्रस्टरूपमा व्यक्त गरिऐ छ । त्यस्तै सीताराम कोइरालाको *ओथारो* (९/८, २०६०) शीर्षकको कथामा जागिर खान नसकेर आफ्नो परिवारबाट र उसको आफ्नै मानसिकता पनि विरक्तिएर कोठामा सीमित भएको कुरालाई अभिव्यक्त गरिएको छ र देशको राजनैतिक परिवर्तनबाट पीडित जनताको स्थितिलाई दर्साइएको छ । त्यस्तैगरी सुरेन्द्र अस्तफलको *सम्बन्ध* (१३/१०, २०६५) कथामा कथाकारले औंसीमा जन्मेको कारण त्यस्तैसँग विवाह गर्नुपर्ने सामाजिक मान्यताले गर्दा चेलीलाई परेको समस्या यसमा अभिव्यक्त छ रण संस्कार र मान्यतामा देखिने विसङ्गतिलाई औंल्याइएको छ । त्यस्तैगरी सूर्यमणि अधिकारीको *उपायको खोजीमा* (५/३, २०५६) शीर्षकको कथामा राष्ट्रनिर्माणको गहन अभिभारा लिई जनतालाई गरिबीको गर्तबाट मुक्ति दिलाउने सङ्कल्प बोकेका नेताहरूको कृतघ्न व्यवहार र प्रतिशोध लिने निकृष्ट चरित्रप्रति व्यङ्ग्य गरिएको छ । सामाजिक मर्यादाको खोलभित्र नारीवर्गले भोग्नुपरेको आहत पीडाको रहस्योद्घाटन गर्दै अन्यायको पराकाष्ठा सहन नसकी नारी पनि विद्रोही बन्न सक्ने विचार व्यक्त गरिएको छ ।

हरिहर पौडेलको *लघुकथाहरू* (७/५, २०५८) उपशीर्षकमा *नुनिलो समुद्र* लघुकथामा साधन र स्रोत कब्जा गरेर शक्तिसम्पन्न हुनेहरूले गर्दा नहुने सामान्यले पसिना र आँसु बगाउनु परेको कुरा उल्लेख छ । त्यस्तै *अभिनेता*मा नेपालमा शासकहरू कुशल नभएर अभिनेताजस्तो अभिनय गर्ने, नेताले गर्दा सोझा जनतालाई झुक्याउने परिपाटी रहेको कुरा उल्लेख छ भने *महत्त्व*मा सामान्य मानिसले जीवनयापन गर्न गाह्रो भएकाले दादागिरी बन्ने परिपाटीको विकास भएको कुरा उल्लेख छ । *सम्पर्क*मा नेतालाई भेट्न खोज्दा पनि भेट नदिने व्यस्त भएको बताउने खाली भाषण मात्र गर्ने आफ्नो कर्तव्य पूरा नगर्ने परिपाटीप्रति व्यङ्ग्य गरिएको छ भने उनकै *लघुकथाहरू* (८/६, २०५९) शीर्षकको लघुकथामा उपशीर्षकमा *यता र उता, हल्ला, सत्य, प्रतिक्रिया* शीर्षकमा चारओटा छोटा कथाहरू छन् । *यता र उता* कथामा आफ्नो सुरक्षाको लागि भगवान्सँग प्रार्थना गरिरहेका छन् तर मन्दिरकै भगवान्को सुरक्षार्थ खटाउन परेको कुरा उल्लेख छ । त्यस्तै *हल्ला*मा गाउँमा खोलामा पुल, बिजुली, शान्ति-सुरक्षा आदिको राम्रो व्यवस्था हुने कुरा नेताको भाषणमा सुनिन्छ, झन् चम्चेले झन् उकास्छ गाउँले दङ्ग पर्छन् तर यो खाली नेताको भाषण मात्र हुने कुरा उल्लेख छ । *सत्य* लघुकथामा मानिसभित्रको अहम् र लोभले सत्यलाई कुरूप बनाउँछ, कुरूपताले घृणा र हिंसा बढ्छ । सत्यलाई असत्य र असत्यलाई सत्यताको भ्रम पालेर बसेका मानिस खुसी देखिएको छ भनिएको छ । त्यस्तै *प्रतिक्रिया*मा काम एउटाले गर्छ, जस अर्काले पाउँछ । जनता बोलीले मख्ख पर्छन् तर परिश्रम गरेर दु:ख गर्नेको लागि रोजीरोटीको केही व्यवस्था नभएको कुरा उल्लेख छ भने हरिहर पौडेलकै *ऋतुकाल* (९/८, २०६०) शीर्षकको कथामा समय (उमेर) बढ्दै गएपछि युवतीहरूमा हुने यौनचाहनालाई सपनाको माध्यमबाट व्यक्त गरिएको छ । यो यौनमनोवैज्ञानिक कथा हो । त्यसरी नै उनको अर्को *फिर्ता* (१३/१०, २०६५) कथामा पैसाले कसैलाई पनि नपुग्ने अवस्था, मानिसमा आफ्नै परिवारका सदस्य पनि असहज अवस्था, मान्छेहरूमा बढेको, घृणा र निराशा म पात्रको माध्यमबाट फिर्ता भएर आएपछिको अवस्थामा देखाइएको छ । यसरी **मधूलिका**मा प्रकाशित कथा/लघुकथाहरू समसामयिक जीवनसँग सम्बन्धित देखिन्छन् ।

### ४.२.३ निष्कर्ष

**मधूलिका** पत्रिकामा प्रकाशित अधिकांश कथा/लघुकथामा पद र सत्ताको लोभमा आजको मान्छे जे पनि गर्न सक्छ, जो भ्रष्ट छ, घुसखोर छ, त्यही नै नैतिकवान, क्रान्तिकारी, त्यागी, बलिदानी बन्ने आजको परिपाटीलाई छर्लङ्ग्याइएको छ र कानुनी कारवाही गर्न खटिएका व्यक्ति स्वयम्मा भ्रष्ट भएको कुरा उल्लेख गरिएको छ । राष्ट्रनिर्माणको गहन अभिभारा लिई जनतालाई गरिबीको गर्तबाट मुक्ति दिलाउने सङ्कल्प बोकेका नेताहरूको कृतघ्न व्यवहार र प्रतिशोध लिने निकृष्ट चरित्रप्रति व्यङ्ग्य पनि गरिएको छ । बौद्धिक व्यक्तिभन्दा मन्दबुद्धिकाले देश चलाउँदा देश दुर्गतितिर गएको कुरा देखाइएको छ । यस पत्रिकाका केही कथामा जागिर खान नसकेर आफ्नो परिवारबाट र उसको आफ्नै मानसिकताबाट विरक्तिएर व्यक्ति कोठामा सीमित भएको कुरालाई पनि देखाइएको छ । असल व्यक्ति तर खल्ती पीडित अर्थात् बेरोजगारलाई अभिभावकदेखि अन्यले हेर्ने दृष्टिकोणका साथै सहरमुखी बन्ने आजको प्रवृत्तिप्रति लक्ष्यित कथाहरू पनि रहेका छन् । बेरोजगारको समस्या एकातिर छ भने अर्कातिर तरलभावनामा बगेर आफू मिटाइ अरूलाई सहयोग गर्नमा अत्यधिक खुसी हुने लेखक आफन्तहरूबाट, छिमेकीहरूबाट, हाकिमहरू आदिबाट ठगिएर आर्थिक अवस्था कमजोर भएकोमा लेखक एक्लो भएको पीडा सहेर जिउनुपर्ने आजको अवस्था प्रतिलक्ष्यित गरी लेखिएको कथाहरू छन् । त्यस्तै सामान्य लेखक आफ्नो सारगर्भित भाषण नेताबाट रेडियोमा सुन्दा प्रसन्न भएको कुरा पनि व्यक्त गरिएको छ । यी सबै **मधूलिका** पत्रिकामा प्रकाशित कथाहरूका घटना विषयवस्तु हुन् ।

नारीको छुट्टै अस्तित्व नभएकोले अरूको सहाराले परिचित हुनुपर्ने, सामाजिक मर्यादाको खोलभित्र नारीवर्गले भोग्नुपरेका आहत, पीडाको रहस्योद्घाटन गर्दै अन्यायको पराकाष्ठाले नारी विद्रोही बन्न सक्ने लक्षण, विवाहबन्धनजस्तो सांस्कारिक कर्म गरिसकेपछि पति-पत्नीमा धोकाको भाव रहनुहुन्न भन्ने भाव, कुरूपताका कारणले कुनै नारी सुरक्षाभन्दा असुरक्षा खोज्नेजस्ता यौनमनोवैज्ञानिक कथाहरू पनि रहेका छन् । पैसावाल मान्छेहरूको गरिबप्रतिको सोचाइ/दृष्टिकोण पनि देखाइएको छ र व्यापारीहरू भौतिक सुख पूर्ण भएपछि परिवार सन्तुष्ट छ भन्ने ठान्छन् र शरीरको प्रज्वलित तृष्णालाई आदर्शको खोक्रो सिद्धान्तले तप्त पार्न नसक्ने भाव व्यक्त गरिएको छ र यी विषयवस्तु पनि यहाँका कथामा आएका छन् । नागरिकमा अनमेल, निराशा, पलायनवादी सोच, सामूहिक चेतनाको कमी, खुट्टा तान्ने, काटमार गर्ने, द्वन्द्व गर्ने, कुरा काट्ने, ईर्ष्या गर्ने बानी प्रतिलक्ष्यित समसामयिकतालाई समेटिएका कथाहरू पनि **मधूलिका**मा रहेका छन् । यसप्रकार **मधूलिका**मा प्रकाशित सबै कथा/लघुकथाहरू युगजीवनको अभिव्यक्तिका दृष्टिले प्रभावपूर्ण छन् ।

## ४.३ मधूलिका पत्रिकामा प्रकाशित लेख/निबन्धहरूको विश्लेषण

### ४.३.१ विषयप्रवेश

निबन्ध गद्यमा लेखिएको लघुआकारको साहित्यिक विधा हो । निबन्धमा कुनै निश्चित विषयमा केन्द्रित रही लेखकका अनुभवहरूको नालीबेली स्वतन्त्ररूपले प्रस्तुत गरिएको हुन्छ । निबन्धमा लेखक शीर्षकको सीमित घेराभित्र आबद्ध रही आफ्नो असीमित विचारहरू व्यक्त गर्न सक्दछन् । ''नि' उपसर्ग लागेको 'बन्ध्' धातुमा 'घञ्' प्रत्यय लागेर बनेको व्युत्पन्न शब्द

निबन्ध हो । सर्वप्रथम फ्रान्सेली साहित्यकार मिचेल डी मोन्तेनद्वारा निबन्धको विन्यास भएको हो । उनका अनुसार 'निबन्ध स्रष्टाको विशेष मनोदशामा सृजना हुने सङ्क्षिप्त आयतनको कृति हो । यो अपूर्ण र पूर्णताको सङ्गमबिन्दुमा टिकेको हुन्छ अर्थात् अपूर्णतामा पूर्णताको अन्वेषण गर्न प्रयत्न गरिने रचना हो सूक्ष्म आयतनमा विराटता प्रतिबिम्बित गर्ने रचना विधा हो'[१६] भनिएको छ । लक्ष्मीप्रसाद देवकोटाले निबन्धलाई यसरी परिभाषित गरेका छन् – 'यो रौँचिरा दर्शन होइन, न हो पाण्डित्य दर्शनको ठ्यासफू । यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण र समीक्षणको जरुरत छैन । यो एक धूर्त, बद्‌मास ठिटो हो – जो सडकमा हिँड्दा कहिले ढुङ्गा हान्छ, कतैकतै आनन्दले फुलेर हेर्छ तर घोरिँदैन । ... यो (निबन्ध) टेबिल गफ मात्र हो शास्त्र होइन । यो एउटा फुर्सदको मनोरञ्जन हो । ... यहाँ एउटा रसिलो, हँसिलो, गफाडी, चुट्किलो कुराकानी हो जसको नाम प्रबन्ध (निबन्ध) हो ।'[१७]

'निबन्धको वर्गीकरण आत्मपरक र वस्तुपरक गरी दुई प्रकारले गरिएको छ । आत्मपरकअन्तर्गत विचारात्मक, भावात्मक, वैयक्तिक र वस्तुपरकअन्तर्गत निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी गरिएको छ । वर्णनात्मकअन्तर्गत प्रलेख, लेख, जीवनी, यात्राविवरण, शोधलेख, शोधप्रबन्ध, भूमिका गरी प्रशाखा देखाइएको छ । निबन्धमा विषयको बन्धन नरहने हुँदा लेखकले जुनसुकै विधालाई टिपेर पनि त्यसप्रतिको आत्मप्रतिपादनको एउटा सशक्त माध्यम रहिआएको निबन्ध साहित्यको पुरानो र प्रमुख विधा हो ।'[१८] यस विधाको विकासमा विभिन्न पत्रपत्रिकाले गहन भूमिका निभाउँदै आएका छन्, तीमध्ये **मधूलिका**ले पनि उल्लेखनीय योगदान पुऱ्याएको छ । यस पत्रिकाको सातौँ अङ्कलाई राष्ट्रिय ख्यातिप्राप्त निबन्धकार श्रीओम श्रेष्ठ 'रोदन' को निबन्ध विशेषाङ्कका रूपमा प्रकाशित गरिएको छ भने नवौँ अङ्कमा आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम विशेषाङ्कमा थुप्रै निबन्धहरू प्रकाशित छन् । त्यस्तै अन्य अङ्कमा पनि बेजोड निबन्धहरू छन् ।

निबन्धको विषय, शैली तथा प्रस्तुति र उद्देश्यका विविधताले गर्दा निबन्धका विभिन्न रूपहरू देखापरेका छन् । वर्णनात्मक, निजात्मक, विचारात्मक निबन्धजस्ता विविधताहरू नेपाली निबन्धका क्षेत्रमा देखापरेका छन् । यस पत्रिकाको प्रकाशनले यी सबैखाले निबन्धहरूको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

**मधूलिका**मा विधागत योगदानमा कवितापछिको दोस्रो स्थान निबन्धले ओगटेको छ । लेख/निबन्ध/संस्मरण/विचारहरूलाई एउटै कोटिमा राखेर प्रकाशित गरिएको छ । १३ वर्षको प्रकाशन यात्रामा **मधूलिका** पत्रिकामा ४८ जना लेखकका ७२ ओटा लेख तथा निबन्धहरू प्रकाशित भएका छन् । यस पत्रिकामा आत्मपरक र वस्तुपरक सबै खालका निबन्धहरू प्रकाशित भएका छन् । लेखकका निजी विचारहरूले पनि निबन्धमा स्थान पाएका छन् ।

---

१६ राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध**, भाग ३, (काठमाडौँ : पाठ्यसामग्री पसल, २०५६), पृ. १ ।

१७ ऐजन ।

१८ ऐजन, पृ. १० ।

## ४.३.२ 'मधूलिका' पत्रिकामा प्रकाशित लेख/निबन्ध/संस्मरण/विचारहरूको विश्लेषण

**मधूलिका**का विभिन्न अङ्कमा विभिन्न भावभूमि भएका विविध किसिमका निबन्ध छन् । तीमध्ये अशेष मल्लद्वारा लिखित *सायद अरू पनि धेरै छ लेख्नु* (१०/९, २०६०) निबन्धमा चर्चित आख्यानकार ध्रुवचन्द्र गौतमको धाराप्रवाह भाषण गर्ने कलाबाट चीनमा पनि प्रशंसा पाएको कुरा उल्लेख छ र यसमा छयालीस सालको जनआन्दोलनमा साहित्यकार आवश्यक पर्दा सडकमा ओर्लनुपर्छ भन्ने व्यक्तित्वसँगको सामीप्य र आत्मीयताबाट प्रभावित भएर निबन्ध लेखेको कुरा उल्लेख गरिएको छ । त्यस्तै ईशान गौतमद्वारा लिखित *आलोक प्रेरणाको* (१०/९, २०६०) निबन्धमा आफ्ना पिता ध्रुवचन्द्र गौतमप्रति आफ्नो धारणा व्यक्त गरिएको छ । मान्छेको जीवन बाँच्नका लागि नभएर कडा परिश्रम गर्न, स्वाभिमानी बन्न अनि लक्ष्यप्राप्तिका लागि सङ्घर्ष गरेर जिउनु हो भन्ने मान्यताबाट प्रभावित देखिन्छ र उनको आन्तरिक संरचना र शिल्पगत विशिष्टता छ भनेर उल्लेख गरिएको छ, तर आन्तरिक संरचना कस्तो छ, शिल्प किन विशिष्ट छ त्यो पत्ता लगाई गौतमको सही मूल्याङ्कन हुन नसकेको कुरा व्यक्त गरिएको छ । त्यस्तैगरी ईश्वरबल्लभद्वारा लिखित *कविता लेखन सामान्यका लागि होइन* (६/४, २०५७) शीर्षकको निबन्धमा कवि खुमनारायण पौडेलको **नरमेध** कवितासङ्ग्रहमाथि भएको साहित्यिक अन्तर्क्रिया कार्यक्रममा व्यक्त अभिमत प्रस्तुत गरिएको छ । कविता लेख्ने कुरा सामान्यका लागि नभएर जसले ग्रहण गर्छ उसको लागि हो । बिम्ब र प्रतीक समकालीन कवितालेखनका अत्यावश्यक सामग्रीहरू हुन् भन्दै पहिले मान्छेको बिम्बको निर्माण गर्छ अनि बल्ल (आकृति) तयार हुन्छ भनिएको छ र **नरमेध** कवितासङ्ग्रहका कविता वस्तुपरकशैलीमा, जटिल भाषाशैलीमा र प्रथमपुरुष शैलीमा अभिव्यक्त छ भनिएको छ । त्यस्तै उत्तम नेपालीद्वारा लिखित *एउटा शब्दचित्रभित्र पोर्ट्रेट : डा. ध्रुवचन्द्र गौतम* (१०/९, २०६०) शीर्षकको निबन्धमा गौतमप्रति आफ्नो धारणा व्यक्त गरिएको छ । उनका अनुसार सरल, विनोदी, सद्भावपूर्ण व्यवहार गर्ने, लेखनमा निरन्तरता दिनसक्ने, सहयोग गर्ने बानी भएका, लेखनशैली अति नै सरल र मनमोहक हुने गौतमको विषयवस्तुको चयन र प्रस्तुतिशैली अत्यन्त उत्कृष्ट र माधुर्यले भरिएको हुने कुरा व्यक्त गरिएको छ ।

कविर राणाद्वारा लिखित *ध्रुवदाइ अर्थात् सरलपन र मृदुभाषित र मिलनसारिताको पर्याय* (१०/९, २०६०) शीर्षकको निबन्धमा सरलपन, मृदुभाषित र मिलनसारको पर्याय भएका गौतम कुशल सुसेलीकार, गीतकार, गायक, साहित्यको विश्लेषणकर्ता, व्यङ्ग्यलेखनमा निपूर्ण, यात्रासंस्मरण लेखक, कृतिमाथि विवेचना गर्ने खुबी भएका भनी राणाले आफ्नो धारणा व्यक्त गरेका छन् । त्यस्तै किशोर पहाडीद्वारा लिखित *काँचो आँप खाने ध्रुवदाइ* (१०/९, २०६०) निबन्धमा साठी वर्ष नाघे पनि पचासका जस्ता देखिने, एक सुन्दर पुरुष बुलन्द गायक, सिनेमाका एक बौद्धिक दर्शक, मृदुभाषी, सरल व्यक्ति आख्यानसाहित्यका महारथीको साठीऔँ जन्मोत्सव मनाउँदा बिहान सबेरै काँचो आँप खाने दाइ भनी सम्झेको कुरा उल्लेख गरिएको छ । त्यसैगरी कृसु क्षेत्रीद्वारा लिखित *पृथ्वीको वरिपरि ध्रुवचन्द्र गौतम* (१०/९, २०६०) शीर्षकको निबन्धमा गौतमको बारेमा संस्मरण लेख्ने क्रममा **पृथ्वी**नामक पत्रिकामा स्तम्भकार गौतमका लेखहरू सामाजिक, आर्थिक, राजनैतिक, विकृतिविसङ्गतिजस्ता विषयहरूमा लेखिएको छ भनिएको छ । त्यस्तै विकृतिविसङ्गतिविरुद्ध भूकम्प ल्याउने, बाढी-पहिरो सिर्जना गर्ने असल

व्यक्तिको खाँचो भएको कुरा उल्लेख गरिएको छ । यसमा जटिल भाषाशैली र प्रथमपुरुषको प्रयोग गरिएको छ । त्यस्तै कृष्ण धरावासीद्वारा लिखित *प्लास्टिकको मन* (८/६, २०५९) शीर्षकको निबन्धमा निबन्धकारले सत्ताकाङ्क्षीको सपनाहरूले गर्दा आज हाम्रो देशमा मान्छेमा संवेदनाशून्य, मानवताशून्य अवस्थाको सिर्जना भएको र खिइँदा पनि खिइँदैन, मन पनि छुँदैन, त्यस्तै त्यस्तै सानो प्लास्टिकजस्तै मन लिएर आगततिर फर्किएर प्रस्तर उभिएको कुराभित्र रुद्रगोपाल शर्माको प्रत्युत्तरमा भनिएको छ ।

खुमनारायण पौडेलद्वारा लिखित *कविताको गर्भाधान र विकासको विधि अमूर्त छ* (८/६, २०५९) शीर्षकको विचारात्मक लेखमा लेखकद्वारा मनमस्तिष्कको सहकार्यबाट संवेग उत्पन्न हुने त्यही सहकार्यबाट कविताको जन्म हुने कुरा उल्लेख गरिएको छ र कविता मान्छेको मनको प्रतिक्रिया हो भनिएको छ । मैलिकता नै हाम्रो पहिचान भएकोले सस्ता हिन्दी सिनेमाको पुस्तक नपढी दर्शन र विचारको तराजुमा हामीले हाम्रो सिर्जनाको मूल्याङ्कन गर्नुपर्ने कुरा व्यक्त गरिएको छ भने उनकै *अस्तित्ववादी-विसङ्गतिवादी स्कुलका मेरा गुरु* (१०/९, २०६०) शीर्षकको लेखमा लेखकले ध्रुवचन्द्र गौतमलाई अस्तित्ववादी-विसङ्गतिवादीका आफ्ना गुरु मानेको कुरा उल्लेख छ । विनम्रता, विनयशीलताले सबैलाई प्रेरणा दिने, नेपालको आर्थिक, राजनैतिक, यौनविकृति र विसङ्गतिप्रति लक्षियत गरी लेख्ने, विभिन्न प्रविधि र शिल्पहरू अपनाउन सक्ने गौतमलाई उपन्याससम्राट, कथासम्राट, आख्यानसम्राट, आख्यानका सगरमाथा, आख्यानपुरुष जुन उपाधि दिए पनि श्रद्धा र अर्चना हुने कुरा व्यक्त गरिएको छ ।

गणशेखर शर्माद्वारा लिखित *डा. ध्रुवचन्द्र गौतमप्रति मेरा केही शब्दसमर्पण* (१०/९, २०६०) शीर्षकको लेखमा आख्यानका धरोहर सरल र सरस स्वभावका धनी गौतमको अभिनन्दनग्रन्थमा आफूले केही शब्दसमर्पण गर्न पाउँदा खुसी भएको कुरा उल्लेख गरिएको छ । आत्मपरक प्रथमपुरुष शैलीमा लेखिएको छ । भाषाशैली सरल छ । त्यस्तै गोपाल अश्कद्वारा लिखित *मैले जानेबुझेको डा. ध्रुवचन्द्र गौतम* (१९/९, २०६०) शीर्षकको लेखमा सरल, सहज र भावुक, स्वाभिमानी स्वभावका गौतमप्रति आफ्नो श्रद्धा र निष्ठा भएको कुरा उल्लेख गरिएको छ । गौतमको व्यक्तित्व र कृतित्वको बारेमा **मधूलिका**को नवौं अङ्क निस्कँदै गरेको अवस्थामा लेख्ने मौका पाएको बेलामा आफ्नो एक दशक लामो सङ्गतमा गौतमबाट नै गुरुशिक्षा लिएको कुरा लेखमा उल्लेख गरिएको छ । त्यस्तैगरी गोपाल पराजुलीद्वारा लिखित *आउने मान्छे जसरी पनि आउँछ* (१०/९, २०६०) शीर्षकमा लेखकको र ध्रुवचन्द्र गौतमबीच भएको भावनात्मक र सुमधुर सम्बन्ध रहेको कुरा उल्लेख गरिएको छ । कलममा शक्ति हुनेहरूलाई बाधाले रोक्न सक्दैनन् भन्ने भाव पनि लेखकद्वारा यसमा व्यक्त गरिएको छ । त्यसरी नै गोपी सापकोटाद्वारा लिखित *ध्रुवदाइले हिँडिसकेको बाटोमा* (१०/९, २०६०) लेखमा ध्रुवदाइका नाटकलाई समुयल वेकेट र हेराल्ड पिन्टरका नाटकहरूसँग तुलना गरेर वा विसङ्गतिवादी दृष्टिले अध्ययन-अनुसन्धान गर्नुपर्ने कुराको उल्लेख गर्दै, ध्रुवदाइले निर्माण गरेका नेपाली नाटकका मोडहरू र घुम्तीको पछि आफू साहित्यकार भएको नाताले एकदुई गरेर पाइला चाल्दै अगाडि बढ्न लागेको कुरा उल्लेख गरिएको छ । त्यस्तै गोविन्दराज भट्टराईद्वारा लिखित *गजलको राजधानीमा एक मध्यरात* (१३/१०, २०६५) शीर्षकको निबन्धमा भट्टराईद्वारा कल्पित गाउँ नर्फोकमा भएको गजल कार्यक्रममा भएको मनोरञ्जनलाई र खाट चुँडिएको रमाइलो घटना र प्रसङ्गलाई नौलो पाराले व्यक्त गरिएको छ र गजलको सस्तोपनप्रति व्यङ्ग्य गरिएको छ ।

चङ्की श्रेष्ठद्वारा लिखित *ध्रुवचन्द्र गौतम नै किन ?* (१०/९, २०६०) शीर्षकको लेखमा निबन्धकारले गौतमको आख्यानमा मानवीय प्रवृत्तिलाई व्यङ्ग्यात्मक पुटमा ढाल्ने अनुपम कला रहेको, चार्ली च्याप्लिनको शैलीमा प्रकट हुने, मीठो र चोटिलो अभिव्यक्ति पाइने कुरा उल्लेख गरिएको छ । त्यस्तै पाठकलाई लठ्याउने खालको भाषाले गर्दा प्रभावित भएको कुरा उल्लेख गर्दै जति पियो त्यति मीठो अङ्गुरको रक्सीजस्तै भनिएको छ । त्यस्तै चोलेश्वर शर्माद्वारा लिखित *ज्यादा खालिया र हमदर्द का पचनोल* (६/४, २०५७) शीर्षकको निबन्ध व्यङ्ग्य निबन्ध हो । यस निबन्धमा विकासका नाममा विदेशी सामानहरूको विज्ञापन पर्ने वर्तमान नेपाली संस्कृतिप्रति व्यङ्ग्य गरिएको छ । विदेशी संस्कृति, विदेशी भाषाकै अनुयायी बन्दै गएमा नेपालीहरूमा सामाजिक, राजनीतिक, आर्थिक, विसङ्गतिपूर्ण जीवनको बन्ने कटु यथार्थप्रति व्यङ्ग्य गरिएको छ । त्यस्तै जयदेव भट्टराईद्वारा लिखित *लेखेर नबाँचे पनि बाँच्नलाई लेखिरहने* (१०/९, २०६०) निबन्धमा निबन्धकारद्वारा ध्रुवचन्द्र गौतमलाई विनालेखन एकैछिन बस्न नसक्ने तर लेखेर बाँच्न नसक्ने कुरा उल्लेख गरिएको छ । थकान र विश्राम, निराशा र हतास भन्ने शब्द नै नभएका दिनरात साधनामा लागिरहन सक्ने साधकको सरकारी तवरबाट हुनुपर्ने जति सम्मान नभएको कुरा उल्लेख छ ।

डिल्लीराम पराजुलीद्वारा लिखित *चितवनको सङ्क्षिप्त परिचय* (१/२०५१) लेखमा चितवन शब्दको उत्पत्ति हुनाका कारणहरू उल्लेख गर्दै चितवनको प्राकृतिक सम्पदा, भौगोलिक, धार्मिक, सामाजिक, आर्थिक चाडपर्वहरू, खेतीपाती, पशुपालन, औद्योगिक क्षेत्र, शैक्षिक दृष्टिकोण, स्वास्थ्य, यातायात, सञ्चारक्षेत्र, सिँचाई, खानेपानी, विद्युतीकरण, पर्यटनक्षेत्र, वनस्पति आदिका क्षेत्रमा यस जिल्लाबाट भएका क्रियाकलापको सङ्क्षिप्त विवरण दिइएको छ । त्यस्तै डी.आर. पोखरेलद्वारा लिखित *माग्ने संस्कृति* (१३/१०, २०६५) शीर्षकको निबन्धमा संस्कार र परम्परामा नै मागे राज्य पाइन्छ भन्ने मान्यता रहिआएको कुरा उल्लेख गर्दै मागेर राष्ट्रियता, स्वतन्त्रता, संस्कृति, सिर्जना पाउन नसक्ने कुरा व्यक्त गरिएको छ । यस्तो घृणित कुराको अवलम्बनका कारणले टाउको निहुर्‍याउने, हात पसार्ने संस्कृतिले देश बिग्रेको कुरा उल्लेख गरिएको छ । तुलसी भट्टराईद्वारा लिखित *डा. गौतम : केही दृष्टि-प्रक्षेप* (१०/९, २०६०) निबन्धमा गौतमको आख्यानकारितालाई स्पष्ट पारिएको छ । यसमा खास गरेर कथा र उपन्यासहरूमा निजत्व भएको उनका जीवनसँग गाँसिएका छन् भनिएको छ र उनका उपन्यासको केन्द्रीय चुरो कुरालाई अनौपचारिक तरिकाले बुँदागत रूपमा उल्लेख गरिएको छ ।

दिनेश गुप्ताद्वारा लिखित *उपन्याससम्राट ध्रुवचन्द्र र वीरगञ्ज* (१०/९, २०६०) शीर्षकको लेखमा गौतमले लेखेर पहाड बनाइसकेका नयाँनयाँ प्रयोग गर्ने, उपन्याससम्राटको उपाधि पाएका गौतमको सङ्ख्यात्मक र गुणात्मक दृष्टिले विशाल सागर बनेको कुरा उल्लेख गरिएको छ । वीरगञ्जलाई शाब्दिक इतिहासमा स्वर्णाक्षरले लेख्ने काम हुनुका साथै वीरगञ्ज गौरवशाली बनेको कुरा उल्लेख छ । त्यस्तै देवेन्द्र भट्टराईद्वारा लिखित *पलपल बित्यो साठी वर्ष* (१०/९, २०६०) शीर्षकको लेखमा ध्रुवचन्द्र गौतम साठी वर्ष पुगेको अवसरमा भेटमा भएका कुराकानीलाई अत्यन्त अनौपचारिक शैलीमा लेखिएको छ । यसमा गौतमका नकारात्मक र सकारात्मक कुराकानीलाई आत्मपरक शैलीमा व्यक्त गरिएको छ । त्यस्तैगरी धनराज गिरीद्वारा लिखित *प्रिया, मैले राजीनामा दिएँ* (१३/१०, २०६५) शीर्षकको व्यङ्ग्यनिबन्धमा निबन्धकारद्वारा राजनीतिमा लागेका नेता, डायरीको आधारमा पढाउने असक्षम प्राध्यापकहरू,

असाहित्यिक साहित्यकारहरू, त्यस्तै डाक्टरहरूलाई व्यङ्ग्य गरिएको छ । असक्षम व्यक्ति अर्थात् नालायकहरूले राजीनामा दिए सक्षमले काम पाउने कुरा व्यङ्ग्यात्मक रूपमा व्यक्त गरिएको छ । त्यस्तै ध्रुव सापकोटाद्वारा लिखित *मेरो प्रस्ताव उहाँले मान्नुभएन* (१०/९, २०६०) शीर्षकको लेखमा ध्रुवचन्द्र गौतमको व्यक्तित्वको चर्चा गर्दै, हल्लाभन्दा काममा विश्वास गर्ने, नेपालभर ख्याति कमाएका लेखक भनिएको छ । ध्रुव सापकोटाले शरणार्थीको बारेमा उपन्यास लेखेर सिद्धहस्त गौतमलाई काँटछाँट गर्न दिने र गौतमकै नाउँमा छाप्न दिने कुरा गर्दा नगरेको कामको जस लिनु हुन्न भन्ने मान्यताका लेखक भनिएको छ ।

नयनराज पाण्डेद्वारा लिखित *४७४०६७* (१०/९, २०६०) लेखमा साहित्यकार ध्रुवचन्द्र गौतमको स्मरण गर्दै उहाँमा रहेको असीमित प्रतिभाको वर्णन गरिएको छ । उनी कथाकार, उपन्यासकार, गायक, गीतकार, नाटककार, टेलिचलचित्र लेखक, निर्देशक बनिसकेका एक कुशल व्यक्तित्व रहेको कुरा उल्लेख गर्दै लेखकीय उन्नतिलाई सलाम भनी सम्झनाका अथाह शृङ्खला रहेको कुरा उल्लेख गरिएको छ । त्यस्तै नारायणप्रसाद खनालद्वारा लिखित *मोनिका र क्लिन्टनको प्रणयपीडा* (८/६, २०५९) शीर्षकको निबन्धमा अमेरिकाको पूर्वराष्ट्रपति क्लिन्टन र मोनिकाको प्रेमलाई आधार बनाएर प्रेम आत्मीय, शाश्वत, उच्च उदात्त हुनुपर्छ भनिएको छ । ठूला व्यक्तिले विचार गरेर मात्र यौनसम्पर्क गर्नुपर्ने नत्र त्यसको दुष्प्रभाव सारा संसारमा पर्ने कुरा व्यक्त गरिएको छ र अल्लारे प्रेमप्रति विमति जनाइएको छ । त्यस्तैगरी पुरुषोत्तम बस्नेतद्वारा लिखित *मेरो अनुभूतिभित्र डा. ध्रुवचन्द्र गौतम* (१०/९, २०६०) लेखमा आफ्ना मित्र साहित्यकार ध्रुवचन्द्र गौतमको स्मरण गर्दै उनीभित्रको अति संवेदनशील पक्षको अनुभव गरेको कुरा उल्लेख गरिएको छ । नेपाली साहित्यमा गौतमको खोजी गर्दा त्यसको हाँगाबिँगा र जरा कहाँसम्म पुगेको छ राम्रो खोजी गर्नुपर्ने कुरा गौतमको छ भनिएको छ । त्यस्तै प्रकाश सायमीद्वारा लिखित *आत्मा धरतीमा एउटा अपरिचितजस्तै* (१३/१०, २०६५) शीर्षकको निबन्धमा निबन्धकार अस्ट्रियाका अभिव्यक्तिवादी कवि जर्ज त्राकलको व्यक्तित्व, जीवन र पारिवारिक कुराको उल्लेख गरिएको छ । त्राकलका अब्बल दर्जाका कवितामा ईश्वरको खोज, साहस र क्षयका बारेमा व्याख्या गरिएको छ साथै उनका कवितामा अकालका सङ्कट र सङ्घर्षका बिम्बहरू रहेको कुरा उल्लेख छ ।

बलदेव शर्मा मजगैंयाँ लिखित *धर्तीपुत्र* (१०/९, २०६०) लेखमा निबन्धकारले ध्रुवचन्द्र गौतमलाई किसानले ज्यावल चलाएजस्तै चौबीसैघण्टा कलम चलाउन सक्ने भनिएको छ । प्रत्येक वर्ष प्रकाशित हुने उपन्यासमा नवीन प्रयोगका कृतिहरू, सैकडौं स्तम्भलेखन कथा-पटकथा, गीत-कविता लेखेको कुरा उल्लेख छ । आफ्नो धर्ती, संस्कार र संस्कृतिलाई आख्यानको माध्यमबाट जीवन्त राख्न राख्दै अतीत, वर्तमान र भविष्यलाई लगाम लगाएर एकैसाथ आख्यानको रथ हाँक्ने सारथी हुनसकेको कुरा साठी वर्षको अवसरमा शुभकामना एवम् अभिवादनमा व्यक्त गरिएको छ । त्यस्तै बाबुराम लामिछानेद्वारा लिखित *काउकुतीहरू* (७/२०५८) संस्मरणात्मक लेखमा बीस वर्षअघिको डोल्पाको छार्कासम्मको यात्राको अनुभवहरू समेटिएको कुरा उल्लेख छ । हाम्रो देशको प्राकृतिक स्वच्छन्दता, हिमाली उच्चता, जडीबुटी, अमूल्य कस्तुरी-मृगको संस्मरण गरिएको छ । आफूले लगाउने लुगा आफैँले बनाउनुपर्छ भन्ने छार्काका बासिन्दाको भनाइ र त्यहाँको रमाइलो प्रसङ्गको समेत उल्लेख गरिएको छ भने उनकै *कुनै पात्रजस्तै* (१०/९, २०६०) लेखमा नेपाली साहित्यको

आख्यानविधाका अग्र उचाइ मानिने गौतम उत्कर्षको थाप्लोमा टेक्न सफल मानिने कुरा उल्लेख गरिएको छ । कौतुकमय कथा, विस्मयले झस्काइरहने उपन्यास लेखेर पाठकलाई हाँस्दै रुने र रुँदै हाँस्ने प्रभाव पाठकमा छोड्न सक्ने सिर्जनात्मक सीप भएका कालजयी किताब गौतमप्रति आफ्नो प्रभावको कुरा उल्लेख छ ।

भुवन ढुङ्गानाद्वारा लिखित *हिजो र आजका ध्रुवचन्द्र* (१०/९, २०६०) शीर्षकको लेखमा गौतम मिथकलाई यथार्थमा परिणत गर्ने खुबी भएका, संस्कार र संस्कृतिको उल्लेख गर्ने, अस्तित्व र अनस्तित्वको बीचको अन्तर्द्वन्द्वमा सैद्धान्तिक लडाइँ लड्न सक्ने, प्रतीकात्मक कथा लेख्ने, कथालाई नाटकीय मोड दिने, अस्तित्ववादी दर्शनलाई अभिव्यक्त गर्न पोख्त छन् भनिएको छ । तीन दशक अगाडिका ध्रुवचन्द्र उमेर र समयको फड्कोमा रेलमा चढेर रेल कुदेजस्तै प्लेटफर्ममा छाडेर कुदिसकेको कुरा उल्लेख गरिएको छ । त्यस्तै युवराज नयाँघरेद्वारा लिखित *ध्रुवचन्द्र र मेरो अम्मल* (१०/९, २०६०) शीर्षकको लेखमा ध्रुवचन्द्र गौतमको लेखनमा प्रयोगशील विशिष्टता एवम् नवीनता पाइने, लेखनयात्रामा विश्राम नभएको, औपन्यासिक यात्रा द्रुतगतिमा अगाडि बढेको कुरा उल्लेख गर्दै उनको उपन्यास अम्मल बनेको कुरा उल्लेख छ ।

रमेश गोर्खालीद्वारा लिखित *आगामी अङ्कको आकर्षण* (५/३, २०५६) निबन्धमा निबन्धकारद्वारा जीवनमा शुभकामना दिनु सजिलो तर शुभेच्छा र सदाशय प्राप्त गर्न गाह्रो रहेको कुरा व्यक्त गरिएको छ । आजकल धेरैजसो पत्रिकामा आगामी अङ्कको आकर्षण भनेर विज्ञापन गरिन्छ तर पाठकले खोजेजति दिन सक्दैन । त्यसैले मोहन्धताविहीन आकर्षणलाई बचाउनुपर्ने, अत्याकर्षणसँग सजग हुनुपर्ने वैचारिक दृष्टिकोण व्यक्त गरिएको छ भने उनकै *ऋतु र ऋतुज्ञानी बन्नको पीडा* (६/४, २०५७) निबन्धमा ऋतुगत नूतनपनको परिवर्तनमात्र नभई निश्चित सोच प्रदान भई हिजोका प्रपञ्च बुझेकाले दिक्दारीलाई बिर्सेर अठोट र जिजीविषाको प्रभावले त्यसलाई गतिदेओस् भन्ने भाव व्यक्त गरिएको छ र ऋतु परिवर्तनले अनुभूतिका नयाँनयाँ ऊर्जा थप्दै, सन्त्रास नभई विश्वास निम्त्याओस् भन्ने इच्छाभाव व्यक्त गरिएको छ । त्यस्तै राजकृष्ण कँडेलद्वारा लिखित *असल कि ठूलो ?* (५/३, २०५६) निबन्धमा असल हुनु र ठूलो हुनुको तुलनात्मक भिन्नता देखाइएको छ । सुगन्धविनाको फूल र असल कर्मविनाको मानवजीवन निरर्थक हुने कुरा व्यक्त छ । यो असल कर्म र असल विचारले नै संसार स्वस्थ र स्वच्छ दिशातिर उन्मुख हुन्छ भन्दै भोग र लालसाको, अहम् र असन्तुष्टिको, तृष्णा र बुभुक्षाको विवेकशून्यताको र संवेदनशून्यताको मार्ग छोडी आत्मिक तृप्तिको, आनन्दको शाश्वत सुखको, विवेकशीलता र संवेदनशीलताको मार्ग अवलम्बन गर्नुपर्ने कुराको सङ्केत गरिएको विचारात्मक लेख हो भने उनकै *चितवनको साहित्यिक भविष्य* (१/२०५१) शीर्षकको लेखमा चितवनको साहित्यिक फाँटमा अतीततिर फर्केर हेर्दा वर्तमान समयमा साहित्यको फाँट उर्वर रहेको भन्दै साहित्य र साहित्यिक सिर्जनाको चर्चा-परिचर्चा गरिएको छ । साहित्य स्रष्टाहरूलाई क्रियाशील गराउन साहित्यिक संस्थाहरूको अहम् भूमिका रहने कुरा उल्लेख गर्दै साहित्य सिर्जनाका लागि अनुकूल र मलिलो वातावरण बनाएर पुराना स्थापित साहित्यकारहरूलाई थकाई मार्न दिइएन भने र उदीयमान साहित्यकारहरूको जाँगरलाई सेलाउन दिइएन भने चितवनको साहित्यिक भविष्य उज्ज्वल हुने कुरा व्यक्त गरिएको छ । त्यस्तै रासाद्वारा लिखित *अध्ययन : एक उत्कृष्ट कार्य* (१३/१०, २०६५) शीर्षकको विवरणात्मक लेखमा लेखकद्वारा विभिन्न देश-विदेशका पुस्तकहरूबाट प्रभावित भएको कुरा

उल्लेख गरिएको छ । मानवजीवनमा लेखनभन्दा अध्ययन अझ अधिक महत्त्वपूर्ण हुने र विनाअध्ययन लेखन अधुरो हुने कुरा व्यक्त गरिएको छ । त्यस्तैगरी राजेन्द्र पराजुलीद्वारा लिखित *डाक्टरसाप फ्ल्यासब्याकमा* (१०/९, २०६०) शीर्षकको लेखमा ध्रुवचन्द्र गौतमप्रति आफ्नो धारणा व्यक्त गरिएको छ । लेखनकार्यमा जीवन आहुति दिने, राम्रो लेख्ने नेपाली साहित्यको अत्यन्त क्रियाशील लेखक भन्दै जन्म नै लेख्नका निम्ति हो भन्दा अत्युक्ति नहोला भनिएको छ । त्यस्तै रामबाबु घिमिरेद्वारा लिखित *निर्मोहीसँग मोह* (६/४, २०५७) निबन्धमा निबन्धकारले निर्मोहीप्रति प्रस्तुत गरिएको आफ्नो धारणा व्यक्त गरिएको छ । निर्मोही नाम भए पनि स्वभाव कोमल, निर्मल सिमलको भुवा भएको, नीतनवीन-प्रवाहका भएको उल्लेख गर्दै विधाताको विधानको प्रावधान भए बाँकी आयु निर्मोहीजस्ता स्रष्टालाई दान गर्ने कुरा व्यक्त गरिएको छ ।

विनय रावलद्वारा लिखित *माइसाप ध्रुवचन्द्र र मेरो सहर* (१०/९, २०६०) शीर्षकको लेखमा ध्रुवचन्द्र गौतमप्रति आत्माभिव्यक्ति प्रकट गरिएको छ । देशको राष्ट्रिय प्रतिभा हुन सफल व्यक्ति वाणिज्यको राजधानी मानिने सहर वीरगञ्जमा जन्मेर त्यहाँ साहित्यको लहर फैलन सकेकोमा खुसी भएको कुरा व्यक्त गरिएको छ । त्यस्तै विष्णुविभु घिमिरेद्वारा लिखित *मेरो सम्झनामा ध्रुवचन्द्र* (१०/९, २०६०) शीर्षकको लेखमा जीवनसँग सङ्कल्प हुनुपर्छ भन्दै लेखनमा जीवनलाई समर्पण गर्न सक्ने ध्रुवचन्द्र गौतमप्रति आफ्ना विचारहरू अभिव्यक्त गरिएको छ ।

व्याकुल पाठकद्वारा लिखित *आख्यानपुरुष* (१०/९, २०६०) शीर्षकको लेखमा निबन्धकारले गौतमले साठी वर्षको अवकाशमा बस्ने उमेरमा पनि नेपाली साहित्यमा कलम चलाउने, नयाँनयाँ विधाकै सूत्रपात गर्ने, कसैले नगरेको प्रयोग गर्न माहिर मानिने कुरा उल्लेख गरिएको छ । सूत्रकथा, सूत्रउपन्यास, अनुभवन्यास गौतमकै उर्वर सोचाइको उपज मानिने कुरा उल्लेख गर्दै छोटो जीवनमा धेरै लेख्ने, पुस्तकलाई समीपको मित्र ठान्ने आख्यानपुरुष भनिएको छ । त्यस्तै भाउपन्थीद्वारा लिखित *मेरो शब्दक्यान्भासमा डा. ध्रुव* (१०/९, २०६०) शीर्षकको लेखमा नेपाली साहित्यका अति उच्च, अप्रतिभ, अद्वितीय विशेषता भएका राष्ट्रिय वाङ्मयका परिचायक ध्रुवचन्द्र गौतमको व्यक्तित्वको कुरा उल्लेख छ । जीवनलाई सर्कसको रोप वाकिङ मान्दै त्यसमा फरकफरक प्रदर्शनबाट दर्शकलाई खुसी पारेजस्तै भिन्नभिन्न दर्शकलाई त्यस्तै किसिमबाट सन्तुष्ट पार्नुपर्छ भन्ने मान्यताबाट देश, समाज र परिवेशलाई छाप्ने लेखकीय परिपक्वताको प्रस्थानबिन्दुलाई लेखकद्वारा शुभकामना व्यक्त गरिएको छ ।

शिव अधिकारीद्वारा लिखित *ध्रुवचन्द्रजस्तै ध्रुवचन्द्र* (१०/९, २०६०) शीर्षकको संस्मरणात्मक लेखमा नलेखीकन बस्न नसक्ने, निर्भय, निर्बाध, निराशक्त सडकमा उग्राइरहने साँढेजस्तै निस्प्रभावमा लेखिरहन सक्ने सहजै सहजता प्राप्त गर्न सक्ने, लेखनमा वाक्सिद्धि र विरुदावली शैली लोभलाग्दो भनी आफ्नो अभिव्यक्त प्रकट गरिएको छ । त्यस्तै शैलेन्द्र साकारद्वारा लिखित *डा. ध्रुवचन्द्र गौतम : मेरो मित्र मेरो शत्रु* (१०/९, २०६०) शीर्षकको लेखमा लेखनमा खरो गद्य र पालिस नगरेको जुत्ताजस्तो अव्यवस्थित खस्रो भाषाशैलीका सधैँ विवादास्पद भएर पनि चर्चित गौतमको विशेषता बताइएको छ । पेन नेपालको कार्यकारिणी सदस्यबाट लेखकको नाम झिकेको कारणबाट शत्रूता कायम भए पनि प्रिय समकालीन लेखक भएको कुरा उल्लेख गरिएको छ । त्यस्तै सनत रेग्मीद्वारा लिखित *मेरा अग्रज, मेरा मित्र : डा.*

*ध्रुवचन्द्र गौतम* (१०/९, २०६०) शीर्षकको लेखमा प्रखर साहित्यस्रष्टा अस्तित्ववादी-विसङ्गतिवादी दर्शनबाट प्रभावित, राष्ट्रिय सङ्कट र विसङ्गतिको मार्मिक रचना गर्ने आख्यानजगत्का बेजोड प्रतिभा आफ्ना मित्र भनिएको छ । त्यसरी नै सृजन लम्सालद्वारा लिखित *शीर्ष आख्यानकार डा. ध्रुवचन्द्र गौतम* (१०/९, २०६०) शीर्षकको लेखमा गौतमलाई नेपाली साहित्यको एक प्रखर, सबल, सशक्त, कुशल आख्यानकारले नेपाली वाङ्मयको सगरमाथा उचाल्न सफल अन्तर्राष्ट्रिय साहित्यको समेत गहन अध्ययनकर्ता भनिएको छ ।

श्रीओम श्रेष्ठ 'रोदन' द्वारा लिखित *स्वयम्वार्ता* (९/७, २०६०) निबन्धमा मानिसहरू चाहिनेभन्दा बढी महत्त्वाकाङ्क्षी बन्ने सपनाले गर्दा हार्दिकताभन्दा बढी यान्त्रिकतामा जोड दिँदै गइरहेको आजको अवस्था देखाइएको छ । आफ्नो गल्ती, कमी-कमजोरी वा असामाजिक कार्यप्रति सचेत र सतर्क भई आफूले नै आफैँसँग स्वयम्वार्ता गर्नुपर्ने अवस्था देखाइएको छ भने उनकै *निम्तोपत्र* (९/७, २०६०) मा नेताको बोलीमा सत्यता नभएको, नि:स्वार्थ भावनाले गर्नुपर्ने सामाजिक सेवा विदेशी मुद्रामा सीमित हुन थालेको, धर्मकर्म अर्ति दिने र ठगीखाने भीडहरूको क्षेत्र बन्दै गएको र आचारसंहिता नभएको देशको अवस्था देखाइएको छ । त्यस्तै मानिसहरूको आडम्बरलाई धनसम्पत्तिको मोह र देखावटीपनलाई तामाको निम्तोपत्र शीर्षकद्वारा व्यङ्ग्य गरिएको छ । त्यस्तै उनको *प्रारम्भ पुन: प्रारम्भ* (९/७, २०६०) शीर्षकको निबन्धमा धेरै धर्मात्मामा हुने शक्ति व्यापारीमा, व्यापारीमा हुने तस्करमा, तस्करमा हुने सम्पूर्ण शक्ति नेतामा हुने गरेको छ । हरेक क्षेत्रलाई राजनीतिले घोडा बनाएर सारथी बन्ने गरेको छ । नातावाद, असत्य र भ्रष्टाचारवादले गर्दा मानिसको क्रमिक विकासभन्दा विनाशतर्फ क्रमश: पतनतर्फ गइरहेको देखाइएको छ । त्यसरी नै उनको अर्को *मूर्ख र मन* (९/७, २०६०) निबन्धमा जीवनभर असामाजिक र उच्छृङ्खल काम गर्ने, पार्टीमा भेटी चढाएर उम्मेदवार र नेता बन्ने र नैतिकताको प्रवचन दिने र शक्तिशाली बन्ने, पैसा कमाउने हाम्रो देशको नेताप्रति व्यङ्ग्य गरिएको छ । बाँचुन्जेल अरूलाई मार्ने, मरेपछि मर्यादित हुने उद्देश्यले पुरस्कारको स्थापना गर्ने महामहिमप्रति यसमा व्यङ्ग्य गरिएको छ भने *शम्भु राई अर्थात् आरोह-अवरोह* (९/७, २०६०) शीर्षकको निबन्धमा साहित्य, सङ्गीत, कलामा रम्न रुचाउने कर्मीहरूले सहानुभूति प्राप्त गर्न सक्दैनन् । सहरमा नक्कली आदर्श प्राप्त हुन्छ । साहित्य कलामा लाग्नेहरूलाई हौसलाको सट्टा पुड्को बनाउने प्रवृत्ति राष्ट्रिय प्रवृत्ति बनेको छ । साहित्य, सङ्गीतसाधकहरू एकपटक जन्मेपछि कहिल्यै मर्दैनन् । त्यस्तै साधकमध्ये शम्भु राई जो सगरमाथा बनेका छन् भनिएको छ । त्यसरी नै अर्को *अर्थ नलागोस्* (९/७, २०६०) शीर्षकको निबन्धमा साहित्यमा नयाँ प्रतिभाले अग्रजहरूबाट ठूलो सल्लाह पाउनको अपेक्षा केही प्रयास गर्नु अभिशाप बन्ने कुरा उल्लेख गर्दै अन्य अर्थ नलागोस् भन्दै आगामी दिनहरूमा बढी सचेत र परिश्रमी बने असम्भव पनि सम्भव बन्छ भन्ने कुरा देखाइएको छ । त्यस्तै *डायरीको एकदिन* (९/७, २०६०) निबन्धमा जाडोको समयमा जाडो ओढेर मस्त निदाउने र तातो कपडा ओढेर बस्ने तर जाडो देखाउनेबीच भिन्नता नहुनुको अवस्था देखाइएको छ । नेताहरूमा भाषणवादी प्रवृत्ति, नाममात्रको बालअधिकारजस्ता कुराप्रति व्यङ्ग्य गर्दै कानुनलाई विवेकले बाँध्नुपर्ने कुरा डायरीको एकदिनमा प्रस्ट्याइएको छ । *प्रतीक्षाको समय* (९/७, २०६०) निबन्धमा सन्तान जन्मने प्रतीक्षामा बस्दाको समयमा अस्पतालका नर्स, डाक्टर, व्यवस्थापन कर्मचारीहरूको व्यवहारप्रति दु:ख मान्दै लिङ्गभेद गर्ने प्रवृत्तिप्रति पनि असहमति जनाइएको छ र बाटो बन्द गरेर जनतालाई दु:ख दिने प्रवृत्तिप्रति पनि विमति जनाइएको छ । *लोकका कुरा* (९/७,

२०६०) निबन्धमा प्रजातन्त्रको पुनर्बहालीपछि खुसी मनाउन जम्मा भएका मानिसहरूको भीडतर्फ सङ्केत गर्दै प्रेम र निष्ठा अपवाद मात्र रही स्वार्थ, ईर्ष्या, वैमनस्य र अविश्वासको बाहुल्यता रहेको कुरा व्यक्त गरिएको छ । सङ्गीतले युवापुस्ता, चोर र गुण्डालाई सङ्गीतमा रमाएर गुण्डागर्दीको सङ्ख्यामा कम गर्न सकिने कुरा उल्लेख गर्दै मन्दिरमा भीड हुनुलाई नकारात्मकभन्दा सकारात्मक नै मान्ने कुरामा जोड दिएको कुरा उल्लेख गरिएको छ भने *मेरो भ्रम मेरो लेखनी* (९/७, २०६०) निबन्धमा संसारका सम्पूर्ण कामहरू सम्पूर्ण व्यवहारहरू भ्रममय भएको बताउँदै सबै कुराको लेखन भ्रमको जालो भएको कुरा व्यक्त गरिएको छ । कोरा मान्छे कुशल सैनिक बन्न सक्दैन त्यस्तै चित्रकार पनि बन्न सक्दैन त्यस्तै विनातपस्या लेखक बन्न नसक्ने कुरा व्यक्त गरिएको छ । त्यस्तै *हामी र हाम्रो स्वार्थ* (९/७, २०६०) निबन्धमा हामीहरूको नून सित्तैमा पाउँदा फाँको मार्ने र कसैलाई दिनुपर्दा औषधिझैँ ठान्ने स्वार्थी मनोवृत्तिको विकास भएको बताइएको छ । त्यस्तै अरूलाई प्रशंसा गर्न कञ्जुस्याइँ गर्ने बानी, नेताहरू राजनैतिक स्वार्थका निम्ति जनतालाई मुग्ध पार्ने बानी, न्यायधर्मीहरूले तराजुलाई अस्थिर बनाएको प्रसङ्ग उल्लेख गरिएको छ त्यस्तै बिरामीलाई उपचार गर्ने, बालबालिकालाई पुस्तक दिने निहुँमा क्रिश्चियन धर्मको प्रचार गर्ने स्वार्थी मनोवृत्ति रहेको कुरा छर्लङ्ग्याइएको छ । उनकै *अनुभव र अनुभूति* (९/७, २०६०) निबन्धमा समय परिवर्तनशील भएको, समयले नै सुख र दुःखको एकसाथ अनुभव गराउने कुरा उल्लेख गर्दै सामान्य मान्छे दुःखमा रुने, सुखमा हाँस्ने गर्दछ, तर लेखकले लेखेर हरेक पीडाप्राप्तिलाई सार्वजनिक गराउन सक्छ । त्यस्तै चौवालीस सालको 'उत्तम शान्ति कुँवर पुरस्कार' विजेता भएको खुसीमा आफ्नो अनुभव र अनुभूति रोदनद्वारा प्रकट गरिएको छ भने *हामी जिउँदो बुझ्याँचा* (९/७, २०६०) निबन्धमा प्रजातन्त्रको पुनर्बहालीपछि पनि देशमा जनताले धेरै दुःख पाइरहेको र नेताहरूको हाँसेर भाषण गर्ने प्रवृत्तिप्रति लक्षियत गरिएको छ र मानव हुनका लागि कर्तव्यबोध हुनु जरुरी छ भनिएको छ । त्यसरी नै *मार्फत्-मार्फत्हरू* (९/७, २०६०) निबन्धमा नेता अर्थात् राजनीतिमाथि व्यापार गर्नेले राष्ट्रियताको मीठो बोली बोलेर सधैँ झुक्याउने गरिएको छ भन्दै निबन्धका अनौपचारिक अनुभूतिहरू व्यक्त भएको छ साथै शुद्ध राष्ट्रियताको भावना भएका देशभक्त देशको लागि खाँचो भएको कुरा व्यक्त गरिएको छ । यस्तै *आस्था र आडम्बर* (९/७, २०६०) निबन्धमा छोरा नभए मरेपछि पुण्य मिल्दैन भन्दै छोराको आशमा धेरै छोरी पाउने लिङ्गभेदी धर्मान्ध आस्था हाम्रो समाजमा व्याप्त छ त्यस्तै संस्कार र संस्कृतिले जेलिएका हामी चाडपर्वमा धनीको धनको आडम्बर र गरिबको देखावटी आडम्बरलाई *आस्था र आडम्बर*मा देखाइएको छ ।

*देश दुखेको खबर* शीर्षकको निबन्धमा आफ्ना मित्र जय छाङ्छासँग देशभित्र सञ्चालित विद्रोहले देशको शान्ति-सुरक्षा खल्बलिएको, अर्थतन्त्र बिग्रेको कुरा उल्लेख गरिएको छ र युद्धबाट पीडितको अवस्था ज्यादै दर्दनाकपूर्ण रहेको अवस्था उक्त निबन्धमा भनिएको छ । अर्को निबन्ध *किन लेख्ने मैले* (१०/९, २०६०) लेखमा नेपाली साहित्यमा गद्यविधाको भऱ्याङ् उक्लनुभएको, सधैँ हाँस्ने शालीनताको धनी, दुःखमा नआत्तिने र सुखमा नमात्तिने ध्रुवचन्द्र गौतमको बारेमा उल्लेख गरिएको छ । *हिउँ परेको दिन* (१३/१०, २०६५) निबन्धमा हिउँको शक्ति अद्भुत रहेको कुरा र यसमा रमाइलो भएको अनुभूति व्यक्त गरिएको छ । यसरी उनका निबन्धहरूमा विषयगत विविधता पाइन्छ र उनका सबै निबन्ध आत्मपरक छन् ।

हरि अधिकारीद्वारा लिखित *डा. ध्रुवचन्द्र गौतम : मेरा गुरु, साथी र सहयात्री* (१०/९, २०६०) निबन्धमा गौतम गुरु सर्वप्रथम कलेजमा अध्ययन-अध्यापन गराइ गुरु बन्नु, पछि लेख्दै जाँदा साहित्यकारहरूसँग परिचय हुनु, लेख-रचना निस्कँदा स्थापित साहित्यकार बनेर मित्र बन्नु र पछि साहित्यमा सहयात्रीसमेत बनेको कुरा यसमा उल्लेख गरिएको छ । त्यस्तै हरिहर पौडेलद्वारा लिखित *ओलम्पिया पार्कको साँझ* (५/३, २०५६) संस्मरणात्मक निबन्धमा अस्ट्रियाको व्यस्त सहर म्युनिखमा आफूले बिताएको समय, एक सय पैँसठ्ठी मिटर अग्लो टावरको वर्णन, यहाँको वैज्ञानिक उपकरणको प्रयोग म्युनिख वरिपरि देखिने दृश्य, रेलवे स्टेसन आदिबाट मन आह्लादित भएको वर्णन गरिएको छ भने उनको *त्रियस्त: सम्झनाको बादलभित्रका स्मृतिहरू* (६/४, २०५७) नियात्रात्मक लेखमा युरोप भ्रमणमा इटालीको त्रियस्त सहरमा घुम्दाका अनुभव र अनुभूतिलाई वर्णन गरिएको छ । त्यस्तैगरी ज्ञानेन्द्र विवशद्वारा *आख्यानपुरुषलाई अघाउँजी बधाइ !* (१०/९, २०६०) शीर्षकको लेखमा नेपाली साहित्यमा उपन्यासलेखनको सतवार्षिकी र अब्बल साहित्यकार ध्रुवचन्द्र गौतमको साठीवर्षे जीवनयात्राको क्रममा सिर्जनाशैली, स्वभाव र समग्र व्यक्तित्वको आफूले पनि अघाउँन्जेल बधाइ दिएको कुरा उल्लेख गरिएको छ ।

## ४.३.३ निबन्धको भाषाशैलीय विश्लेषण

**मधूलिका** पत्रिकामा लेखकका निजी विचार र अनुभवहरूको भावनात्मक प्रस्तुति भएका निबन्धहरू छन् । यस किसिमका निबन्धहरूलाई निजात्मक तथा आत्मपरक निबन्ध भनिन्छ । श्रीओम श्रेष्ठ 'रोदन' का *निम्तोपत्र, प्रारम्भ पुन: प्रारम्भ* लगायतका सबै निबन्ध, डी.आर.पोखरेलको *माग्ने-संस्कृति,* ध्रुवचन्द्र गौतम विशेषाङ्कका धेरै निबन्धहरू आत्मपरक छन् । कृष्ण धरावासीको *प्लास्टिकको मन*जस्ता ज्यादै जटिल भाषाशैली प्रयोग गरेर लेखिएका निबन्धहरू पनि छन् । यस पत्रिकामा वस्तुपरक निबन्धहरू पनि छन् । तुलसी भट्टराईको *केही दृष्टि-प्रक्षेप*जस्ता निबन्ध वस्तुपरक छन् । यस पत्रिकामा यात्रा विवरणात्मक निबन्धहरू पनि छन् । जस्तै *त्रियस्त सम्झनाको बादलभित्रका स्मृतिहरू, ओलम्पिक पार्कको साँझ,* बाबुराम लामिछानेको *कुतकुतीहरू*जस्ता लेखहरू पनि छन् । त्यस्तै विचारात्मक लेखहरू प्रकट भएका राजकृष्ण कँडेलको *असल कि ठूलो*जस्ता लेखहरू पनि प्रकाशित छन् । धनराज गिरीको *प्रिया मैले राजीनामा दिएँ*जस्ता व्यङ्ग्यात्मक निबन्ध पनि छन् । यसरी हेर्दा **मधूलिका** पत्रिकाले समसामयिक क्षेत्रमा देखापरेका सबै खालका लेख तथा निबन्धहरूको विकासमा योगदान पुऱ्याउँदै आएको देखिन्छ । भाषाशैलीका दृष्टिले मधूलिकाका प्राय: सबै निबन्धहरू कलात्मक, आकर्षक, सुन्दर, प्रभावकारी र निजात्मक छन् । केही निबन्धमा बौद्धिक शैली पनि पाइन्छ ।

## ४.३.४ निष्कर्ष

नेपाली भाषाको भाषिक स्थिति, राजनैतिक तथा सांस्कृतिक परिवेशअनुसार निर्मित नेपाली गद्यको प्राचीनपरम्परा नै नेपाली निबन्धको पृष्ठभूमि हो । सामाजिक बनोटअनुरूप विभिन्न समयमा आएको परिवर्तनको प्रभाव नेपाली निबन्धमा परेको देखिन्छ ।[१९] **मधूलिका**

१९ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, पूर्ववत्, पृ. १३० ।

पत्रिकामा रहेका निबन्धमा पनि समसामयिकताको प्रभाव परेको देखिन्छ । यहाँ राष्ट्रिय ख्यातिप्राप्त लेखकदेखि लिए नवप्रतिभालाई समेत स्थान दिएको देखिन्छ । लेखकीय बौद्धिकताले पूर्ण निबन्धहरूदेखि लिएर भावसंवेदनात्मक भावपरक निबन्धहरू पनि देखिन्छन् । राष्ट्रिय ख्यातिप्राप्त निबन्धकार श्रीओम श्रेष्ठ 'रोदन' निबन्ध विशेषाङ्क प्रकाशित गरिएको छ । यसमा भएका निबन्धमा समाजमा भएगरेका घट्ने घटनालाई वास्तविकतापूर्ण तरिकाबाट व्यक्त गरिएको छ । त्यस्तै स्रष्टा ध्रुवचन्द्र गौतम साठी वर्ष पुगेको अवसरमा बहुमूल्य निधिको कदर गर्ने उद्देश्यले नवौँ अङ्क प्रकाशित गरिएको छ । यसमा प्राय: गौतमको सामीप्यबाट प्राप्त अनुभव-अनुभूति व्यक्त गर्नुका साथै उनका आख्यानका बारेमा चर्चा-परिचर्चा गरिएको छ ।

**मधूलिका** पत्रिकाका निबन्धमा साहित्यिक स्रष्टाहरूलाई क्रियाशील बनाउन साहित्यिक सङ्घसंस्थाको अहम् भूमिका रहने कुरा उल्लेख गरिएको छ र विनाअध्ययन लेखन अधुरो हुने कुरा व्यक्त गरिएको छ साथै शुभकामना दिन सजिलो तर शुभेच्छा र सदाशय प्राप्त गर्न गाह्रो अहिलेको विषम अवस्थाको चित्रण गरिएको छ । कुनै निबन्धमा विदेशी सामानहरूको विज्ञापन गर्ने वर्तमान नेपाली संस्कृतिप्रति व्यङ्ग्य गरिएको छ भने कुनैमा प्राकृतिक स्वच्छता, हिमाली उच्चता, जडीबुटी आदिको बारेमा उल्लेख गरिएको छ ।

कुनै निबन्धमा चितवन जिल्लाको सङ्क्षिप्त परिचय दिँदै यहाँको सम्पदा, भौगोलिक बनावट, धार्मिक-सामाजिक आदि उल्लेख गरिएको परिचयात्मक लेख पनि उल्लेख गरिएको छ । सत्ताकाङ्क्षीहरूको सपनाहरूले गर्दा आज हाम्रो देशका मान्छेमा संवेदनाशून्य मानवताशून्य अवस्थाको सिर्जना भएको कुरा व्यक्त गरिएको छ । प्रजातन्त्रप्राप्तिपछि पनि जनताले भोग्नुपरेको सास्ती देखाइएको छ । समग्रमा भन्नुपर्दा **मधूलिका**मा प्रकाशित निबन्धहरूले नेपाली साहित्यको निबन्धका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको देखिन्छ ।

## ४.४ मधूलिका पत्रिकामा प्रकाशित समालोचना विधाको विश्लेषण

### ४.४.१ विषयप्रवेश

'समालोचना, आलोचना र समीक्षा लगभग एउटै अर्थका शब्द हुन् । 'लोच्' धातुमा 'आ' उपसर्ग र 'ल्युट्' (अन) प्रत्यय लागेपछि स्त्रीलिङ्गमा टाप् (आ) प्रत्यय जोडिँदा आलोचना र त्यसमा 'सम्' उपसर्ग थपिँदा समालोचना शब्द बन्छ ।'[२०] 'समालोचना शब्दको अर्थ कुनै पनि विषयको गुण र दोषको निष्पक्ष विवेचना गर्नु, आलोचना गर्नु, समीक्षा गर्नु हुन्छ ।'[२१] 'साहित्यका विविध विधाहरूलाई नापतौल एवम् व्यवस्थाविश्लेषण र मूल्याङ्कन गर्ने समालोचना स्वयम् पनि साहित्यको एक प्रमुख विधा हो ।'[२२] 'समालोचनाले कुनै साहित्यिक कृतिमा केकति स्वायत्तता छ, स्वनिष्ठता छ, केकति सङ्गति-विसङ्गति छ अनि केकति प्रयोजनको प्रतिफल भएको छ भन्ने बताउँछ । समालोचनामा कृतिको व्याख्या र मूल्याङ्कनपरक हुँदा यी दुवैमा सन्तुलन स्थापित हुन्छ ।[२३] साहित्यिक कृति वा रचनाको

---

२० घनश्यम कँडेल, **नेपाली समालोचना**, (ललितपुर : साझा प्रकाशन, २०५५), पृ. 'क' ।

२१ रामचन्द्र ढुङ्गाना, **सङ्क्षिप्त नेपालीकोश**, (ललितपुर : साझा प्रकाशन, २०५७), पृ. ५११ ।

२२ मुक्तराज उपाध्याय, **नेपाली साहित्यमा 'अभिव्यक्ति' पत्रिकाको योगदान**, पूर्ववत्, पृ. ४१ ।

२३ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, पूर्ववत्, पृ. १५७ ।

आआफ्नै किसिमको मूल्य हुन्छ । समालोचनाले साहित्यिक कृतिमा गुण र दोषहरू केलाएर वास्तविक मूल्य निर्धारण गर्ने कार्य गर्दछ । समालोचनामा सबल पक्ष मात्र नरहेर सबल र दुर्बल दुवै पक्षको निष्पक्ष मूल्याङ्कन गर्नुपर्छ । 'साहित्यकारका कृतिको सहृदयतापूर्वक गरिने व्याख्या र पूर्वाग्रहविहीन भएर त्यसबारे गरिने निर्णय हो ।'[२४] समालोचनालाई सैद्धान्तिक र व्यावहारिक गरी दुई तरिकाबाट वर्गीकरण गरिएको छ ।

साहित्यिक पत्रिकामा राखिने विभिन्न स्तम्भहरूमध्ये समालोचना पनि एक हो । **मधूलिका**मा समालोचनालाई विशेष महत्त्व दिइएको छ । यसमा रहेका समालोचनात्मक लेखहरूको योगदान विशेष महत्त्वको रहेको छ र यस पत्रिकाका समालोचनाहरू प्राय: अनुसन्धानात्मक भएकाले ती बौद्धिकवर्ग तथा अनुसन्धानकर्तालाई विशेष सहयोगी हुने देखिन्छ ।

चितवन वाङ्मय प्रतिष्ठानको मुखपत्रका रूपमा हेर्दा यस पत्रिकाले नेपाली साहित्यमा समालोचनात्मक सामग्रीहरू प्रकाशित गरेर नेपाली समालोचनाको उन्नतिमा महत्त्वपूर्ण योगदान दिएको छ । यहाँ विभिन्न समालोचकका त्रिसट्ठीओटा समालोचनात्मक लेखहरू छन् । तीमध्ये कृतिपरक विश्लेषण गरिएका बीसओटाजति छन् । प्रायोगिक विश्लेषण, विवेचना गरिएका छओटा छन् । सैद्धान्तिक विश्लेषण गरिएका तीनओटाजति समालोचना छन् । अरू बाँकी कुनै प्रभावपरक र प्रवृत्तिपरक, पुस्तकपरिचय/पुस्तकसमीक्षा, समीक्षात्मक र सामान्य समालोचनात्मक लेखहरू पनि रहेका छन् । यस **मधूलिका** पत्रिकाका विभिन्न अङ्कहरूमा विभिन्न राष्ट्रियस्तरका समालोचकले समालोचना गरेका लेखहरू समावेश गरिएको छ । यस पत्रिकामा विशेष गरेर कृष्णचन्द्रसिंह प्रधान, मोहनराज शर्मा, गोविन्दराज भट्टराई, राजेन्द्र सुवेदी, खगेन्द्रप्रसाद लुइटेल, लक्ष्मणप्रसाद गौतम, रमेश गोर्खाली, पूर्णप्रसाद अधिकारी आदि समालोचकका समालोचना विशेष उल्लेख्य छन् । प्रथम अङ्क नै समालोचना अङ्क भनेर प्रकाशित छ तापनि यसमा समालोचनाभन्दा भिन्न दुईओटा लेखहरू रहेका छन् । नवौँ अङ्क पनि ध्रुवचन्द्र गौतम विशेषाङ्कका रूपमा रहेको छ र यसमा पनि धेरै समालोचना छन् । यस पत्रिकामा जति समालोचना प्रकाशित छन् ती सबैको योगदान विशेष महत्त्वको देखिन्छन् । **मधूलिका**मा रहेका समालोचनाको विवरणात्मक सूची तल प्रस्तुत गरिएको छ ।

## ४.४.२'मधूलिका' पत्रिकामा प्रकाशित समालोचनाहरूको विश्लेषण

**मधूलिका** पत्रिकाका विभिन्न अङ्कमा सैद्धान्तिक, प्रायोगिक र कृतिपरक समालोचना बढी छन् । तीमध्ये अमर न्यौपानेद्वारा लिखित *'छातीभरि तिम्रो माया' भित्र एक अनुभूति* (९/८, २०६०) शीर्षकको लेखमा गोपाल पौडेलद्वारा रचित **छातीभरि तिम्रो** माया गीत-गजलसङ्ग्रहको समीक्षा गरिएको छ । नवपुस्ताका सर्जक पौडेलका लेखनमा स्वच्छन्दतावादी, मानवतावादी, क्रान्तिकारी, सुधारवादी स्वर व्यक्त गर्नुका साथै शाश्वत अनुभूतिहरूलाई गेयात्मक शिल्पमा लेखिएको कुरा उल्लेख छ भने इन्द्रबहादुर राईद्वारा लिखित *'सीताहरू' को पठन : प्रतिक्रिया* (१३/१०, २०६५) शीर्षकको समालोचनात्मक लेखमा पत्रात्मक शैलीमा परशु प्रधानको **सीताहरू** कथोपन्यासको सङ्क्षिप्त समीक्षात्मक प्रतिक्रिया दिइएको छ । यस

---

२४ घनश्यम कँडेल, **नेपाली समालोचना**, पूर्ववत्, पृ. 'ग' ।

लेखमा **सीताहरू**लाई कथा र उपन्यासबीचको विनिर्माणको रूपमा प्रस्तुत गरेर नेपाली साहित्यको नयाँ कृतिको रूपमा विवेचना गरिएको छ, त्यस्तै एकनारायण पौडेलद्वारा लिखित *विनिर्माणवादी समालोचना* (१३/१०, २०६५) शीर्षकको लेखमा विनिर्माणवादी समालोचनाको सैद्धान्तिक विश्लेषण गरिएको छ । उत्तरआधुनिक समालोचनामा शब्दगत र प्रचलनगत विचलन, प्रयोगभूमि, स्वरूप पहिचान/विशेषता, विकरणीय विनिर्माण र चक्रीय विनिर्माण देखाउँदै नेपालीमा विनिर्माणवादी समालोचनाको थालनी र विकासोन्मुख यात्राको बारेमा विवेचना गरिएको छ ।

कपिल अज्ञातद्वारा लिखित *नेपाली उखानमा अलङ्कार* (५/३, २०५६) शीर्षकको समालोचनामा नेपाली उखानमा अलङ्कारको प्रयोगको सैद्धान्तिक सन्दर्भ प्रस्तुत गरिएको छ । काव्यको भावोत्कर्ष र चरम सौन्दर्यको आविर्भाव गर्ने तत्त्व भन्दै अलङ्कार साहित्यलाई सिँगार्ने अर्थात् भूषित गर्ने सत्रओटा अलङ्कारको उदाहरण दिँदै अलङ्कारको प्रविष्टिले सुनमा सुगन्ध थपिएझैँ अनुभव हुने कुराको समीक्षा गरिएको छ ।

त्यस्तै उनको अर्को लेख *समालोचनाको सान्दर्भिक कृति : 'सान्दर्भिक समालोचना'* (७/५, २०५८) शीर्षकको समालोचनात्मक लेखमा लक्ष्मणप्रसाद गौतमको सान्दर्भिक समालोचनाको पुस्तक समीक्षा गरिएको छ । अध्ययन-अध्यापन एवम् अनुसन्धान कार्यमा विशेष अभिरुचि राखी लेखकीय वर्चश्व आर्जन गर्न दृढसङ्कल्पित देखिने लक्ष्मणप्रसाद गौतमको कृतिको भाषा प्रौढ, परिस्कारयुक्त, व्याकरणिक वस्तुनिष्ठ रहेको छ भन्दै कालक्रमिक, सैद्धान्तिक र व्यावहारिक तीनै समालोचनात्मक दिशातर्फ प्रवृत्त गराइएको उल्लेख छ । गणितीय आरेख र तालिकीकरण सुस्पष्ट पार्ने वस्तुचेत भएकाले पाठकहरू लाभान्वित हुनसक्ने कुरा उल्लेख छ भनिएको छ भने कपिल अज्ञातद्वारा नै लिखित *'मेरो वर्तमानता' को सेरोफेरोमा विनोदीका कवित्वको मापन* (१/२०५१) शीर्षकमा प्रभावपरक समालोचना गरिएको छ र कवि विनोदीद्वारा रचित **मेरो वर्तमानता** कवितासङ्ग्रहको सेरोफेरोमा कवित्वको उच्चमापन गरिएको छ । बिम्ब र प्रतीकहरूको पारखपूर्ण प्रयोग हुन नसकेको, बौद्धिक पाठकको सामयिक चाहनाको यथेष्ट सन्तुष्टि दिन नसकेको कुरा उल्लेख छ साथै प्रयोगवादको क्लिष्टता र दुरुहताबाट दिक्क पाठकलाई कविताले विशेष स्थान पाएको कुरा उल्लेख गरिएको छ । यसमा राष्ट्रिय भावनालाई प्रवाहित गर्दै स्वाभिमान र ममतालाई उजागर गर्ने काम भएको भन्दै कृतिपरक विवेचना गरिएको छ ।

कमल भण्डारीद्वारा लिखित *ठोस कविता* (८/६, २०५९) शीर्षकको लेखमा ठोस कविताबारे सैद्धान्तिक विश्लेषण गरिएको छ । यस्ता कविताले अरू कविताले जस्तै कविको भाव प्रकट गर्नुका साथै लुकेर रहेका कवि भावनाहरू शब्दसंयोजनबाट व्यक्त गरिएको हुन्छ भन्दै चित्रको निर्माणबाट, शब्द प्रयोगको अनियमितताबाट, वर्ण, अक्षर र अङ्कमा प्रस्तुत हुन्छन् भनिएको छ । ठोस कविताहरू शब्दसम्प्रेष्य नभई दृश्यसम्प्रेष्य हुने भन्दै विश्लेषण गरिएको छ । त्यस्तै किशन थापा 'अधीर' द्वारा लिखित *स्वर्गीय हीरादेवीको खोज : समकालीन जीवनको त्रासदी* (१०/९, २०६०) शीर्षकमा **स्वर्गीय हीरादेवीको खोज** उपन्यासमा जिम्मेवारीविहीन अनैतिक एवम् रहस्यपूर्ण क्रियाकलापबाट देशलाई नै अनाथालय, पागलखाना, परिचयविहीन बनाइँदै लगेको कुरा उल्लेख गरिएको छ । सामाजिक सञ्चेतना, स्वकीय भावना र मानवीय संवेदना आदिका दृष्टिले यो औपन्यासिक कृति महत्त्वपूर्ण भएको उल्लेख गर्दै

कृतिपरक विश्लेषण गरिएको छ भने कुमार कोइरालाद्वारा लिखित *निमित्त नायकको विसङ्गत संसार* (१०/९, २०६०) शीर्षकको समालोचनामा समालोचकले विसङ्गतहरूको चित्रण, सहरी सभ्यतामा आदर्शता, बौद्धिकता, नैतिकता, आचारजीवन सबैबाट रहित अवस्थाको चित्रण गर्दै घरमा, अफिसमा, कर्मचारी सबै विसङ्गत नै विसङ्गतको अवस्था चित्रण भएको साहित्यिक क्षेत्र, टोपी भ्mारेर हेर्नुपर्ने विदेशी साहित्यको प्रशंसा, नेपाली साहित्यको अवहेलना, अवसरवादीहरू मौलाएको अवस्थाको चित्रण, मुलुकका बासिन्दाको जीवन, विसङ्गतयुक्त, त्रासद, पीडायुक्त, मूल्यहीन, कुण्ठित, आदर्शरहित, बौद्धिकताशून्य, क्षुद्र, हीन प्रवृत्तियुक्त देखाउँदै विसङ्गत अवस्थाको देखाइएको भन्दै समीक्षण गरिएको छ ।

कृष्ण गौतमद्वारा लिखित *नेपाली उपन्यासपरम्परामा एक नौलो आयाम 'डापी'* (१०/९, २०६०) शीर्षकको समालोचनामा समालोचकले रोचक उपन्यास **डापी**लाई महाकाव्यगत विशेषता, दार्शनिक गाम्भीर्य, मनोवैज्ञानिक, सामाजिक यथार्थ, विसङ्गतिको चित्रण, प्रतीकवादी नौलो आस्था अभिव्यक्त भएको महाकाव्यका रूपमा उल्लेख गर्दै यस उपन्यासको परिवेशको टिप्पणी, समकालीन विसङ्गतिलाई सामना गर्न विवश जीवन र त्यसबाट सिर्जित विकृतिप्रति लक्ष्यित उपन्यास भनी कृतिपरक विश्लेषण गरिएको छ ।

कृष्णचन्द्रसिंह प्रधानद्वारा लिखित *ध्रुवचन्द्र गौतमको उपन्यासकारिता* (१०/९, २०६०) शीर्षकको समालोचनामा सिर्जनात्मक बौद्धिक सञ्चेतना भएका, नवीनतम विधिप्रविधिहरूको खोज र विकास गर्न उन्मुख, मौलिक सोच र विशिष्ट प्रयोगप्रति अभीप्सित र उत्प्रेरित रहने गौतमको आख्यानको कृतिपरक प्रायोगिक विश्लेषण गरिएको छ । उनका आख्यानमा किम्बदन्तीय आवरण, पुराकथात्मक परिवेश, स्वैरकल्पनात्मक, सूत्रात्मक र अनुभवन्यासजस्ता उपन्यासकारिता भएका विसङ्गतिको सामना गर्न विवश जीवन र राजनैतिक प्रदूषणबाट प्रभावित जनमानसको चित्रण गर्न सफल अविजेय योद्धा भनी समीक्षण गरिएको छ । त्यस्तै कृष्णप्रसाद दाहालद्वारा लिखित *ध्रुवचन्द्र गौतमको सहस्राब्दीको अन्तिम प्रेमकथा अस्तित्व प्रेमको सहीछाप* (१०/९, २०६०) शीर्षकको समालोचनामा गलत रुढीवादी संस्कारलाई त्यागनुको बदला भ्mन् त्यसलाई मलजल पुऱ्याइएको, समाज र राष्ट्रबाट यथास्थितिको अन्त्य नभएको अवस्था, आम मान्छेको संवेदनालाई कुल्चेर विकास गर्न खोजिएको गलत राजनैतिक परिपाटीलाई फोटोग्राफी प्रविधिद्वारा प्रस्ट्याउने काम भएको भनी कृतिपरक विवेचना गरिएको छ भने कृष्णा पौडेलद्वारा लिखित *अभाव र विसङ्गतिको कथा : एक सहरमा एक कोठा* (१०/९, २०६०) शीर्षकको समालोचनामा ध्रुवचन्द्र गौतमले समाजका तीता यथार्थहरू, जीवनका जटिलताहरू, आर्थिक दुरवस्थाका कारणले हुने अत्याचार, व्यभिचार, थिचोमिचो र त्यसमा स्वीकार्नुपर्ने बाध्यता, जागिरमा रहेको चाकडी र चाप्लुसीको नियति, देशको दिशाहीन अवस्था, निम्नमध्यमवर्गीय मान्छेहरूमा उत्पन्न अप्ठ्याराहरूको मार्मिक ढङ्गले जीवन्त तुल्याइएको भनी कृतिपरक समीक्षा गरिएको छ र केशवप्रसाद दाहालद्वारा लिखित *नेपाली नाट्यक्षेत्रमा ध्रुवचन्द्र गौतमको योगदान* (१०/९, २०६०) शीर्षकको समालोचनामा गौतमका नाट्यकारिताको समीक्षा गरिएको छ । गौतमका नाटकमा आख्यानगत दृष्टिले स्थूलबाट सूक्ष्म केन्द्रिततातर्फ विकसित हुँदै गएका समकालीन जीवनका सामान्य समस्यालाई असामान्यताको सिद्धि भन्दै पूर्वीय प्रहसनका सगोत्रीय नभएर पाश्चात्य ब्ल्याक कमेडीका सगोत्रीय प्रतीत हुने भनी नाट्यकारिताको समालोचना गरिएको छ ।

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित *नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान* (१०/९, २०६०) शीर्षकको समालोचनामा समालोचकद्वारा परम्परित, ऐतिहासिक, पौराणिक विषयवस्तुमा आधारित रचनामा आधुनिक प्रयोगशील प्रवृत्ति देखाउने गौतमको लेखमा नवीनता, पृथक्ता, मौलिकता, प्रयोगधर्मिताको प्राबल्य पाइने भनी योगदानको प्रवृत्तिपरक विवेचना गरिएको छ भने खुमनारायण पौडेलद्वारा लिखित *'हिमाल रुन्छ : एक अध्ययन'* (१/२०५१) शीर्षकको समालोचनामा लेखकद्वय लीलामणि भट्टराई र केशवप्रसाद भट्टराईद्वारा सिर्जित कृतिको कृतिपरक विवेचना गरिएको छ । नष्ट हुँदै गएको नैतिकता, इमान्दारिता, मानसिक दरिद्रता, सभ्यताका नाममा मानिसहरूले अनुसरण गरेको विकृति, सत्ताधारीहरू तानाशाही बन्ने प्रवृत्तिलाई औँल्याउँदै बढ्दै गइरहेको कलात्मक अभाव, पारस्परिक कथातत्त्व, नीतिपरक चेतना र अखबारी भाषाका साथै परम्परित शैलीले मौलिक गुणलाई आघात पुऱ्याएको कुरा उल्लेख गरिएको छ ।

गोपाल गोतामेद्वारा लिखित *डापी उपन्यासबारे एक प्रथम पाठकको प्रतिक्रिया* (१०/९, २०६०) शीर्षकको समालोचनामा डापीको अध्ययन र प्रथम पाठकको प्रतिक्रिया जनाउँदै सामाजिक एवम् आर्थिक वैषम्यता तथा कुण्ठाग्रन्थिले मानिसमा हुने छटपटीपनको चित्रण **डापी**मा रहेको छ भनी कृतिपरक समीक्षा गरिएको छ भने गोविन्द गिरी 'प्रेरणा' द्वारा लिखित *कथाकार ध्रुवचन्द्र गौतमको कथायात्रा* (१०/९, २०६०) शीर्षकको समालोचनामा आर्थिक सङ्कट, युद्धरत नेपाली समाजका सजीव कथाहरू, महानगरीय सभ्यताले किच्दै लगेको जीवन र त्यसका परिणतिहरू सजीव एवम् सूक्ष्मतापूर्वक दर्साइएको छ भन्दै कथायात्रामा मौलिक स्वरूप र संरचना, क्षणिक संवेदनाका पक्षमा मुक्त नेपाली समाजको कोलाज तस्वीर प्रस्तुत गरिएको भनी प्रवृत्तिपरक विवेचना गरिएको छ । त्यस्तै गोविन्दराज भट्टराईद्वारा लिखित *प्रथम उपन्यासका प्रथम पुनर्सर्जक ध्रुवचन्द्र* (१०/९, २०६०) शीर्षकको समालोचनामा अनन्त सम्भावनातर्फको पुनरावृत्ति अन्तर्पाठीयता, सर्वसमावेशी साहित्य निर्माण, प्राचीन कालको जादूटुनाजस्ता अद्भुतिकताको स्थानमा वैज्ञानिक आविष्कार र त्यसबाट मानिस राक्षस बन्ने प्रवृत्ति रहेको छ भन्दै वीरचरित्रको पुनर्लेखन **अग्निदत्त + अग्निदत्त**मा गरिएको छ भनी कृतिपरक समीक्षा गरिएको छ भने घनश्याम उपाध्याय कँडेलद्वारा लिखित *नेपालीमा बिम्बसम्बन्धी मानकग्रन्थ* (१३/१०, २०६५) शीर्षकमा समालोचक लक्ष्मणप्रसाद गौतमको **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**को प्रयोगपक्षलाई केलाइएको छ । उक्त ग्रन्थ आधुनिक कविताका अध्येता, अनुसन्धाता एवम् स्रष्टाहरूका लागि उपयोगी सिद्ध हुने कुराको उल्लेख गरिएको छ । उक्त कृतिमा प्रमुख नेपाली कविताहरूको बिम्बपरक विश्लेषण भनिएको भए पनि प्रमुखताको कसी स्पष्ट हुन नसकेको भनी समालोचना गरिएको छ ।

ज्ञानु अधिकारीद्वारा लिखित *'ब्ल्याक आउट, काजु-बदाम र छोरा' कथाको चरित्रविश्लेषण र वस्तुविश्लेषण* (१३/१०, २०६५) शीर्षकको समालोचनामा यथार्थजगत्बाट अन्तर्यथार्थजगत्भित्र प्रवेश गर्दै जीवनकथा लेख्ने अमूर्त शैलीका कथाकार इन्द्रबहादुर राईको कथामा बीसौँ शताब्दीका विसङ्गति र मानवजातिका सन्त्रास अर्थहीनता तथा पराजित मानसिकतालाई चित्रवत्रूपमा कथामा उतार्न सफल रहेको कुरा उल्लेख गर्दै उनका कथामा विश्वपरिवेशमा छाउँदै गएको सन्त्रास र सङ्कटको अवस्था, प्रमुख पात्रमा आर्थिक दुरवस्थाको कारण उत्पन्न समस्याका साथै प्रशस्त भाषिक विचलन गरी लेखिएको भनी कथाको वस्तुविश्लेषण र चरित्रविश्लेषण गरिएको छ । त्यस्तै ज्ञानु पाण्डेद्वारा लिखित *उपन्यासकार*

*ध्रुवचन्द्र गौतम : विषयमाथिको एक अध्ययन* (१०/९, २०६०) शीर्षकको समालोचनामा गौतमको जीवनीपरक प्रवृत्तिपरक विश्लेषण गरिएको छ । गौतमका उपन्यासमा सामसामयिक राजनीति, सामाजिक परिदृश्यमा तरङ्गित हुने विडम्बनापूर्ण यथार्थलाई तीक्ष्ण ढङ्गसँग टिप्न सक्ने उपन्यासकारको खुबीको चर्चा गर्दै अस्तित्ववादी-विसङ्गतिवादी दर्शनका स्वरहरू कतिपय अवस्थामा बोधगम्य नहुने, उच्चबौद्धिकताका साथ समसामयिक यथार्थलाई आफ्नो अभिव्यक्तिको अभीष्ट बनाएर उपन्यास लेख्ने प्रवृत्ति रहेको छ भन्दै सङ्ख्यात्मक र गुणात्मक दृष्टिले वर्तमान समयको पर्याय बन्न पुगेका गौतमको विषयमाथि सैद्धान्तिक अभिलक्षणहरूलाई देखाएर उपन्यासको बादशाह भनी समालोचना गरिएको छ ।

टङ्क भट्टराईद्वारा लिखित *प्रकृतवादी उपन्यासका रूपमा उपसंहार अर्थात् चौथो अन्त्य* (१०/९, २०६०) शीर्षकमा समालोचना गरिएको छ । प्रकृतवादी फ्रायड तथा डार्बिनबाट बढी प्रभावित भएर यसै मान्यताअनुरूप **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यास लेपिखएको कुरा उल्लेख गरिएको छ । मानवीय जीवनको श्रेष्ठतर र उच्चतर पक्षहरूको भन्दा पनि कुत्सित, दुर्गन्धित तथा नग्नभ्रष्ट यथार्थलाई यथातथ्यात्मक रूपमा अभिव्यञ्जित गरिएको उल्लेख छ । यस्तै नैतिक, धार्मिक तथा सामाजिक दृष्टिले विपरीत मान्छेभित्रका नग्नता, उत्तेजना, उन्माद र विशुद्ध प्राकृत र प्रकृतवादी पाशविकताको चित्र प्रस्तुत गरिएको भनी प्रायोगिक विश्लेषण गरिएको छ । त्यस्तै दामोदर रिजालद्वारा लिखित *मानवीय अस्मिताको खोजी अर्थात् नरमेध कवितासङ्ग्रह* (६/४, २०५७) शीर्षकमा **नरमेध** कवितासङ्ग्रहको पुस्तक परिचय गरिएको छ । वर्तमान युगको बेथिति चेप्टिँदै र क्षतविक्षत हुँदै गएको अस्तित्वलाई केन्द्रीय कथ्य बनाउने स्रष्टा खुमनारायण पौडेलले मान्छे, समाज र राष्ट्रले समेत प्रताडना र लाचारीबाट विमुक्त भई बाँच्न पाउनुपर्ने कुरा उल्लेख छ भनिएको छ । अराजक एवम् आतङ्कको हुण्डारबाट मानवतालाई जोगाउनुपर्ने सन्देश दिँदै कविताका क्षेत्रमा भएको मूल्यहीनता, घातप्रतिघात, क्रियाप्रतिक्रियाका स्वरहरू अभिव्यक्त भएको छ भनी पुस्तक समीक्षा गरिएको छ ।

दीपकप्रसाद गौतमद्वारा लिखित *नेपाली कथामा प्रयोगको स्वरूप 'अन्तहीन युद्ध'* (७/५, २०५८) शीर्षकको लेखमा रोशन थापा 'नीरव' को **अन्तहीन युद्ध** कथाको पुस्तक समीक्षा गरिएको छ । यस पुस्तकमा विकृति-विसङ्गति, बेरोजगारी समस्या, निराशा, राजनीतीकरण र नातावाद, कृपावादले गर्दा योग्यताको कदर नभएको स्थिति अल्पवेतनभोगी कर्मचारीको समस्या, वैयक्तिक कुण्ठा, आधुनिकताका नाममा भएका विकृतचेतना, मानवीय पतनको चरमोत्कर्षता आदि कुरा व्यङ्ग्यपूर्वक कथामा लेखिएका छन् भन्दै सामान्य पाठकलाई सहज सम्प्रेष्य नहुने कुरा उल्लेख गरिएको छ । त्यस्तै दीपकप्रसाद गौतमद्वारा नै लिखित *नयाँ कृतिहरू* (८/६, २०५९) शीर्षकमा विभिन्न लेखकहरूको कृतिको समीक्षा गरिएको छ । ध्रुवचन्द्र गौतमद्वारा लिखित **मौन** सूत्रउपन्यासमा विकृति र विसङ्गति, ह्रासोन्मुख जातीय गौरव र स्वाभिमान देखाइएको कुरा उल्लेख गर्दै परशु प्रधानको **कथा र रचनागर्भ**मा राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेश, नारी बाध्यता र विवशता, विवश नारी, वेश्याजीवनको चित्रण उल्लेख गरिएको छ । त्यस्तै कुमार कोइरालाको **नेपाली आख्यानको अध्ययन** कृतिमा समालोचकले आधुनिक समलोचकीय दृष्टिचिन्तन र मूल्याङ्कनको आधारमा समालोचनात्मक क्षेत्रमा इँट थप्ने काम भएको भनी समीक्षात्मक लेखमा उल्लेख छ । त्यस्तै *'कथोपकथन' मा अभिव्यक्त अन्तर्वस्तु* (९/८, २०६०) शीर्षकको समालोचनामा रेवतीरमण खनालद्वारा सिर्जित कृति **कथोपकथन** पुस्तकको समीक्षा गरिएको छ । जटिल अन्तर्राष्ट्रिय परिस्थिति र शस्त्रास्त्रको होडबाजीबाट

मानवतामाथि भएको प्रहार र त्यसबाट प्रभावित राष्ट्र, नेताको अकुशल, स्वार्थीपन र अदूरदर्शिताले नेपाल आमाको चीरहरण हुनजस्ता समस्यालाई व्यक्त गर्ने खनालको कवितामा शिल्पसौन्दर्य र भावसौन्दर्यले उत्कृष्ट र स्तरीय हुनुका साथै प्रकारान्तरले पुनरुक्ति पाइन्छ भनी समीक्षा गरिएको छ भने *उत्तरआधुनिक प्रेम–३ कथाको विश्लेषण* (१०/१३, २०६५) मा लक्ष्मणप्रसाद गौतमद्वारा लिखित *उत्तरआधुनिक प्रेम–३* कथाको विश्लेषण गरिएको छ । चरम भौतिक युग अर्थात् आधुनिक युगमा सञ्चारको विकासले मानवजीवन र मनोवृत्तिमा पारेको प्रभावलाई कथाको विषयवस्तु बनाएर लेखिएको कथा भनिएको छ । उत्तरआधुनिक कालमा पाश्चात्य सभ्यता-संस्कृतिबाट प्रभावित-परिचित सहरी सभ्यताका सम्पन्न घरानाका नरनारीमा देखिने प्रवृत्ति र सञ्चारको चरम विकासले ल्याएको सकारात्मक र नकारात्मक परिणतिमध्ये इन्टरनेटको नकारात्मक परिणतिलाई कलात्मक रूपमा चित्रण गरिएको छ भन्दै कथाले परम्परित मान्यताको क्रमभङ्ग गर्दै जीवनलाई पूर्णतः स्वतन्त्र र स्वच्छन्द भएर फेरि आफैं परास्त भएर थन्किएको अवस्था सिर्जना भएको छ भनिएको छ ।

द्वारिका श्रेष्ठद्वारा लिखित *नेपाली नाट्यविधाको नयाँ घुम्ती : त्यो एउटा कुरा* (१०/९, २०६०) शीर्षकको समालोचनामा ध्रुवचन्द्र गौतमद्वारा लिखित **नयाँ घुम्ती** नाटकबारे कृतिपरक समालोचना गरिएको छ । यस नाटकमा गौतमले परम्परित मान्यताभन्दा भिन्दै हाम्रो जीवनलाई सही रूपमा हेर्ने, बुझ्ने र प्रस्तुत हुने नौलो र क्रियात्मक, कलात्मक प्रयोग भन्दै बिर्सनुको सट्टा पाठकले विचार्नुपर्ने देखिन्छ भनिएको छ भने नारायणप्रसाद खनालद्वारा लिखित *'झ्याउरे कविता डाँफेचरीका भालेपोथी' मा गीतितत्त्वको अध्ययन* (५/३, २०५६) शीर्षकमा कविशिरोमणि लेखनाथ पौड्यालको **डाँफेचरीको भालेपोथी** नामक कृतिको कृतिपरक समालोचना गरिएको छ । उक्त गीतितत्त्वमा सुन्दरतम शब्दशैय्याको विन्यास, आध्यात्मिकता, प्रकृतिचित्रण, आकर्षक तत्त्व, गेयात्मकता, भावसौन्दर्य आदि कुराहरू पार्दै ग्राम्यगीतलाई अनुप्रास मिलाएर अजन्तप्रयोग, शब्दलालित्य, अन्य काव्यतत्त्व सुरक्षित रहेको छ भन्दै समालोचना गरिएको छ भने *शिवपञ्चाशिकामा दार्शनिक चेत* (७/५, २०५८) शीर्षकको समालोचनामा भाव, विचार, भाषा र शैलीमा अपूर्व निजात्मकता भएका कवि लेखनाथ पौड्यालको कृति **शिवपञ्चाशिका**को सैद्धान्तिक र कृतिपरक समालोचना गरिएको छ । नेत्र एटमद्वारा लिखित *ध्रुवचन्द्र गौतमका नाटकमा पाइने प्रयोगको स्वरूप* (१०/९, २०६०) शीर्षकको समालोचनात्मक लेखमा गौतमका नाटकमा पाइने प्रयोगको स्वरूपलाई प्रायोगिक, कृतिपरक, प्रवृत्तिपरक विश्लेषण गरिएको छ । उनका नाटकमा आख्यानमा झैं नयाँनयाँ प्रयोग गरिएको छ भनिएको छ । नेपाली नाटकमा पृथकीय प्रभाव, अराजक नाटक, विसङ्गत नाटक, दृश्यात्मक नाटकका साथै असित व्यङ्ग्य तथा मिथकको कलात्मक उद्देश्यपूर्ण र विशिष्ट गर्ने नाटककारको नाटकीय प्रभावकारिता र उच्चताका लागि नित्य-नवीन प्रवृत्तिको परिचय गराउने, भावात्मकताका तत्त्वले कल्पनाबिम्ब र रहस्य प्रकट गर्ने, मिथकको पुनर्सिर्जना र सिर्जनात्मक प्रयोग गर्ने नेपाली साहित्यमा पाश्चात्य प्रवृत्ति भित्र्याउने नाटककार भनी समालोचना गरिएको छ ।

पूर्णप्रसाद अधिकारीद्वारा लिखित *वैकुण्ठ एक्सप्रेस एक स्वैरकाल्पनिक विचरण* (५/३, २०५६) शीर्षकको समालोचनामा आख्यानकार मोहनराज शर्माको नाट्यकृतिको कृतिपरक, प्रायोगिक विश्लेषण गरिएको छ । ह्रासोन्मुख मानवीय जीवनमूल्य, युगीन विसङ्गतिको उद्देश्यलाई मूर्तरूप दिँदै लेखिएको नाटकको भाषाशैली मनोरञ्जक, सङ्क्षिप्त र सरल संवाद,

अङ्क र दृश्यविहीनताको वृत्तमा मञ्चशिल्पप्रति सचेत रही नाट्य अवस्था र नाट्यमञ्चका बीच सन्तुलन ल्याई हास्यव्यङ्ग्यात्मक स्वैरकल्पनात्मक, नाट्यशिल्पका साथ नाटक रचना गरिएको छ भनिएको छ । पश्चिमी आधुनिक नाट्यशिल्पलाई मौलिकता र नवीनता भित्र्याउने कुशल संयोजक, प्रयोगवादी नाटककार भनी समालोचना गरिएको छ । *भष्मासुरको नलीहाडमा प्रतीकप्रयोग* (७/५, २०५८) शीर्षकको समालोचनात्मक लेखमा ध्रुवचन्द्र गौतमको **भष्मासुरको नलीहाड** नाटकको कृतिपरक समीक्षा गरिएको छ । यसमा मान्छेका जिजीविषा, लालसा, शक्तिको सम्प्रभुता र सामर्थ्यता इत्यादिलाई स्वैरकल्पनात्मक ढङ्गबाट प्रस्तुत गरिएको छ भनिएको छ । भौतिक शक्ति र मानसिक रवाफ नै नलीहाडको प्रतीक ठहर्नु, सामाजिक अस्तित्वका संरक्षणका लागि निरन्तर प्रयत्नशील हुनु, निजी आकाङ्क्षालाई मूर्तरूप दिन तल्लीन देखिनु, कालान्तरमा नलीहाड भ्रमको वस्तु ठहर्नु र ज्ञानको उदय हुनुजस्ता युगीन अवस्थालाई प्रतीकात्मक ढङ्गबाट प्रस्तुत गरिएको भन्दै अस्तित्व र अस्मिताको उपहास गर्ने स्वाभिमानको नष्ट गर्ने तत्कालीन कुनियतलाई सम्पक् तरिकाले चित्रण गरिएको छ भनिएको छ । त्यस्तै उनको अर्को *कपिल अज्ञातका कविताहरू एक परिक्रमा* (१/२०५१) मा अज्ञातका कविताहरूको प्रायोगिक विश्लेषण गरिएको छ । उनका कवितामा परिस्कृत र परिमार्जित काव्यात्मक अभिव्यक्ति रहनुका साथै विसङ्गतिको यथार्थ चित्रण गरिएको छ भन्दै गुणात्मक दृष्टिले बढी भए पनि संरचनापक्ष केही खस्किएको छ भनिएको छ । अनुप्रासको लोभले गर्दा भावात्मक ह्रास हुनुका साथै परिस्कारप्रति कम ध्यानाकर्षण देखिने कुरा उल्लेख गरिएको छ । व्यङ्ग्यचेतना प्रखर रहनु ठोस उपलब्धि मान्दै अभिव्यक्तिलाई अनुप्रासमा नै व्यक्त गर्न भन्दै आलोचनात्मक र भावात्मक समीक्षा गरिएको छ । त्यस्तै उनको *साहित्यमा स्वैरकल्पना* (६/४, २०५७) शीर्षकमा स्वैरकल्पनाको सैद्धान्तिक चर्चा गरिएको छ । उक्त समालोचनामा स्वैरकल्पना र साहित्यिक अभिव्यक्तिको सम्बन्ध, पश्चिमी साहित्यमा स्वैरकल्पनात्मकता, नेपाली साहित्यमा स्वैरकल्पनाको प्रयोगको चर्चा गरी अन्त्यमा निष्कर्ष दिएर चर्चा गरिएको छ । समाज र पतनोन्मुख मानवीय पात्र तथा संस्कृतिको दुर्दशालाई मार्मिक रूपबाट बुझ्न, व्यङ्ग्यको प्रचुरता अभिव्यक्तिमा प्रखरता, शब्दचयन र वाक्यगठनमा आश्चर्य र विष्मय झल्काउने सामर्थ्य भित्री रूपको मानवीय दुस्प्रवृत्तिको चित्रण स्वैरकल्पनाले गर्नसक्ने कुराको उल्लेख छ । ... पूर्णप्रसाद अधिकारीकै *अन्त्यपछिको अन्तर्वस्तु* (१०/९, २०६०) शीर्षकको समालोचनात्मक लेखमा वरिष्ठ आख्यानकार ध्रुवचन्द्र गौतमको **अन्त्यपछि** उपन्यासको कृतिपरक समीक्षा गरिएको छ । वर्तमान युग समय, समाज र मान्छेको व्यथालाई पर्गेल्ने त्रासदीको यथार्थ रूप सशक्तरूपमा देखिएको भन्दै समाज, अर्थतन्त्र, राजनैतिक विसङ्गतिलाई हास्य र श्यामव्यङ्ग्यको व्यापक प्रयोग गरेर देखाइएको छ भनिएको छ ।

बुद्धिनाथ अधिकारीद्वारा लिखित *समालोचक गोर्खाली विविध अभिव्यक्ति र प्रवृत्ति* (५/३, २०५६) शीर्षकको समालोचनामा रमेश गोर्खालीप्रति विभिन्न समीक्षक र विद्वान्हरूका विचारलाई उल्लेख गरिएको छ । निजी दृष्टिकोणलाई विश्लेषणात्मक, तुलनात्मक, अन्वेषणात्मक, जीवनीपरक विशेषता रहेको कुरा प्रस्तुत गरिएको छ । गोर्खालीले समालोचनामा समालोच्यकृतिको सुव्यवस्थित विवेचना र विश्लेषण गर्ने, कृतिको सबल पक्षभन्दा दुर्बल पक्षको खोजी गर्ने, विवेच्य कृतिको वस्तुपरकतामा निजी दृष्टिकोणको प्रस्तुति रहने, कृतिकारको अवमूल्यनभन्दा अधिमूल्यनतर्फ झुकाउ राख्ने, भाषिक क्लिष्टता हुने सफल, सक्षम, प्रखर समालोचक भनी प्रवृत्तिपरक समालोचना गरिएको छ । त्यस्तै बुद्धिनाथ अधिकारीद्वारा लिखित

*बालसाहित्यको उत्कृष्ट नमुना : आँखाका नानी* (७/५, २०५८) शीर्षकको लेखमा गोविन्दराज विनोदीद्वारा लिखित **आँखाका नानी** पुस्तकको समीक्षा गरिएको छ । उक्त पुस्तकमा उपदेश र प्रेरणा दिने छोटा, सरल, सारगर्भित, सौन्दर्यमूलक प्रेरणादायी कविताहरूको सँगालो भएकोले अभिभावक र बालसाहित्यप्रेमीहरूलाई उपयोगी, पठनीय, सङ्ग्रहणीय, काव्यिक सौन्दर्य तथा भावका दृष्टिले उत्कृष्ट रहेको छ भनिएको छ भने उनकै अर्को *मान्छेको कथा र बलिदानको व्यथाको प्रस्तुति 'अज्ञात प्रारम्भ'* (६/४, २०५७) शीर्षकको लेखमा भीम विरागद्वारा रचित उक्त खण्डकाव्यको परिचय गराइएको छ । **अज्ञात प्रारम्भ** पुस्तकमा जनआन्दोलनको क्रममा प्रजातन्त्रप्राप्तिका लागि त्याग र बलिदानव्यथाको प्रस्तुति, सङ्घर्षका घटनाहरू, आख्यानात्मक रूपमा विकसित हुँदैगएको, आन्दोलनपछि पनि दुःख पाएको मानव नियति र नेपाली प्रवृत्ति स्पष्टरूपमा अभिव्यक्त गरिएको छ भनिएको छ ।

माधवप्रसाद पोखरेलद्वारा लिखित *अलिखित उपन्यासको रचनाशिल्प* (१०/९, २०६०) शीर्षकको समालोचनामा ध्रुवचन्द्र गौतमद्वारा लिखित **अलिखित** उपन्यासको प्रायोगिक, कृतिपरक विश्लेषण गरिएको छ । अलिखितमा लम्बाइ, चौडाइ र गहिराइतिर खनेर मान्छेको जीवन सिङ्गै निकाल्ने प्रयत्न गरी स्वतन्त्र साहचर्यको शैलीको वर्णन गरिएको छ भनिएको छ । पछि आउने आधुनिकतम उपन्यासमा ती पक्षहरूको प्रयोग गर्ने सम्भावना देखिएको छ भन्दै यस उपन्यासको वर्णनमा अनास्था र असङ्गति रहेको कुरा भनिएको छ ।

मोहनराज शर्माद्वारा लिखित *दुविधाभित्रका ध्रुवचन्द्र गौतम* (१०/९, २०६०) शीर्षकको समालोचनामा ध्रुवचन्द्र गौतमद्वारा लिखित उपन्यास **दुविधा**को सैद्धान्तिक र कृतिपरक विश्लेषण गरिएको छ । यस उपन्यासमा भाषिकशक्ति, यौनशक्ति, व्यङ्ग्यशक्ति, राजनैतिकशक्ति, आर्थिकशक्ति, सामाजिकशक्ति, सांस्कृतिकशक्तिको मनोरम भण्डारका रूपमा **दुविधा**को सिर्जना गरी नेपाली साहित्यमा कुशल औपन्यासिक शिल्प, कल्पना, सामर्थ्य, व्यङ्ग्यसामर्थ्य, एउटा ठूलो विष्फोटक तत्त्व प्रखररूपमा प्रकट भएको छ भनिएको छ भने रमेश गोर्खालीद्वारा लिखित *दुखान्त नाटकको सिर्जनपरम्परामा जीवनवादी गम्भीर अर्थबोध* (८/६, २०५९) शीर्षकको समालोचनामा समालोचक केशवप्रसाद उपाध्यायद्वारा रचित **दुखान्त नाटकको सिर्जनपरम्परा** कृतिको कृतिपरक सैद्धान्तिक चर्चा गरिएको छ । उपाध्यायले बालकृष्ण समद्वारा रचित नाटकमा पाइने दुखान्त चेतनाको विविधताको पाटाको स्पर्श गर्दै राष्ट्रिय परिप्रेक्ष्यमा पूर्वीय, पश्चिमा वा युरोपेली बौद्धिकतासित आत्मीयता जोड्दै प्रवृत्ति, दर्शन र वैविध्यको झन्डै तीनहजार वर्ष पुरानो नाट्येतिहासको गाम्भीर्य, युगोचित निष्कर्ष दिने महनीय कार्य गरिएको छ भनिएको छ । दीर्घावधि लगाई शोधार्थीका रूपमा कृति तयार गरेकोले कृतित्वको गरिमा विवेचनीय छ भनिएको छ । त्यस्तै रमेश गोर्खालीद्वारा लिखित *सहस्राब्दीको अन्तिमप्रेमकथाको अभिव्यञ्जनात्मक मूलपाठ* (१०/९, २०६०) शीर्षकको समालोचनामा ध्रुवचन्द्र गौतमद्वारा रचित **सहस्राब्दीको अन्तिम प्रेमकथा** उपन्यासको कृतिपरक समालोचना गरिएको छ । उक्त उपन्यासमा उपन्यासकारले प्रणयात्मक अनुबन्धनलाई गहकिलो ढङ्गमा जनाउँदै सहजता, जटिलता, असहजता र सन्तुष्टि, सामाजिक सङ्गठनको संरचनामा निर्भर वर्तमान आर्थिक र राजनैतिक युगमा पूँजीको अगाडि सबैथोक निरीह र विचलित बनेको अवस्था जनाउँदै अकूत भ्रष्टाचारपद्धतिले अलोकप्रिय दिग्भ्रमित हुँदै गएको ठहरजस्ता समस्यालाई व्यक्त्याउने विविध आयाम भएका अमर नायक भनी समालोचना गरिएको छ ।

रमेश प्रभातद्वारा लिखित *बालुवामाथि उपन्यास : दृष्टि विविधताका केन्द्रीयतामा* (१०/९, २०६०) शीर्षकको समालोचनामा कृतिपरक विवेचना गरिएको छ । ध्रुवचन्द्र गौतमको उक्त उपन्यासमा रहेको कथानक संरचना, पात्रविधान, संवाद, द्वन्द्व, भाषाशैलीको समीक्षा गरिएको छ भन्दै अस्तित्ववादी चेतले ओतप्रोत भएको दार्शनिक धरातलमा उभिने चेष्टा गरेको सफल उपन्यास भनिएको छ भने *'सरुभक्तको चुली' नेपाली मनको चुली* (९/८, २०६०) शीर्षकमा **चुली** उपन्यासको कृतिपरक समीक्षा गरिएको छ । सगरमाथाको आरोहणमा आउने विपत्ति, प्राविधिक ज्ञान, औजार र वायुमण्डलीय चाप आदिका बारेमा जानकारी पाउन सकिने उपन्यास भनिएको छ भने रमेश प्रभातले उक्त उपन्यासले कौतुहलताको न्यूनता, विशिष्ट शैली रहेको, मानव मस्तिष्कको अघोषित चुलीतर्फको आरोहण मान्न सकिने उपन्यास भनेका छन् भने राजेन्द्र सुवेदीद्वारा लिखित *केही मूलभूत बुँदाहरूका आधारमा कट्टेलसरको चोटपटक उपन्यास* (१०/९, २०६०) शीर्षकको समालोचनामा ध्रुवचन्द्र गौतमद्वारा रचित उपन्यास **कट्टेलसरको चोटपटक**मा सैद्धान्तिक औपन्यासिक तत्त्वको अपेक्षाबाट पनि औपन्यासिक मर्मको प्राप्ति रहेको छ भनिएको छ । यस उपन्यासमा परम्परा र वर्तमानको द्वन्द्व, अहन्ताको अभिव्यक्ति, मनोवैज्ञानिक स्वाभाविकता, शैली र शिल्प, समकालीन परिवेशको प्रतिपादन देखाइएको छ भनिएको छ । जीवन र जगत्को विसङ्गतिमूलक चिन्तनलाई औपन्यासिक रूप दिँदै नवीनतम पद्धतिहरू र पनहरूको विशाल परिधि समेटेको उपन्यास भनी सैद्धान्तिक विश्लेषण गरिएको छ ।

रोशन थापा 'नीरव' द्वारा लिखित *मौनभित्रका विस्फोटहरू* (१०/९, २०६०) शीर्षकमा ध्रुवचन्द्र गौतमद्वारा रचित **मौन** सूत्रउपन्यासको सैद्धान्तिक र प्रायोगिक विश्लेषण गरिएको छ । नेपाली उपन्याससाहित्यमा सूत्रउपन्यासमा परिलक्षियत समाज, लक्षियत समाज, वर्णित विषयवस्तु, चित्रित चरित्र आदि सबैमा साहित्यशक्ति, यौनव्यङ्ग्य, सामाजिक, राजनैतिक, भाषिकशक्तिको प्रवेश यत्रतत्र भएको उपन्यास भनिएको छ । **मौन** सूत्रउपन्यासमा समाजका, धेरै राष्ट्रका, झन् धेरै राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाहरू यथार्थरूपमा चित्रण गरिएको छ भनिएको छ । उक्त शीर्षकमा पूर्वपीठिका, विषयप्रवेश, अर्थक्षेपण, कृतिसंरचना आदि कुरालाई सैद्धान्तिक रूपमा विश्लेषण गरिएको छ ।

लक्ष्मणप्रसाद गौतमद्वारा लिखित *चितवन निबन्धविधा एक सङ्क्षिप्त अवलोकन* (१/२०५१) समालोचनामा चितवन जिल्लाबाट प्रकाशित निबन्धको बारेमा समीक्षा गरिएको छ । ती निबन्धबाट समसामयिक यथार्थता, हास्य र व्यङ्ग्य, कला र संस्कृतिको संवाहक बनेर जीवन्त बनाउने, चाकडी र चाप्लुसीको पराकाष्ठा, समाजका विकृति र विसङ्गति, सामाजिक-सांस्कृतिक विकृति, प्रगतिवादी चेतना, राजनैतिक व्यङ्ग्य आदि विविध क्षेत्रलाई ओगटेको तथ्यलाई औँल्याइएको छ । त्यस्तै लक्ष्मणप्रसाद गौतमद्वारा नै लिखित *इन्द्रबहादुर राईको 'महारुदन' सूत्रसमालोचनात्मक आरेख* (५/३, २०५६) शीर्षकको समालोचनामा *महारुदन* कथाको प्रायोगिक विश्लेषण गरिएको छ । यसमा आयामेली आन्दोलनका सशक्त स्तम्भकार र लीलालेखनका एकल प्रवर्तक शिल्पविधानको वैशिष्ट्यका नवनिर्माता, भाषाको मृत्युपछि भावनालाई सजीव बनाउने शिल्पी कथाकार राईको *महारुदन* कथाको समालोचक गौतमबाट सूत्रसमालोचना गरिएको छ । जीवनको वस्तुसन्दर्भ र जीवनको भुक्त सन्दर्भ देखाएर यसको बाह्य साङ्केतित र अन्त: साङ्केतित अर्थ स्पष्ट पार्दै साङ्केतित अर्थद्योतनलाई वृत्ताकारीय ढाँचा संरचनाको गुम्फन र लीलालेखनको नमुनाका रूपमा प्रस्तुत *महारुदन* कथा मूल्याङ्कित

भएको देखाइएको छ भने लक्ष्मणप्रसाद गौतमद्वारा नै लिखित *नरसिंह अवतार : सूत्रसमालोचनात्मक आरेख* (६/४, २०५७) शीर्षकमा जगदीश शमशेर राणाको **नरसिंह अवतार** काव्यको कृतिपरक सैद्धान्तिक विश्लेषण गरिएको छ । नेपाली कवितामा प्रयोगवादी धाराको मिथकीय प्रयुक्तिको काव्यकारिता भएको यस महाकाव्यको सर्ग, सर्गशीर्षक, सहायक खण्ड, उपखण्ड लय संरचनात्मक ढाँचामा सूत्रात्मकरूपमा उल्लेख गर्दै अतीत, वर्तमान र भविष्यको स्पष्ट स्थितिबोधको केन्द्रीयतामा त्रिकालिक युगबोध गराइएको छ भनिएको छ । भूत, वर्तमान, भविष्यका स्थैतिक सन्दर्भ देखाई राष्ट्रिय-अन्तर्राष्ट्रिय, शाश्वत द्वन्द्वसन्दर्भ, मिथकीय रूपको द्वन्द्वलाई सूत्रात्मक रूपमा देखाइएको छ भनिएको छ । त्यस्तै कालपुरुषको अत्याचारी प्रवृत्तिको पराकाष्ठा, कालपुरुषको शक्तिध्वंशनको बिम्ब चित्रात्मक संयोजन लौहशक्तिले पेले पनि मानवशक्ति हार्दैन भन्ने अभिप्राय क्रान्तिचेतनाको चरमोत्कर्षता नवीन युगजागरण र परिवर्तन सन्दर्भ, शान्तिका लागि क्रान्तिको नैरन्तर्यबोध नरसिंह अवतरण मिथकीय बिम्बका रूपमा प्रयोगजस्ता वर्णित विषयलाई बोधगम्य हुने पाराले सूत्रात्मक रूपमा समालोचना गरिएको छ । लक्ष्मणप्रसाद गौतमद्वारा नै लिखित *उत्तरआधुनिकतावाद : सङ्क्षिप्त पर्यवलोकन* (७/५, २०५८) शीर्षकमा साहित्य सिर्जना र समालोचनाको सन्दर्भमा पुराना मूल्यहरूको विघटन र नयाँ मूल्यहरूको स्थापना भएपछि उत्तरआधुनिकतावाद भित्रिएको बारे चर्चा गर्दै उत्तरआधुनिकतावादी समालोचनाको मूलभूत मान्यता वा स्थापनाहरू उल्लेख गर्दै सैद्धान्तिक समालोचना गरिएको छ । लक्ष्मणप्रसाद गौतमद्वारा लिखित *औपन्यासिक नवप्रयुक्तिका रूपमा बाढी र यसको अनुभवन्यासिक विश्लेषण* (१०/९, २०६०) शीर्षकको समालोचनात्मक लेखमा आख्यानकार ध्रुवचन्द्र गौतमको **बाढी** शीर्षकको अनुभवन्यासको अत्यन्त विस्तृत विश्लेषण गरिएको छ । विभिन्न आठओटा शीर्षक र उपशीर्षकमा विभाजित यस लेखमा ध्रुवचन्द्र गौतमको औपन्यासिककारितालाई स्पष्ट पार्दै **बाढी**लाई नवप्रयोग र विधामिश्रण भएको कृतिका रूपमा व्याख्या गरेर उनका जीवनका संस्मरण र अनुभूतिहरू नै अनुभवन्यासका रूपमा आएको कुरा पुष्टि गरिएको छ । यस कुरालाई अझ स्पष्ट पार्न उदाहरण तालिका र रेखाचित्रद्वारा अझ स्पष्ट पारिएको छ । यो समालोचना विशुद्ध कृतिपरक प्रायोगिक समालोचना हो । लक्ष्मणप्रसाद गौतमद्वारा नै लिखित *उत्तरआधुनिकता/उत्तरआधुनिकतावादको सैद्धान्तिक स्वरूप* (१३/१०, २०६५) शीर्षकको समालोचनामा उत्तरआधुनिकतावादी सिद्धान्तको सैद्धान्तिक विश्लेषण गरिएको छ । समालोचकद्वारा यस समालोचनामा उक्त वादको स्पष्ट पृष्ठभूमि र परिचय दिँदै पश्चिमीजगत्मा परेको प्रभावको बारेमा चर्चा गरिएको छ । साहित्य सिर्जना र समालोचनाको क्षेत्रमा देखिएको उत्तरआधुनिकतावादको विशिष्ट पहिचानको उल्लेख गरिएको छ र आधुनिकता र उत्तरआधुनिकतालाई वस्तुगत रूपमा स्पष्ट पार्दै इहाबहनको यी दुई भिन्नतालाई तालिकामा देखाइएको छ । उत्तरआधुनिकता र समकालीनताबीचको अन्तरसम्बन्ध र प्रमुख समानतालाई अभिरेखाङ्कन गर्दै तात्त्विक भिन्नतालाई देखाएर आधुनिकता र उत्तरआधुनिकता र समकालीनताले समय, प्रवृत्ति, अवधारणा र प्रभाव आदिलाई द्योतन गर्ने कुरा उल्लेख गरिएको छ ।

लीलामणि भट्टराईद्वारा लिखित *निर्जीव निबन्धहरूमा रूपसंरचनावादी पठन* (१/२०५१) शीर्षकमा सम्बन्धित निबन्धको कृतिपरक विवेचना गरिएको छ । निर्जीवका निबन्धहरूमा अभिव्यञ्जनात्मक, अभिभाषात्मक, तथ्यात्मक, सम्बन्धनात्मक आदिले काम गर्ने कलात्मक वाक्यहरू छाँटिएका, कुँदिएका, भावात्मक पालिस गरिएको भन्दै भनाइ टेडोपन, सोचाइमा

खरोपन पाइन्छ भनिएको छ । उनका निबन्धमा रूपसंरचनावादीको जस्तै विचार व्यक्त छन् भनिएको छ । कतैकतै पदसङ्गतिको बेमेल देखिए पनि निबन्धहरू पठनीय, उपदेशात्मक, निर्देशनात्मक, खारिएको भाषाले गर्दा यी निबन्धले साहित्य निर्माणमा ईट थप्ने काम भएको भनी समालोचना गरिएको छ ।

लीला लुइटेलद्वारा लिखित *शिल्पसंयोजनको नवीनताका दृष्टिले फूलको आतङ्क* (१०/९, २०६०) शीर्षकको यस समालोचनामा ध्रुवचन्द्र गौतमद्वारा रचित **फूलको आतङ्क** उपन्यासको कृतिपरक प्रायोगिक विश्लेषण गरिएको छ । भाषिक प्रयोगगत अनौपचारिकता, श्यामव्यङ्ग्यको सटीक प्रयोग, विशिष्ट प्रयोगधर्मिता आदि थुप्रै औपन्यासिक प्रवृत्ति र वैशिट्य रहेका गौतमले वर्तमान जीवनपद्धतिको सुन्दर एवम् कोमल वस्तु फूलले समेत आतङ्कित पारेको छ भन्ने भावलाई सूत्रात्मक, कलात्मक र आकर्षक पाराले व्यक्त गरिएको छ भन्दै नेपाली उपन्यासका फाँटमा उनका औपन्यासिक शिल्प विशिष्ट, अतुलनीय र अद्वितीय रहेको कुरा उल्लेख गरिएको छ ।

शङ्करप्रसाद गौतमद्वारा लिखित *पूर्वीय वाङ्मय अर्थात् ओरिएन्टालिज्म : सङ्क्षिप्त चर्चा* (८/६, २०५९) शीर्षकको समालोचनामा पूर्वीय वाङ्मयवादको सैद्धान्तिक समीक्षा गरिएको छ । यो वाद साहित्यसँग सम्बन्धित भए पनि औपनिवेशिक शक्तिले सम्पन्न पश्चिमाहरूले निर्माण गरेको अवधारणा, शक्तिको उपज हो भनिएको छ । युरोपेली विद्वान् तथा व्याख्याताहरूले एसियाली, अरबी तथा अफ्रिकाली बासिन्दा र त्यहाँको सामाजिक चित्रलाई पश्चिमी युरोपेली समाजमा आफ्नै तरिकाले परिचय गराउने विषयवस्तु पूर्वीय वाङ्मयवाद बनेको छ भनी समालोचना गरिएको छ ।

शालिकराम ढकालद्वारा लिखित *समसामयिकताको फोटोग्राफी : कालो उज्यालो* (१०/१३, २०६५) शीर्षकको लेखमा हरिहर खनालद्वारा निर्मित कथासङ्ग्रह **कालो उज्यालो**को पुस्तक समीक्षा गरिएको छ । उक्त पुस्तकमा नेपाली राजनीति, सामाजिक परिवेश, नागरिक जीवन, धर्मसंस्कृति र विश्वपरिवेश सम्बन्धित विभिन्न तथ्यहरूको उद्घाटन गर्दै विकृतिप्रति व्यङ्ग्य प्रहार, सुधारको सन्देश सम्प्रेषण गरिएको छ भनिएको छ । जनताको आवाज, पीडा, भावना र वेदना बोल्ने सर्वज्ञ, सर्वद्रष्टा कविसाहित्यकारको वाणी बन्दुक र बारुदका अगाडि निरीह बनेको चेतनाको संवाहक र समाजक पथप्रदर्शक कवि-लेखकहरू सामाजिक अन्याय बेथितिप्रति विध्वंश गरी नयाँ युग र परिवर्तन आउने कुरामा आशावादी भएको सभ्यता र चेतनाको उज्यालो आउने कुरा आशावादी रहेको कुरा अभिव्यक्त छ भनिएको छ । त्यस्तै सिन्धु गौतमद्वारा लिखित *'मरूद्यान' कवितासङ्ग्रहको सङ्क्षिप्त समीक्षा* (१०/१३, २०६५) शीर्षकको लेखमा कवि हुसैन खाँद्वारा रचित पुस्तक **मरूद्यान**को समीक्षा गरिएको छ । उक्त सङ्ग्रहमा यथार्थता, प्राकृतिक चेतना, वर्तमान समयका विकृतिहरू र त्यसका असर, बालचेतना, नारीपीडाका भावना, शान्तिको कामना गरिएका भाव, विचार र सन्दर्भमा विविधता भएका छन्दोबद्ध कविताहरू रहेको कुरा देखाउँदै समसामयिक घटनालाई लिएर लेखिनुका साथै समकालीन अस्तव्यस्ततालाई मनमोहक पाराले व्यक्त गरिएको छ भनिएको छ ।

हरिप्रपन्नाचार्यद्वारा लिखित *लीलामणि भट्टराईका कविताप्रतिको एक दृष्टि* (१/२०५१) शीर्षकको लेखमा लीलामणि भट्टराईद्वारा रचित कवितासङ्ग्रहको कृतिपरक समालोचना गरिएको छ । लीलामणि भट्टराईका कवितामा अर्थगाम्भीर्यको अभाव, व्याकरणीय कमजोरी,

दुर्बोध्य, अस्पष्ट वाक्यांश, आकर्षकताको कमीले काव्यको उत्कर्षतातर्फ लागेको देखिए पनि युगको पीडा, व्यथा, विद्रोहको घोषणा, जीवनका जटिलता, दिग्भ्रमित मानवीय मतिको विश्लेषण आदि विषयप्रति व्यङ्ग्य गर्दै लेखिएका कवितामा नयाँनयाँ उपमा, श्लेष र अन्त्यानुप्रासको प्रयोग गरिएको कुरा व्यक्त गरिएको छ ।

यसप्रकार **मधूलिका** पत्रिकामा प्रकाशित समालोचनाहरू सैद्धान्तिक, प्रायोगिक, कृतिपरक, विश्लेषणात्मक, प्रभावपरक, सूत्र समालोचनात्मक आदि जे भए पनि नेपाली समालोचनामा यस पत्रिकाको योगदान विशेष देखिन्छ ।

## ४.४.३ 'मधूलिका' पत्रिकामा प्रकाशित समालोचनात्मक लेखहरूको स्वरूपगत प्रकार

**मधूलिका** पत्रिकाका सबै अङ्कमा प्रकाशित समालोचनात्मक लेखहरूको स्वरूपगत प्रकारलाई यसप्रकार देखाइन्छ –

| क्र.सं. | समालोचक | शीर्षक | समालोचनात्मक स्वरूप र प्रकार | वर्ष/अङ्क | साल |
|---|---|---|---|---|---|
| १. | अमर न्यौपाने | 'छातीभित्र तिम्रो माया' भित्र एक अनुभूति | सामान्य समीक्षा | ९/८ | २०६० |
| २. | इन्द्रबहादुर राई | 'सीताहरू' को पठन : प्रतिक्रिया | प्रतिक्रियापरक समालोचना | १३/१० | २०६५ |
| ३. | एकनारायण पौड्याल | विनिर्माणवादी समालोचना | विनिर्माणवादी समालोचना | १३/१० | २०६५ |
| ४. | कपिल अज्ञात | नेपाली उखानमा अलङ्कार | सैद्धान्तिक समालोचना | ५/३ | २०५६ |
| ५. | कपिल अज्ञात | समालोचनाको सान्दर्भिक कृति : सान्दर्भिक समालोचना | कृतिपरक समीक्षा | ७/५ | २०५८ |
| ६. | कपिल अज्ञात | 'मेरो वर्तमानता' को सेरोफेरोमा विनोदीका कवित्वको मापन | कृतिपरक विवेचना | १ | २०५१ |
| ७. | कमल भण्डारी | ठोस कविता | सैद्धान्तिक विश्लेषण | ८/६ | २०५९ |
| ८. | किशन थापा 'अधीर' | स्वर्गीय हीरादेवीको खोज : समकालीन जीवनको त्रासदी | कृतिपरक विश्लेषण | १०/९ | २०६० |
| ९. | कुमार कोइराला | निमित्तनायकको विसङ्गत संसार | कृतिपरक विश्लेषण | १०/९ | २०६० |

| क्र.सं. | समालोचक | शीर्षक | समालोचनात्मक स्वरूप र प्रकार | वर्ष/अङ्क | साल |
|---|---|---|---|---|---|
| १०. | कृष्ण गौतम | नेपाली उपन्यासपरम्परामा एक नौलो आयाम 'डापी' | ऐतिहासिक एवम् कृतिपरक समालोचना | १०/९ | २०६० |
| ११. | कृष्णचन्द्रसिंह प्रधान | ध्रुवचन्द्र गौतमको उपन्यासकारिता | कृतिपरक र प्रवृत्तिपरक समालोचना | १०/९ | २०६० |
| १२. | कृष्णप्रसाद दाहाल | ध्रुवचन्द्र गौतमको सहस्राब्दीको अन्तिम प्रेमकथा अस्तित्व प्रेमको सहीछाप | कृतिपरक समालोचना | १०/९ | २०६० |
| १३. | कृष्णा पौडेल | अभाव र विसङ्गतिको कथा : एक सहरमा एक कोठा | कृतिपरक समालोचना | १०/९ | २०६० |
| १४. | केशवप्रसाद उपाध्याय | नेपाली नाट्यक्षेत्रमा ध्रुवचन्द्र गौतमको योगदान | प्रवृत्तिपरक समालोचना | १०/९ | २०६० |
| १५. | खगेन्द्रप्रसाद लुइटेल | नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान | प्रवृत्तिपरक समालोचना | १०/९ | २०६० |
| १६. | खुमनारायण पौडेल | हिमाल रुन्छ : एक अध्ययन | कृतिपरक समालोचना | अङ्क १ | २०५१ |
| १७. | गोपाल गोतामे | डापी उपन्यासबारे एउटा प्रथम पाठकको प्रतिक्रिया | पाठकीय प्रतिक्रियापरक समालोचना | १०/९ | २०६० |
| १८. | गोपाल पौडेल | तथाकथितमा प्रतिबिम्बित समसामयिकता | कृतिपरक समालोचना | १०/९ | २०६० |
| १९. | गोविन्द गिरी 'प्रेरणा' | कथाकार ध्रुवचन्द्र गौतमको कथायात्रा | प्रवृत्तिपरक समालोचना | १०/९ | २०६० |
| २०. | गोविन्दराज भट्टराई | प्रथम उपन्यासका प्रथम पुनर्सर्जक ध्रुवचन्द्र | कृतिपरक उत्तरआधुनिक समालोचना | १०/९ | २०६० |
| २१. | घनश्याम उपाध्याय कँडेल | नेपालीमा बिम्बसम्बन्धी मानकग्रन्थ | कृतिपरक समालोचना | १०/१३ | २०६५ |

| क्र.सं. | समालोचक | शीर्षक | समालोचनात्मक स्वरूप र प्रकार | वर्ष/ अङ्क | साल |
|---|---|---|---|---|---|
| २२. | ज्ञानु अधिकारी | 'ब्ल्याकआउट, काजु बदाम र छोरा' कथाको चरित्रविश्लेषण र वस्तुविश्लेषण | प्रायोगिक विश्लेषणात्मक समालोचना | १०/१३ | २०६५ |
| २३. | ज्ञानु पाण्डे | उपन्यासकार ध्रुवचन्द्र गौतम : विषयमाथिको एक अध्ययन | प्रवृत्तिपरक समालोचना | १०/९ | २०६० |
| २४. | टङ्क भट्टराई | प्रकृतवादी उपन्यासका रूपमा उपसंहार अर्थात् चौथो अन्त्य | कृतिपरक प्रायोगिक समालोचना | १०/९ | २०६० |
| २५. | दामोदर रिजाल | मानवीय अस्मिताको खोजी अर्थात् 'नरमेध' कवितासङ्ग्रह | पुस्तक समीक्षा | ६/४ | २०५७ |
| २६. | दीपकप्रसाद गौतम | नेपाली कथामा प्रयोगको स्वरूप - अन्तहीन युद्ध | पुस्तक समीक्षा | ७/५ | २०५८ |
| २७. | दीपकप्रसाद गौतम | नयाँ कृतिहरू | कृतिपरक समालोचना | ८/६ | २०५९ |
| २८. | दीपकप्रसाद गौतम | 'कथोपकथन' मा अभिव्यक्त अन्तर्वस्तु | पुस्तक परिचय | ९/८ | २०६० |
| २९. | दीपकप्रसाद गौतम | उत्तरआधुनिक प्रेम-३ कथाको विश्लेषण | पुस्तक समीक्षा | १०/१३ | २०६५ |
| ३०. | द्वारिका श्रेष्ठ | नेपाली नाट्यविधाको नयाँ घुम्ती : त्यो एउटा कुरा | कृतिपरक समालोचना | १०/९ | २०६० |
| ३१. | नारायणप्रसाद खनाल | 'झ्याउरे कविता डाँफेचरीका भालेपोथी' मा गीतितत्त्वको अध्ययन | कृतिपरक समालोचना | ५/३ | २०५६ |
| ३२. | नारायणप्रसाद खनाल | शिवपञ्चाशिकामा दार्शनिक चेत | सैद्धान्तिक र कृतिपरक समालोचना | ७/५ | २०५८ |
| ३३. | नेत्र एटम | ध्रुवचन्द्र गौतमका नाटकमा पाइने प्रयोगको स्वरूप | कृतिपरक-प्रवृत्तिपरक समालोचना | १०/९ | २०६० |

| क्र.सं. | समालोचक | शीर्षक | समालोचनात्मक स्वरूप र प्रकार | वर्ष/ अङ्क | साल |
|---|---|---|---|---|---|
| ३४. | पूर्णप्रसाद अधिकारी | 'वैकुण्ठ एक्सप्रेस' एक स्वैरकाल्पनिक विचरण | कृतिपरक प्रायोगिक विश्लेषण | ५/३ | २०५६ |
| ३५. | पूर्णप्रसाद अधिकारी | भस्मासुरको नलीहाडमा प्रतीकप्रयोग | कृतिपरक समीक्षा | ७/५ | २०५८ |
| ३६. | पूर्णप्रसाद अधिकारी | कपिल अज्ञातका कविताहरू एक परिक्रमा | प्रभावपरक समीक्षा | अङ्क १ | २०५१ |
| ३७. | पूर्णप्रसाद अधिकारी | साहित्यमा स्वैरकल्पना | | ६/४ | २०५७ |
| ३८. | पूर्णप्रसाद अधिकारी | भौतिकशास्त्रका नोबेल पुरस्कार विजेता | पुस्तक समीक्षा | ८/६ | २०५९ |
| ३९. | पूर्णप्रसाद अधिकारी | अन्त्यपछिको अन्तर्वस्तु | कृति समीक्षा | १०/९ | २०६० |
| ४०. | बुद्धिनाथ अधिकारी | बालसाहित्यको उत्कृष्ट नमुना : आँखाका नानी | पुस्तक समीक्षा | ७/५ | २०५८ |
| ४१. | बुद्धिनाथ अधिकारी | समालोचक गोर्खाली : विविध अभिव्यक्ति र प्रवृत्ति | जीवनीपरक प्रवृत्तिपरक समालोचना | ५/३ | २०५६ |
| ४२. | बुद्धिनाथ अधिकारी | मान्छेको कथा र बलिदानको व्यथाको प्रस्तुति 'अज्ञात प्रारम्भ' | पुस्तक परिचय | ६/४ | २०५७ |
| ४३. | माधवप्रसाद पोखेल | अलिखित उपन्यासको रचनाशिल्प | कृतिपरक, प्रयोगिक समालोचना | १०/९ | २०६० |
| ४४. | मोहनराज शर्मा | दुविधाभित्रका ध्रुवचन्द्र गौतम | सैद्धान्तिक कृतिपरक समालोचना | १०/९ | २०६० |
| ४५. | रमेश गोर्खाली | 'दुखान्त नाटकको सिर्जनपरम्परा' जीवनवादी गम्भीर अर्थबोध | सैद्धान्तिक कृतिपरक समालोचना | ८/६ | २०५९ |
| ४६. | रमेश गोर्खाली | सहस्राब्दीको अन्तिम प्रेमकथाको अभिव्यञ्जनात्मक मूलपाठ | कृतिपरक समालोचना | १०/९ | २०६० |
| ४७. | रमेश प्रभात | बालुवामाथि उपन्यास : दृष्टिविविधताका केन्द्रीयतामा | कृतिपरक समालोचना | १०/९ | २०६० |

| क्र.सं. | समालोचक | शीर्षक | समालोचनात्मक स्वरूप र प्रकार | वर्ष/ अङ्क | साल |
|---|---|---|---|---|---|
| ४८. | रमेश प्रभात | सरुभक्तको 'चुली' : नेपाली मनको चुली | कृतिपरक सामान्य समीक्षा | ९/८ | २०६० |
| ४९. | राजेन्द्र सुवेदी | केही मूलभूत बुँदाहरूका आधारमा कट्टेलसरको चोटपटक उपन्यास | कृतिपरक सैद्धान्तिक समालोचना | १०/९ | २०६० |
| ५०. | रोशन थापा 'नीरव' | मौनभित्रका विस्फोटहरू | कृतिपरक सैद्धान्तिक समालोचना | १०/९ | २०६० |
| ५१. | लक्ष्मणप्रसाद गौतम | चितवन निबन्धविधा एक सङ्क्षिप्त अवलोकन | प्रभावपरक समालोचना | अङ्क १ | २०५१ |
| ५२. | लक्ष्मणप्रसाद गौतम | इन्द्रबहादुर राईको 'महारुदन' सूत्रसमालोचनात्मक आरेख | प्रायोगिक सूत्रसमालोचना | ५/३ | २०५६ |
| ५३. | लक्ष्मणप्रसाद गौतम | नरसिंह अवतार : सूत्रसमालोचनात्मक आरेख | कृतिपरक प्रायोगिक सूत्रसमालोचना | ६/४ | २०५७ |
| ५४. | लक्ष्मणप्रसाद गौतम | उत्तरआधुनिकतावाद : सङ्क्षिप्त पर्यवलोकन | सैद्धान्तिक समालोचना | ७/५ | २०५८ |
| ५५. | लक्ष्मणप्रसाद गौतम | औपन्यासिक नवप्रयुक्तिका रूपमा बाढी र यसको आनुभवन्यासिक विश्लेषण | कृतिपरक प्रायोगिक समालोचना | १०/९ | २०६० |
| ५६. | लक्ष्मणप्रसाद गौतम | उत्तरआधुनिकता/उत्तरआधुनिकतावादको सैद्धान्तिक स्वरूप | सैद्धान्तिक समालोचना | १३/१० | २०६५ |
| ५७. | लीलामणि भट्टराई | निर्जीव निबन्धहरूमा रूपसंरचनावादी पठन | कृतिपरक समालोचना | अङ्क १ | २०५१ |
| ५८. | लीला लुइटेल | शिल्पसंयोजनको नवीनताका दृष्टिले फूलको आतङ्क | कृतिपरक प्रायोगिक समालोचना | १०/९ | २०६० |
| ५९. | शङ्करप्रसाद गौतम | पूर्वीय वाङ्मयवाद अर्थात् ओरिएन्टालिज्म : सङ्क्षिप्त चर्चा | सैद्धान्तिक समालोचना | ८/६ | २०५९ |

| क्र.सं. | समालोचक | शीर्षक | समालोचनात्मक स्वरूप र प्रकार | वर्ष/ अङ्क | साल |
|---|---|---|---|---|---|
| ६०. | शङ्करप्रसाद गौतम | समकालीन द्वन्द्वकथालाई अभिघातले हेर्दा | प्रवृत्तिपरक, कृतिपरक समालोचना | १०/१३ | २०६५ |
| ६१. | शालिकराम ढकाल | समसामयिकताको फोटोग्राफी : कालो उज्यालो | कृतिपरक समालोचना | १०/१३ | २०६५ |
| ६२. | सिन्धु गौतम | 'मरूद्यान' कवितासङ्ग्रहको सङ्क्षिप्त समीक्षा | कृतिपरक समीक्षा | १०/१३ | २०६५ |
| ६३. | हरि प्रपन्नाचार्य | लीलामणि भट्टराईका कविताप्रतिको एक दृष्टि | कृतिपरक समालोचना | अङ्क १ | २०५१ |

## ४.४.४ निष्कर्ष

समालोचनात्मक लेखहरूको प्रकाशनका दृष्टिले **मधूलिका** पत्रिका विशेष उल्लेखनीय छ र यस पत्रिकामा सैद्धान्तिक, प्रायोगिक र नवीन किसिमका समालोचना रहेका छन् । वरिष्ठ समालोचकलगायत उदीयमान समलोचकहरूका समालोचनात्मक सामग्रीहरूलाई पनि यस पत्रिकाले उत्तिकै स्थान दिएको छ । **मधूलिका** पत्रिकामा सङ्गृहीत समालोचनात्मक लेखहरू उच्चबौद्धिकतायुक्त छन् । यहाँ भएका साहित्यिक रचनामा विश्लेषणात्मकलेखन, वस्तुवादी, भाषावादी तथा अन्तर्विषयकजस्ता समालोचनाप्रणालीका आधारमा समालोचना गरिएको छन् त कतै समालोचकीय व्यक्तित्व र त्यसका मूल्यमान्यता स्पष्ट पारिएको छ भने कतिपय समालोचनामा समालोचकीय व्यक्तित्व र त्यसका मूल्यमान्यता स्पष्ट पारिएको छ । *सीताहरू पठन : प्रतिक्रिया* जस्तो पाठकीय अनुक्रियापरक समालोचना पनि छन् भने आख्यानकार ध्रुवचन्द्र गौतमको जीवनीपरक, प्रवृत्तिपरक र कृतिपरक विश्लेषण गरिएको छ । साथै गौतमका आख्यानहरूको प्रयोगिक विश्लेषण गरिएको छ । त्यस्तै कथासङ्ग्रहको र कवितासङ्ग्रह आदिको पुस्तकपरिचय अथवा पुस्तक समीक्षा गर्ने काम भएको छ । यस पत्रिकाका समालोचनामा विभिन्न साहित्यकारको साहित्यिक कृतिको कृतिपरक समीक्षासमेत गरिएको छ भने कृतिपरक समालोचनाका साथै त्यस्ता समालोचनामा कृतिको विश्लेषण पनि गरिएको छ । यसक्रममा *वैकुण्ठ एक्सप्रेस*का साथै स्वैरकाल्पनिक विचरणको सैद्धान्तिक र प्रायोगिक चर्चा गरिएको छ । त्यस्तै दुखान्त नाटकको सिर्जनपरम्परामा जीवनवादी गम्भीर अर्थबोधको कृतिपरक सैद्धान्तिक चर्चा पनि गरिएको छ । जगदीश शमशेर राणाको **नरसिंह अवतार** खण्डकाव्यको कृतिपरक र सूत्रबद्ध विश्लेषण गरिएको छ भने गिरीशवल्लभ जोशीद्वारा लिखित उपन्यास **वीरचरित्र**को पुनर्लेखन पनि गरिएको छ साथै पूर्वीय वाङ्मयवादको सैद्धान्तिक विवेचना गरिएको छ । सूत्रसमालोचना यस पत्रिकाको मुख्य प्राप्ति हो ।

**मधूलिका** पत्रिकामा रहेका समालोचनालाई हेर्दा स्थानीयताको परिधिमा भन्दा निकै माथि उठाउन खोजिएको आभास हुन्छ । यस पत्रिकामा प्रकाशित समालोचना गुणात्मक दृष्टिले धेरै अगाडि छन् ।

## ४.५ मधूलिका पत्रिकामा प्रकाशित लोकसाहित्यको विश्लेषण

### ४.५.१ विषयप्रवेश

लोक र साहित्य शब्दको योगबाट लोकसाहित्य बनेको हुन्छ । लोकसाहित्य भन्नाले लोकमा प्रचलित साहित्य भन्ने बुझिन्छ । लोकसाहित्यको प्रयोगक्षेत्र विशेषगरी ग्रामीण परिवेश श्रुतिपरम्परा र अलिखित साहित्यसम्म पुग्नुपर्ने हुन्छ । लोकसाहित्यका विविध विधाहरू छन् । लोकगीत, लोकगाथा, लोककाव्य, लोकनाटक, उखान-टुक्का, गाउँखाने कथा आदि प्रमुख विधाहरू छन् । 'नेपाली लोकसाहित्यको परम्परा खोज्दै जाँदा निकै पुरानो वेदका ऋचाजस्तै श्रुतिपरम्पराद्वारा एकपछि अर्कोमा मौखिकरूपमा सर्दै र सङ्गृहीत हुँदैआएको लोकसाहित्य नै लेख्यसाहित्यको जग पनि हो ।'[२५] लोकसाहित्य संस्कार, संस्कृतिका कुराहरूसँग समाजसापेक्ष रहेका हुन्छन् ।

**मधूलिका** पत्रिकामा विभिन्न समयमा नेपाली साहित्यका विभिन्न पक्षसँग सम्बन्धित थोरै अनुसन्धानात्मक तथा समीक्षात्मक लोकसाहित्यसँग सम्बन्धित सामग्रीहरू पनि प्रकाशित भएका छन् । प्रकाशनको आरम्भबाट तीनजना लेखकका चारओटा लोकसाहित्यका लोकनाटक र लोकगीत विषयक सामग्रीहरू यस पत्रिकामा प्रकाशित छन् । रत्यौली, लोकसंस्कृतिको लोकगीत र लोकसाहित्यको परिचय उल्लेख गरिएको, गण्डकीको सेरोफेरामा गीतहरूको लोकनाटकका सन्दर्भमा मारुनी र सोरठीको लोकसंस्कृति र लोकनाटकहरूको उल्लेख गरिएको छ ।

### ४.५.२ 'मधूलिका' पत्रिकामा प्रकाशित लोकसाहित्यिक लेखहरूको विषयवस्तुगत विश्लेषण

केदारनाथ खनालद्वारा लिखित *रत्यौली : लोकसंस्कृतिको एउटा पक्ष* (९/८, २०६०) शीर्षकको लेखमा नेपालका महिला समाजमा विवाहको अवसरमा प्रस्तुत गरिने नृत्यगीत, रत्यौलीको बारेमा व्याख्या र विश्लेषण गरिएको छ । त्यस्तै रत्यौलीगीतको प्रकार र स्वरूपको उल्लेख गर्दै विकृति र विलुप्त हुन नदिन सचेत महिलाको दायित्व रहने कुरा उल्लेख गरिएको छ भने उनकै *लोकसाहित्य र लोकगीत : एक परिचय* (१३/१०, २०६५) शीर्षकको लेखमा लोकसाहित्यको परिचय, परिभाषा, विश्लेषण र विकासक्रमको बारेमा उल्लेख गरिएको छ । यसैक्रममा लोकगीतले मौखिक भएर पनि स्वस्वत्वलाई अमरअजर तुल्याउन सकेको कुरा दर्साइएको छ । लोकगीतको वर्गीकरण गर्दै सामाजिक परिवेश, स्थानविशेष, सांस्कृतिक चित्रण, राजनीतिको प्रभाव यसमा परेको कुरा उल्लेख गरिएको छ । चूडामणि बन्धुद्वारा लिखित *लोकनाटकका सन्दर्भमा मारुनी र सोरठी* (५/३, २०६५) शीर्षकको लेखमा लोकसंस्कृतिको

२५ केदारनाथ खनाल, *लोकसाहित्य र लोकगीत,* **मधूलिका**, (२०६५), पृ. ५६ ।

सन्दर्भ, लोकनाटकको परिभाषा, विशेषता उल्लेख गर्दै लोकनाटकको वर्गीकरण, नेपाली लोकनाटकहरूको उत्पत्ति, विकास, लोकनाटक र शास्त्रीय नाटकका समानता, भिन्नता, नेपाली लोकनाटकको विषयमा नेपाली लोकसाहित्यमा सोरठीशैलीका सबै लोकनाटकहरूमा मारुनीको उपस्थिति हुनाले नेपाली लोकनाटकको आफ्नै विशिष्ट पहिचान रहेको कुरा उल्लेख गरिएको छ । त्यस्तैगरी शोभाकान्त गौतमद्वारा लिखित *जीवनचक्रसम्बन्धी लोकगीतहरू : सन्दर्भ गण्डकी सेरोफेरो* (७/५, २०५८) लेखमा गण्डकी अञ्चलको कास्की जिल्ला लोकसाहित्य र लोकसंस्कृतिको धनी जिल्ला मानिने कुरा उल्लेख छ । लोकगीतमा सरल हृदयका भएका ग्रामीण नारीमध्येबाट सरल र निश्छल अनुभूतिलाई यथार्थरूपमा प्रस्तुत गरिएको हुन्छ भन्दै लोकगीतमा बिन्दुभित्र सिन्धु अटाउन सक्ने क्षमता र लोकजीवनको सक्कली अनुहार प्रदर्शन हुने नवीन र उर्वर, स्वच्छ र पवित्र रहेको कुरा उल्लेख गरिएको छ । लोकगीतमा गेयात्मक, साङ्गीतिक भाव, भाषा, आडम्बर, मुक्त, सरल, सरस, स्वाभाविक एवम् हृदयग्राही भावना रहने कुरा उल्लेख गर्दै ऋतुचक्रसम्बन्धी लोकगीत, जीवनचक्र सम्बन्धी लोकगीत र विविध गीत भनी वर्गीकरण गरिएको छ ।

## ४.६ मधूलिका पत्रिकामा प्रकाशित अन्तर्वार्ता, विश्वसाहित्य र अन्य विविध सन्दर्भहरूको विश्लेषण

### ४.६.१ विषयप्रवेश

**मधूलिका** पत्रिकामा विभिन्न साहित्यिक विधाका अतिरिक्त अन्य अन्तर्वार्ताहरू, व्यक्तिव्यक्तित्व परिचय, अनुवादसाहित्य, विश्वसाहित्य, भाषिक लेख र संस्कृतिपरक लेखहरू पनि प्रकाशित छन् । यसअन्तर्गत अन्तर्वार्ताहरूमा वरिष्ठ आख्यानकारहरू परशु प्रधान, समालोचक/कवि अभि सुवेदी र कथाकार सनत रेग्मीसँगका अन्तर्वार्ताहरू छन् भने बीचबीचमा कतिपय अङ्कहरूमा विभिन्न विषयक्षेत्रसँग सम्बन्धित लेखहरू पनि रहेका छन् । यस पत्रिकामा समावेश भएका यस्ता लेखहरू यसप्रकार देखाइन्छ –

(क) अन्तर्वार्ताहरू

(ख) व्यक्तित्व वा व्यक्तिव्यक्तित्व

(ग) अनुवादसाहित्य

(घ) विश्वसाहित्य

(ङ) भाषिक लेख

(च) संस्कृतिपरक लेख

(ज) अन्य विविध विषयसँग सम्बद्ध लेख

(झ) चित्रात्मकता

**मधूलिका** पत्रिकाको विविध स्तम्भअन्तर्गत विश्वसाहित्यसँग जम्मा एउटा लेखमा अस्तित्ववादी लेखक फ्रान्त्स काफकाका बारेमा उल्लेख गरिएको छ । यस किसिमका सामग्रीहरूले नेपाली पाठकहरूलाई विश्वसाहित्यका विभिन्न पक्षहरूको जानकारी गराउन सहयोग पुगेको छ । त्यस्तै **मधूलिका** पत्रिकामा अनुवादसाहित्यसँग सम्बद्ध विषयवस्तु पनि

छन् । तीनजना लेखकका तीनओटा अनुवादसाहित्यसम्बन्धी लेख विशेष उल्लेख्य छन् । विभिन्न भाषाका साहित्यिक रचनाहरूको नेपालीमा गरिएको अनुवादसमेत समावेश गरिएकोले यस किसिमको सामग्रीले नेपाली पाठकहरूलाई विश्वसाहित्यका विभिन्न महत्त्वपूर्ण पक्षहरूको जानकारी गराउनमा सहयोग पुगेको छ ।

व्यक्तिव्यक्तित्व/अन्तर्वार्ता र कविता, कलाचर्चालाई पनि राखिएको छ । व्यक्तिव्यक्तित्वअन्तर्गत एकजना साहित्यकारको व्यक्तित्वमाथि प्रकाश पार्ने काम भएको छ । उक्त प्रतिभा समाजसेवी र पत्रकारितामा जीवन सार्थक देख्ने व्यक्तित्व हुन् । जसको प्रेरणाले समाजसेवाको भावको विकास गराउँछ । त्यस्तै प्रकाशन यात्राका क्रमका दुईजना व्यक्तित्वसँग फरक व्यक्तिबाट अन्तर्वार्ता लिइएको कुरालाई पनि राखिएको छ । यस किसिमको सामग्रीले विभिन्न धारणा बुझ्न र उनीहरूका साहित्यिक जीवनका अनुभूतिहरू जान्न सहयोग पुगेको छ । स्थापित साहित्यकारहरूबाट नवीन प्रतिभाहरूलाई साहित्यप्रति आकर्षित गर्ने काम गरेको छ । त्यस्तै कलाचर्चाअन्तर्गत दुईजना लेखकको तीनओटा सामग्रीहरू प्रकाशित छन् । *चित्रकला र कविता, कला र कौशल, अनुभूतिवृत्तमा कला*जस्ता कलाका विभिन्न क्षेत्रलाई समेटेर कलासम्बन्धी जानकारी राख्न चाहने पाठकहरूलाई सामग्री पनि मिलेको देखिन्छ ।

**मधूलिका** पत्रिकामा चित्रात्मकताको संयोजन यसको उल्लेखनीय पक्ष हो । अङ्क एक, दुई, सातौँ, आठौँ र दसौँमा चित्रहरू छैनन् भने बाँकी तेस्रो, चौथो, पाँचौँ र छैटौँ अङ्कहरूमा विशेषत: कविता र कथाहरूमा भावअनुरूपका अमूर्त चित्रहरू पनि रहेका छन् । ध्रुवचन्द्र गौतम विशेषाङ्कको अन्त्यमा ध्रुवचन्द्र गौतमसँग सम्बन्धित फोटो (चित्र) पनि राखिएका छन् ।

## ४.६.२ विविध सन्दर्भहरूको विश्लेषण

**मधूलिका** पत्रिकाको अङ्क तीनदेखि विभिन्न स्तम्भहरू समावेश गरिएका छन् । माथि उल्लेख गरिएका स्तम्भहरूको र तीअन्तर्गतका लेखहरूको विश्लेषण तल गरिन्छ –

### ४.६.२.१ अन्तर्वार्ता

अभि सुवेदीको *साहित्यलाई अब पूरै नयाँ ढङ्गले व्याख्या गर्ने समालोचक चाहिएको छ* (७/५, २०५८) शीर्षकको वार्तामा समसामयिक साहित्यिक गतिविधिका बारेमा चितवन वाङ्मय प्रतिष्ठानको मुखपत्र **मधूलिका**को तर्फबाट गरिएको सङ्क्षिप्त कुराकानी हो । यस वार्तामा समकालीन नेपाली कविताको स्थिति र समकालीन नेपाली समालोचनाको स्थितिबारे सोधिएका आठओटा प्रश्न र अभि सुवेदीबाट प्राप्त उत्तरहरू समावेश गरिएको छ । साहित्यलाई अब पूरै नयाँ ढङ्गले व्याख्या गर्ने समालोचकको खाँचो रहेको कुरा यसमा उल्लेख छ ।

परशु प्रधानको *'रचनागर्भ' साहित्यिक विधाको विसंरचनाको रूप हो* (९/८, २०६०) शीर्षकको अन्तर्वार्ता लक्ष्मणप्रसाद गौतमद्वारा वरिष्ठ कथाकार परशु प्रधानसँग विविध विषयमा लिइएको अत्यन्तै लामो अन्तर्वार्ता हो । यस अन्तर्वार्तामा साहित्यसँग सम्बन्धित विविध पक्षमा सोधिएका एक्काइसओटा प्रश्न र परशु प्रधानद्वारा दिइएका तिनका उत्तरहरू छन् । परशु प्रधानको साहित्यिक यात्रा, प्रवृत्ति, उनको कथालेखन, परशु प्रधानसँग केही व्यक्तिगत कुराहरू

र समकालीन कथाका धार, दिशा र प्रवृत्ति एवम् विश्वसाहित्यसँगका सन्दर्भहरू सम्बन्धित प्रश्नका उत्तरहरू पनि सटिक रूपमा आएका छन् । त्यस्तै उत्तरआधुनिकता र उनको रचनागर्भसँग सम्बन्धित धेरै प्रश्न र तिनका उत्तरहरू यहाँ छन् र विभिन्न उदाहरणद्वारा तिनको पुष्टि पनि गरिएको छ साथै अन्त्यमा परशु प्रधान संलग्न नभएको साहित्यिक आन्दोलन, मोफसल र राजधानीवाद, वाणी प्रकाशनलगायतका सन्दर्भ पनि यहाँ आएका छन् । विषयगत विविधताका दृष्टिले यो अन्तर्वार्ता अत्यन्त प्रभावपूर्ण छ । त्यस्तै सनत रेग्मीको *मेरा कथाहरू यथार्थका धेरै नजिक छन्* (८/६, २०५९) शीर्षकको अन्तर्वार्ता हरिहर पौडेलद्वारा वरिष्ठ कथाकार सनत रेग्मीसँग उहाँको **आन्तरिक कथासंसार**बारे लिइएको अन्तर्वार्ता हो । यसअन्तर्गत साहित्यिक यात्राप्रवृत्ति र रचनाप्रक्रियाबारे सोधिएका एघारओटा प्रश्नको उत्तर यहाँ राखिएको छ । यसमा समसामयिक नेपाली कथाको स्थिति, नेपाली साहित्यमा उत्तरआधुनिकतासम्बन्धी चर्चा आदि प्रश्नहरूको उत्तरहरूका साथै कथाबाट प्राप्त गर्ने सन्तुष्टि आदिको बारेमा सोधिएका प्रश्न र उत्तर राखिएको छ ।

### ४.६.२.२ कविता कलाचर्चा

**मधूलिका** पत्रिकामा कविता कलाचर्चा स्तम्भ पनि रहेको छ । यसअन्तर्गत कविता कलाचर्चा र चित्रकलासँग सम्बद्ध आलेखहरू छन् । गोविन्दराज विनोदीद्वारा लिखित *कला : आफ्नै अनुभूतिको वृत्तमा* (५/३, २०५७) शीर्षकको लेखमा कलामा सीपका साथ संवेदनालाई मिसाउनसक्नु नै कलाकारको वैशिष्ट्य हो भनिएको छ । मूर्तिकला जति सजीव देखिन सक्यो उति नै राम्रो हुन्छ, अमूर्त कला भने मनको भित्री तहबाट हेरिन्छ भनिएको छ । कलाको सम्बन्ध सत्यं, शिवं र सुन्दरम्को समन्विति हुने कुरा उल्लेख गर्दै चित्रकारले बनाएको संसार एक काल्पनिक सत्य हो भन्दै साहित्यकार, कलाकार सृष्टिकर्ताका रूपमा रहेको हुन्छ भन्दै र कला प्राकृतिक सिर्जनाभन्दा नितान्त भिन्न कल्पना, अनुभूति र विचारको मूलबाट निसृत हुन्छ भनिएको छ भने उनकै *चित्रकला र कविता : केही सन्दर्भ* (६/४, २०५७) शीर्षकको लेखमा विभिन्न बिम्ब र प्रतीकहरूका माध्यमबाट जीवनका वस्तुता र सम्पूर्णताले अभिव्यक्त गर्न प्रयोगवादी एवम् आयामिक कविता सफल हुने कुरा व्यक्त गरिएको छ । कवि प्रकृति र जीवनलाई शब्दमा चित्रण गर्दछन्, चित्रकार रेखा र रङ्गका माध्यमबाट वस्तुता प्रस्तुत गर्दै कुनै कुराको वर्णनबाट पाठकको मनमस्तिष्कमा चित्र स्थापित गर्नु भएकाले चित्रमा कविताकै सन्दर्भ प्रस्तुत गरेर भावलाई अभिरमित पार्दछन् भनिएको छ ।

### ४.६.२.३ व्यक्तिव्यक्तित्व

**मधूलिका** पत्रिकामा व्यक्तिव्यक्तित्वसम्बन्धी एउटामात्र लेख समावेश भएको छ । *सार्थक व्यक्तित्व : गणशेखर शर्मा* (७/५, २०५८) शीर्षकको व्यक्तिपरिचयात्मक लेखमा गणशेखर शर्माको व्यक्तित्वको बारेमा चर्चा गरिएको छ । पत्रकारिता र समाजसेवामा जीवनको सार्थकता खोज्ने व्यक्तित्वले चितवन जिल्लाका विविध समाजसेवा र विशुद्ध मानवसेवासँग सम्बद्ध सङ्घसंस्थामा संलग्न भएर समाजसेवामा अविस्मरणीय योगदान पुऱ्याएको कुरा व्यक्त गरिएको छ ।

### ४.६.२.४ अनुवादसाहित्य र विश्वसाहित्य

**मधूलिका** पत्रिकामा अनुवादसाहित्य र विश्वसाहित्य स्तम्भअन्तर्गत यससँग सम्बद्ध आलेखहरू पनि प्रकाशित छन् । यसक्रममा कलम भण्डारीद्वारा लिखित *आधुनिक मिथक* (७/५, २०५८) लेखमा फरनाल्ड कोम्टेको **डिक्सनरी अफ मिथोलोजी**भित्रको एउटा शीर्षकको अनुवाद गरिएको छ । अनुवादका क्रममा आधुनिक मिथक, कलासाहित्यमा नवआगन्तुक मिथकका रूपमा देखिएको कुराको वर्णन गर्दै वैज्ञानिकता, तार्किकता, वैधानिकतावादमा समेत प्राप्त हुने भएको छ । मिथक सत्य र वस्तुगत हुने कुरा उल्लेख छ । धर्म, राजनीति र अन्य विद्युतीय श्रव्यदृश्य कलामा समेत यसको प्रभाव प्रतिबिम्बित भएको कुरा उल्लेख छ । त्यस्तै लक्ष्मणप्रसाद गौतमद्वारा लिखित *परम्परित पितृसत्तात्मक समाजमा नारी* (८/६, २०५९) लेख फ्रान्सेली लेखिका सिमोन डी. ब्यूभोइरको **द सेकेन्ड सेक्स**बाट अनुवाद गरिएको हो । पितृसत्तात्मक सामाजिक परिपाटीमा महिलाहरू उपेक्षित हुने, बोल्न नदिने र बोलिहाले पनि हतोत्साहित पार्ने, उपभोग्य वस्तुका रूपमा गनिने कुरा व्यक्त गरिएको छ । त्यस्तैगरी श्रीधर शर्माद्वारा लिखित *फ्रान्त्स काफ्का* (८/६, २०५९) लेखमा चेकोस्लाभाकियाका महान् अस्तित्ववादी लेखक फ्रान्त्स काफ्का संवेदनशील आत्मकेन्द्री व्यक्ति भएको उल्लेख गरिएको छ । स्वैरकल्पना, सघन एवम् सङ्क्षिप्त गद्य र असहज शैली तथा विसङ्गत जीवनचरित्र, प्रवृत्ति रहेको उनका कथाले पाठकलाई नै सोच्न छोडिदिने कुरा उल्लेख गरिएको छ । पाठकले अस्पष्ट घटनाबाट जीवन र जगत्बीचको प्रस्ट सम्बन्ध भेट्टाउँछन् भनिएको छ ।

### ४.६.२.५ भाषिक लेख

**मधूलिका** पत्रिकामा भाषिक लेखहरूको सङ्ख्या अत्यन्त कम छ । यस पत्रिकाको दसौँ अङ्कमा एउटा भाषिक लेख रहेको छ । दामोदर रिजालद्वारा लिखित *भाषिक सम्मिश्रण : पिजिन र क्रेओल* (१३/१०, २०६५) शीर्षकको भाषिक लेखमा भाषिक सम्मिश्रणको बारेमा पृष्ठभूमि दिँदै पिजिन भाषाको स्वरूप र विशेषता एवम् क्रेओल भाषाको स्वरूप र विशेषताको व्याख्या-विश्लेषण गरिएको छ ।

### ४.६.२.६ संस्कृतिपरक लेख

**मधूलिका** पत्रिकामा संस्कृतिपरक लेख पनि रहेको छ । यस पत्रिकाको छैटौँ अङ्कमा मात्र एउटा संस्कृतिसम्बन्धी लेख पनि राखिएको छ । यसक्रममा गोपाल अश्कद्वारा लिखित *भोजपुरी कला र कौशल : सङ्क्षिप्त परिचय* (८/६, २०५९) शीर्षकको लेखमा भोजपुरी कला र कौशलको सङ्क्षिप्त परिचय दिने काम गरिएको छ । विवाह आदि माङ्गलिक अवसरमा देखिने कला र कौशल, दीपावली आदि सांस्कृतिक पर्व-त्यौहारको अवसरमा देखिने कला-कौशल, जातिगत पेसामा देखिने कला-कौशल, फुर्सदको घडीमा प्रस्तुत गरिने कला-कौशल आदि कलाका साथै त्यसभित्रका अन्य विभिन्न कला-कौशलको समेत उल्लेख गर्दै जीवन, कला र कलाकारको सम्बन्ध अभिभाज्य हुने कुरा उल्लेख गरिएको छ ।

### ४.६.२.७ चित्रात्मकता

चितवनबाट प्रकाशित साहित्यिक पत्रिकामा चित्रको प्रयोग गर्ने काम सर्वप्रथम **मधूलिका**बाटै सुरु भएको हो । **मधूलिका** पत्रिकामा रहेका रचनाहरूमा चित्रात्मकताको संयोजन गरिएको छ । ती चित्रहरूले कथा र कविताको भावलाई स्पष्ट पार्ने काम गरेका छन् । त्यहाँ रहेका चित्रहरू प्राय: अमूर्त र मूर्त रूपमा छन् । आवरणमा नारी र यौनसँग सम्बन्धित शृङ्गाररस प्रधान चित्रहरू बढी प्रयोग भएका छन् ।

**मधूलिका** पत्रिकाको प्रथम अङ्कको आवरणमा रातो रङ्गको पृष्ठभूमिमा सेतो रङ्गको फूलको चित्राङ्कन गरिएको छ । ब्राह्मण र फूल देखाएर प्राकृतिक सन्दर्भ उल्लेख गरिएको छ । सेतो फूलबाट सौन्दर्यको प्रतीक देखाइएको छ । यस पत्रिकाको दोस्रो अङ्कको आवरणमा पुस्तकबाट कलम छेडिएको छ । त्यसैसँग मानवआकृति पनि उपस्थित गराइएको छ । तेस्रो अङ्कमा सेतो नीलो पृष्ठभूमिमा सेतो फूल र नारीपुरुषबीचको चुम्बन देखाइएको छ । त्यस्तै चौथो अङ्कमा हल्का नीलो सेतो पृष्ठभूमिमा नारीपुरुषसँग नारी र पुरुषका रूपमा नाग-नागिनी र जलबाट माथि भएको दृश्य देखाइएको छ । पाँचौँ अङ्कमा हल्का नीलो सेतो पृष्ठभूमिमा स्त्रीपुरुष कामवासनामा लीन अवस्थालाई अमूर्त रूपमा देखाइएको छ । छैटौँ अङ्कको **मधूलिका**मा घोप्ट्याइएको रक्सीको प्यालामा झुम्मिने र यौनसँग सम्बन्धित चित्र अङ्कित छ । सातौँ अङ्कमा गुलाबी रङ्गको आवरणमा छिर्केमिर्के कालो रङ्गमा चराहरू आगोको तातो रापबाट प्रताडित भई शान्तिको खोजीमा निस्किएको देखाइएको छ । आठौँ अङ्कमा हल्का गुलाबी रङ्गको र कालो रङ्गको बीचतिर स्तनपान गराउँदै गरेकी आमाले छोराछोरीलाई समान गर्नुपर्ने दृष्टि प्रस्तुत गर्दै दुई हातले दुईतिर देखाइएको छ । नवौँ अङ्कमा आख्यानपुरुष ध्रुवचन्द्र गौतमको तस्वीर (फोटो) रातो आवरणमा बनाइएको छ । दसौँ अङ्कमा शिवलिङ्ग अर्थात् सत्यं शिवं सुन्दरम्को पछि लागेका मानवहरू शिवलिङ्ग वरिपरि रहेको देखाइएको छ; जुन चित्र रातो र गुलाबी रङ्गको पृष्ठभूमिको बीच भागमा बनाइएको छ ।

## ४.६.३ विशेषाङ्कको महत्त्व

विषय, स्रष्टा, विधा, आयाम आदिमा केन्द्रित भएर प्रकाशित कृतिलाई विशेषाङ्क भनिन्छ । विशेषाङ्कको आफ्नैआफ्नै किसिमको महत्त्व रहेको छ । विशेषाङ्क प्रकाशित गर्नाले साहित्यकारको बारेमा एउटै अङ्कभित्र पाठकले अध्ययन र सङ्ग्रह गर्न पाउँछ । **मधूलिका** पत्रिकाले पनि विशेषाङ्कको पहल गरेको छ ।

वि.सं. २०५१ सालबाट प्रकाशन आरम्भ गरेको यस पत्रिकाको प्रथम अङ्क समालोचना विशेषाङ्क भए तापनि यसमा तीनओटा निबन्ध/लेख र लघुकथाले प्रवेश पाएका छन् । यसमा छओटा समालोचना छन् । समीक्षात्मक समालोचना, कृतिपरक सामान्य समीक्षा, विवेचना र समालोचना छन् । यसमा प्रकाशित समालोचनात्मक सामग्रीहरू समालोचना सिद्धान्तमा मात्र केन्द्रित नभएर लेखकको निजी शैलीमा केन्द्रित देखिन्छन् ।

वि.सं. २०६० को अङ्क ७, वर्ष ९ मा प्रकाशित **मधूलिका** निबन्धविशेषाङ्क हो । यो **मधूलिका**को सातौँ अङ्क हो । यसमा एउटै निबन्धकारका सत्रओटा निबन्धहरू रहेका छन् । राष्ट्रिय व्यक्तित्व निबन्धकार/कवि श्रीओम श्रेष्ठ 'रोदन' का उत्कृष्ट रचनाहरू यसमा

प्रकाशित छन् । यसरी विशेषाङ्क प्रकाशित हुनाले एउटै निबन्धकारका निबन्धहरू अध्ययन गर्न र सङ्ग्रह गर्न सजिलो पर्न जान्छ ।

त्यस्तैगरी वि.सं. २०६०, अङ्क ९, वर्ष १० मा प्रकाशित **मधूलिका**को नवौं अङ्कलाई आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतमको अभिनन्दनग्रन्थ विशेषाङ्कको रूपमा प्रकाशित गरिएको छ । यसमा आख्यानपुरुष ध्रुवचन्द्र गौतमको कृतिको कृतिपरक समालोचना, प्रवृत्तिपरक समालोचना, समीक्षा, विवेचना र विश्लेषण गरिएको छ । यस अङ्कमा व्यक्तित्व, कृतित्व, विभिन्न विधाका बारेको दृष्टि आदि आख्यानपुरुषसम्बन्धी लेखहरू पनि समावेश गरिएको छ । यसमा जम्मा बैसठ्ठीजना साहित्यकारका बैसठ्ठीओटा नै लेखहरू रहेका छन् । यसमा राष्ट्रिय व्यक्तित्व कृष्णचन्द्रसिंह प्रधान, मोहनराज शर्मा, गोविन्दराज भट्टराई, राजेन्द्र सुवेदी खगेन्द्रप्रसाल लुइटेल, लक्ष्मणप्रसाद गौतमजस्ता व्यक्तिका समालोचना रहेका छन् भने दृष्टिअन्तर्गत तुलसी भट्टराई, खुमनारायण पौडेल, चङ्की श्रेष्ठका लेखहरू पनि रहेका छन् ।

## ४.६.४ सम्पादकीयमा अभिव्यक्त उद्देश्य

**मधूलिका** पत्रिकाको सम्पादकीयहरू स्वयम्मा साहित्यिक मूल्यका देखिन्छन् । ती सम्पादकीयमा साहित्यसम्बन्धी विचार दृष्टिकोण पनि प्रस्तुत गरिएका छन् । सम्पादकीयमा अभिव्यक्त भएका प्रतिष्ठानका उद्देश्य केही प्रमुख साहित्यिक दृष्टिकोण यसप्रकार छन् –

### ४.६.४.१ मधूलिकामा अभिव्यक्त उद्देश्य

(१) प्रथम अङ्कमा सम्पादकीय लेखिएको छैन ।

(२) दोस्रो अङ्कमा उद्देश्यलाई अङ्कित गरिएको छैन ।

(३) अनुसन्धानात्मक एवम् महत्त्वपूर्ण साहित्यिक कृतिहरूको क्रमश: प्रकाशन गर्दै जाने, वार्षिक मुखपत्र प्रकाशन गर्ने र विविध गोष्ठीहरूको आयोजना गरी साहित्यको माध्यमबाट जनालाई सुसूचित गर्ने ।

(४) साहित्य, कला एवम् संस्कृतिका क्षेत्रमा विशिष्ट योगदान दिने, प्रतिभाहरूलाई सम्मान गर्ने र लुकेका प्रतिभाहरूलाई प्रकाशमा ल्याउने । (तेस्रो अङ्क)

(५) **मधूलिका** चितवन वाङ्मय प्रतिष्ठानको मुखपत्र हो । यसलाई स्थानीयताको परिसीमाभन्दा माथि उठाउन खोजिएको छ र नेपालमा विभिन्न ठाउँमा छरिएर रहेका प्रतिभालाई सकेसम्म समेट्ने प्रयास भएको छ ।

(६) नेपाली जनताले प्रजातन्त्रको दुहाई दिएको एक दशक भयो, तर कला-साहित्य चिन्तन वा वाङ्मयिक विकासले कुन मोड वा धार लिँदैछ ? प्रजातान्त्रिक मूल्यको विसङ्घनजस्तै कलासाहित्यको मूल्य पनि विसङ्घन नै भएको छ कि ? हुन थालेको छ कि ? यसप्रति हाम्रो सचेत दृष्टि पुग्नुपर्छ । (चौथो अङ्क)

(७) स्वस्थ प्रतिस्पर्धा होस् भन्ने हेतुले साहित्य, कला र सांस्कृतिक क्षेत्रसँग सम्बन्धित राष्ट्रिय पुरस्कारको स्थापना गर्ने । (पाँचौं अङ्क)

(८) नेपाली र राष्ट्रिय भाषाहरूको साहित्य, कला एवम् संस्कृतिको संरक्षण र विकास गर्ने । (छैटौँ अङ्क)

(९) साहित्य, कला एवम् संस्कृतिको क्षेत्रमा विशिष्ट योगदान दिने राष्ट्रिय प्रतिभाहरूलाई सम्मान गर्ने र लुकेका प्रतिभालाई प्रकाशमा ल्याउने । (सातौँ अङ्क)

(१०) आठौँ अङ्कमा उद्देश्यलाई लक्ष्यित गरी लेखिएको छैन ।

(११) आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतमको आख्यानग्रन्थ विशेषाङ्कको रूपमा प्रकाशित गरी उहाँलाई अभिनन्दन-सम्मान अर्पण गर्ने निधो गरेका छौँ । (नवौँ अङ्क)

(१२) लोकतन्त्रको प्राप्तिसँगै मानिसका आकाङ्क्षा र इच्छाहरूले मूर्तता प्राप्त गर्लान् भन्ने आशा बढेको छ । यसका निम्ति सचेतताको आवश्यकता छ । समकालीन लेखनले हाम्रो चेतनाको स्तरमा त्यो सचेतता ल्याउन यसले आफूलाई नवीन रूपमा प्रस्तुत गर्नु आवश्यक छ । परम्परागत लेखनलाई क्रमभङ्ग गर्दै नयाँ लेखन अब आउनुपर्छ । (दसौँ अङ्क)

## ४.६.४.२ मधूलिकामा अभिव्यक्त साहित्यसम्बन्धी दृष्टिकोण

(१) प्रथम अङ्कमा साहित्यसम्बन्धी दृष्टिकोण अभिव्यक्त गरिएको छैन ।

(२) पछि मात्र थाहा भयो, गलत बाटो हिँडेको रहेछु । गोधूली साँझले फर्कन दिएन । (दोस्रो अङ्क)

(३) प्रतिष्ठानका सदस्य लीलामणि भट्टराईको सम्पादकत्व/प्रकाशकत्वमा दुई अङ्कहरू पातलै आए, ती इतिहासलाई मर्न दिन चाहेनौँ – आखिर कला कला हो; यसैले प्रतिष्ठानका तर्फबाट पहिलो अङ्ककै रूपमा भए पनि यसको जन्म मात्रलाई सम्झेर तेस्रो अङ्क भनिएको हो ।

(४) प्रजातन्त्रप्राप्तिपछि राजनीतिक नाराहरू चर्किए । स्वार्थ र लिप्साका नाराहरू घन्किए । राजनीतिका भाइरसहरूले कलालाई क्षयग्रस्त बनाए । सर्कसे, चटकेहरू चम्किए । वाङ्मयलाई राजनीतिका बाघपञ्जाले जकड्याइए, वाङ्मयसेवीहरू थन्क्याइए – कटु र तीक्त भए पनि यी अनुभूत यथार्थ हुन् । अबको कलाले यी यथार्थताहरूको पोस्टमार्टम गर्नुपर्छ । (तेस्रो अङ्क)

(५) नेपाली जनताले प्रजातन्त्रको दुहाई दिएको एक दशक भयो; तर कलासाहित्य चिन्तन वा वाङ्मयिक विकासले कुन मोड वा धार लिँदैछ ? प्रजातान्त्रिक मूल्यको विसङ्घटनको जस्तै कलासाहित्यको मूल्य पनि विसङ्घटन नै भएको छ कि ? हुन थालको छ कि ? यसप्रति हाम्रो सचेत दृष्टि हुनुपर्छ । (चौथो अङ्क)

(६) राष्ट्रमा यसबेला रक्तपर्व मच्चिरहेछ । कहीँ कसैले भनेको छ – हजारौँ तरबार र बन्दुकले गर्न नसक्ने काम एउटा सानो कलमले गर्न सक्छ । हामी आशा गर्छौं – त्यो कलम चाँडै भटियोस् ।

(७) नेपाली काव्यचेतना कुनकुन धार र भङ्गालाहरूबाट अगाडि बढ्दै छ ? यसका गति, यात्रा र परिणति के हुन् ? आजको काव्यिक यात्रामा युगचेतनाको सापेक्षता कत्तिको छ ? यी प्रश्नहरूसँग हामी परिचित हुनैपर्छ । (पाँचौँ अङ्क)

(८) राष्ट्रमा यसबेला रक्तपात मच्चिरहेछ । कहीँ कसैले भनेको छ – हजारौँ तरबार र बन्दुकले गर्न नसक्ने काम एउटा सानो कलमले गर्न सक्छ । हामी आशा गर्छौं – त्यो कलम चाँडै भटियोस् ।

(९) कतिपय सन्दर्भमा यो पाठकीय चेतनाको अभाव तीतो सत्य हो । एउटा साहित्यिक पत्रिका बिक्री हुन निकै समय लाग्छ, तर फिल्मी पत्रिका र अश्लील किसिमका उत्तेजक पत्रपत्रिकाहरू निकै महङ्गोमा बिक्री भइरहेका छन् । (छैटौँ अङ्क)

(१०) यसबेला रक्तपर्वमाथि शान्तपर्वको विजय भएको 'राहत' परिवेश छ र हामी कसैले अब उपरान्त 'आहत' परिवेशको कल्पना नगरौँ । (सातौँ अङ्क)

(११) साहित्यले समयलाई डोऱ्याउनुपर्छ । समयका पथहरूलाई निर्देशित गर्न साहित्य सक्षम हुनुपर्छ तर विडम्बना समयले साहित्यलाई डसिरहेछ । साहित्य आज घाइते छ, जसबाट मुक्त हुन यसले अझै पनि कति समय कुर्नुपर्ने हो हेर्न बाँकी छ । (आठौँ अङ्क)

(१२) नवौँ अङ्कमा साहित्यसम्बन्धी खासै उल्लेखनीय दृष्टिकोण छैन ।

(१३) सत्ताको दमन लेखनलाई ऊर्जा प्राप्त हुन्छ । सत्ताको प्रवृत्ति र प्रकृतिले लेखनका नयाँनयाँ आयाम खोल्न सहयोग गर्छ । वर्तमानमा नेपाल एउटा महान् उपलब्धितिर उन्मुख सङ्क्रमणकालीन अवस्थामा छ । यस क्रममा विविध राजनीतिक आरोह-अवरोहहरूले जनमानसका जीवनमा ठूलो प्रभाव पारेका छन् र लेखनका निम्ति नयाँनयाँ विषयहरू देखाइदिएका छन् ।

(१४) समकालीन नेपाली साहित्य अत्यन्तै संवेदनशील र सम्प्रेष्य छ । सत्ताको दमनले नेपाली साहित्य कुनै बेला अत्यन्तै जटिल र क्लिष्ट बनेको थियो । आज त्यो अवस्था छैन । सबै कुरा स्वतन्त्र छ । लेखनमा कुनै बन्धन छैन । यसले लेखनलाई सरलीकृत बनाएको छ, तर यो यति धेरै सरलीकृत र सामान्य पनि हुनुहुँदैन कि त्यो अखबारी लेखन बनोस् । सम्प्रेषणीयताका नाममा अखबारी लेखनजस्तो नहोस् भन्ने कुरामा निश्चय नै विचार पुऱ्याउनु आजको आवश्यकता हो ।

(१५) लोकतन्त्रप्राप्तिसँगै मानिसका आकाङ्क्षा र इच्छाहरूले मूर्तता प्राप्त गर्लान् भन्ने आशा बढेको छ । यसका निम्ति सचेतताको आवश्यकता छ । समकालीन लेखनले हाम्रो चेतनाको स्तरमा त्यो सचेतता ल्याउन यसले आफूलाई नवीन रूपमा प्रस्तुत गर्नु आवश्यक छ । परम्परागत लेखनलाई क्रमभङ्ग गर्दै नयाँ लेखन अब आउनुपर्छ ।

## ४.६.५ निष्कर्ष

**मधूलिका** पत्रिकामा रहेका विभिन्न स्तम्भहरूको आफ्नै किसिमको महत्त्व छ । यस्ता स्तम्भहरूले पत्रिकालाई विविधतामय बनाएका छन् । चितवनबाट प्रकाशित साहित्यिक पत्रिकाहरूमा यति धेरै व्यवस्थित संयोजन भएको यो पत्रिका नै हो । विद्यागत स्तम्भका अतिरिक्त अन्तर्वार्ता स्तम्भले लेखकहरूलाई उत्खनन् गर्ने काम गरेको छ भने अनुवादसाहित्य र विश्वसाहित्य स्तम्भले नेपाली पाठकहरूलाई विश्वसाहित्यसँग परिचित गराएको छ । कविता कलाचर्चा कलामा केन्द्रित स्तम्भ हो भने अर्कातिर स्तम्भ नभए पनि यसमा प्रयोग गरिएको चित्रात्मकता स्वयम्मा स्तम्भ बनेको छ र चितवनबात प्रकाशित साहित्यिक पत्रिकामा चित्रको प्रयोग गर्ने काम सर्वप्रथम **मधूलिका**बाटै सुरु भएको छ । यसका आवरणचित्रहरू पनि अमूर्त छन् र तिनले प्राय: यौनलाई अभिव्यञ्जित गरेका छन् । संस्कृतिसँग लेख र भाषिकलेख एकएकओटा भए पनि यसले पत्रिकालाई विविधतामय बनाएको छ । यसरी विविधताहरूबाट पत्रिका बहुमुखी बन्न पुगेको छ ।

# परिशिष्ट खण्ड

## परिशिष्ट (क) अन्तर्वार्ता

**मधूलिका** पत्रिकाका सम्बन्धमा विभिन्न साहित्यिक व्यक्तित्वहरूसँग लिइएको लिखित अन्तर्वार्ता यसप्रकार छ –

### (१) एल्.बी. क्षेत्रीका अनुसार

(१) **चितवनका साहित्यिक पत्रपत्रिकामध्ये 'मधूलिका' पत्रिकालाई यहाँले कस्तो मान्नुहुन्छ ?**

उत्तर : **मधूलिका** पत्रिका मध्यमवर्गको राम्रो पत्रिका हो । यसमा केन्द्र र जिल्लास्तरका राम्राराम्रा लेखकहरूका स्तरीय लेखहरू छन् ।

(२) **'मधूलिका' मा कुन स्तरको रचना प्रकाशित भएको पाउनुहुन्छ ?**

उत्तर : जिल्लास्तरका लेखकहरूले प्लेटफर्म बनाएकोले यहाँ प्रकाशित रचना स्तरीय पाएको छु ।

(३) **'मधूलिका' सम्पादनकलाका विशेषता अन्य पत्रिकाभन्दा भिन्न यहाँले के पाउनुभयो ?**

उत्तर : **मधूलिका** पत्रिकालाई लेखकवर्ग र पाठकवर्ग दुवैले मन पराउँछन् । यस पत्रिकामा सुस्त र चुस्तपन हटाइएकोले सबैले मन पराउँछन् र प्रशंसनीय पनि छ ।

(४) **'मधूलिका' मा स्थानीय रचनालाई कम स्थान दिइन्छ र राष्ट्रियस्तरका रचनालाई मात्र बढी स्थान दिइन्छ भन्ने आरोप छ । यहाँलाई कस्तो लाग्छ ?**

उत्तर : गलत छ, पाठकहरूले मिश्रित लेख पढ्न चाहन्छन्, नभए खल्लो हुन जान्छ । ५० प्रतिशत राष्ट्रिय र बाँकी अन्य स्थानीय लेखरचना रहेका छन् ।

## (२) कपिल अज्ञातका अनुसार

**(१) चितवनका साहित्यिक पत्रपत्रिकामध्ये 'मधूलिका' पत्रिकालाई यहाँले कस्तो मान्नुहुन्छ ?**

उत्तर : चितवनका साहित्यिक पत्रिकाहरूमध्ये मधूलिका उच्चस्तरीय पत्रिका हो । यसमा सोधखोजमूलक, विचारमूलक, सन्देशमूलक र सौन्दर्यपरक भावनाले ओतप्रोत भएका साहित्यिक रचना सङ्गृहीत हुने गर्छन् । कविताका पारखी बौद्धिक व्यक्तिहरू यसमा सम्पादक भएकाले पनि यो साहित्यको उत्कृष्ट नमुना पत्रिका हुन पुगेको हो ।

**(२) 'मधूलिका' मा कुन स्तरको रचना प्रकाशित भएको पाउनुहुन्छ ?**

उत्तर : माथि उल्लेखित गरिएको **मधूलिका**मा उच्चस्तरीय रचना प्रकाशित हुने गरेको पाइन्छ । यसले एक विधाको एक पक्षलाई मात्र नलिई विभिन्न विधाका विभिन्न रचनाहरू समेट्ने गरेको पाइन्छ । जो साहित्य क्षेत्रमा स्थापित छन् । तीसँगै सोभै सम्पर्क राखेर रचना सङ्कलित गर्नाले पनि उच्चस्तरका रचना उपलब्ध भएका छन् । उच्चस्तरीय रचना प्राप्त गर्न सम्पादकको सीप, कौशल र जाँगरमा पनि भर पर्दछ । **मधूलिका**सँग सम्बन्धित सम्पादकहरू समर्पित भावनाले लागेका हुनाले पनि उच्चकोटिका रचना प्रकाशित भएको पाइन्छ ।

**(३) 'मधूलिका' सम्पादनकलाका विशेषता अन्य पत्रिकाभन्दा भिन्न यहाँले के पाउनुभयो ?**

उत्तर : तेस्रो प्रश्नका सम्बन्धमा मोफसलका अन्य पत्रिका र **मधूलिका**बीच निकै भिन्नता छ । अन्य पत्रिकाहरू सम्पादनका दृष्टिले अशुद्ध प्रकाशित भएका देखिन्छन् तर यसमा विषयको गहनताका साथै भाषिक शुद्धता पनि रहेको पाइन्छ साथै केही प्रयोगमूलक रचनाहरू पनि यसमा भेटिन्छन् । कुन रचनाको सारतत्त्व के हो ? त्यो विधा केसँग सम्बन्धित छ ? त्यसको सारभूत सन्देश के हो ? त्यसलाई समेत खुट्याउने गरेको पाइन्छ ।

**(४) 'मधूलिका' मा स्थानीय रचनालाई कम स्थान दिइन्छ र राष्ट्रियस्तरका रचनालाई मात्र बढी स्थान दिइन्छ भन्ने आरोप छ । यहाँलाई कस्तो लाग्छ ?**

उत्तर : स्थानीय तहमा धेरैजसो स्रष्टा सिकारु प्रवृत्तिमा नै सीमित हुन्छन् । केहीमा मात्र उदीयमान स्थिति देखापर्छ । सिकारु प्रवृत्तिका रचनाहरूलाई मात्र स्थान दिँदा पत्रिका स्तरीय हुन पाउँदैन र त्यसले साहित्यिक बजार भेट्न पाउँदैन । त्यसैले स्थानीयतालाई कम स्थान दिएर राष्ट्रिय स्तरकालाई बढी स्थान दिँदा उत्कृष्ट प्रवृत्तिका रचनालाई हेरी स्थानीय स्रष्टाहरूले तिनको सिको गर्न पाउँछन् । यस दृष्टिले **मधूलिका**को मूल्याङ्कन गर्दा यो चितवनकै गुरु पत्रिका त हुँदै हो साथै केन्द्रीयस्तरमा प्रकाशित हुने गरिमा, मधुपर्कभन्दा पनि कुनैकुनै अङ्कहरू अति उत्कृष्ट रहेका छन्, तर उत्कृष्ट साहित्यिक पत्रिकाको राज्यस्तरबाटै मूल्याङ्कनको परिपाटी नहुँदा उत्कृष्ट पत्रिका प्रकाशन गर्ने, सम्पादकहरूलाई पनि कुनै प्रेरणा र प्रोत्साहनको स्थिति देखिन्न । यो ज्यादै उदेकलाग्दो पक्ष हो ।

## (३) केदारनाथ खनालका अनुसार

(१) **चितवनका साहित्यिक पत्रपत्रिकामध्ये 'मधूलिका' पत्रिकालाई यहाँले कस्तो मान्नुहुन्छ ?**

उत्तर : चितवनका साहित्यिक पत्रपत्रिकाहरूमा **वागीश्वरी, सम्प्रेषण, नौलो राँको, मधूलिका, पल्लव, अभिव्यञ्जना, हाम्रो मझेरी, हाम्रो सिर्जना, मध्यक्षितिज** आदि प्रकाशनमा छन् । यीमध्ये केही नियमित छन् भने केही छैनन् पनि । चितवन वाङ्मय प्रतिष्ठानको मुखपत्रका रूपमा २०६५ सालसम्मम १३ वर्षको समयावधिमा पूर्णाङ्क १० प्रकाशित भएको **मधूलिका**को पहिलो अङ्क त त्यस्तै नै हो क्यारे ? चितवनका साहित्यिक पत्रपत्रिकाहरूमध्ये यसलाई नियमित र अनियमितको बीचैमा राख्नुपर्ला कि ?

(२) **'मधूलिका' मा  कुन स्तरको रचना प्रकाशित भएको पाउनुहुन्छ ?**

उत्तर : समालोचना अङ्कबाट श्रीगणेश भएको भनिएको **मधूलिका**को प्रायः सबैजसो अङ्कहरू समसामयिक सङ्कलन र स्तरीय नै छन्, तर सातौँ अङ्क श्रीओम श्रेष्ठ 'रोदन' को निबन्धविशेषाङ्कको रूपमा प्रकाशित भनिएको छ क्यारे ? यो अङ्क कसरी छड्केर काठमाडौँतिर किन पुगेछ कुन्नि ? अन्य अङ्कका तुलनामा **समयको सम्भावना** सामग्री समाविष्ट यो स्तरीय नै भए पनि कसरी चितवन वाङ्मय प्रतिष्ठानको सम्भावनाभित्र पऱ्यो ? बुझिएन ।

(३) **'मधूलिका' सम्पादनकलाका विशेषता अन्य पत्रिकाभन्दा भिन्न यहाँले के पाउनुभयो ?**

उत्तर : **मधूलिका** पत्रिका सम्पादनकलाको विशेषता अन्य पत्रिकाको भन्दा भिन्न यहाँले के आधारमा भन्नुभयो कुन्नि ? प्रकाश थापाको संलग्नता रहेसम्मका अङ्कमा कला, चित्रहरू समावेश भएका छन् र ती कलाले विषयवस्तुलाई प्रस्ट्याउन केही मात्रामा सहयोग पुऱ्याएका छन् । तर कागज, कभर, चित्रकारिता आदिमा कलात्मकता, आकर्षक र गुणस्तरयुक्त देखिँदैन । अक्षरहरू ज्यादै साना र खाँदिएका हुनाले सम्पादन कलामा मितव्ययितालाई चाहिँ बढी नै प्राथमिकता दिएको प्रतीत हुन्छ ।

(४) **'मधूलिका' मा स्थानीय रचनालाई कम स्थान दिइन्छ र राष्ट्रियस्तरका रचनालाई मात्र बढी स्थान दिइन्छ भन्ने आरोप छ । यहाँलाई कस्तो लाग्छ ?**

उत्तर : सर्वसाधारणको मूल्याङ्कन ठीकै होला । म किन नकारौँ **मधूलिका**का सम्पादकहरू डा. खुमनारायण पौडेल काठमाडौँतिरै बस्ने र डा. लक्ष्मणप्रसाद गौतम, हरिहर पौडेलजी पनि पी.एच्.डी.को धूनमा केन्द्रमा र विदेशका साहित्यकारहरूसँगकै सम्पर्क बढी भएकाले पनि होला मोफसलका भन्दा केन्द्रका साहित्यकारहरूलाई बढी प्राथमिकता दिइएको । त्यसो त चितवन वाङ्मय प्रतिष्ठानका साहित्यिक गतिविधि नै स्थानीयस्तरमा अरू साहित्यिक संस्थाहरूको तुलनामा कमै हुन्छ क्यारे ? स्तरीयता खोज्दा केन्द्र उन्मुख भएको पनि हुनसक्छ र स्थापित साहित्यकारहरूसँगको सम्पर्कसूत्रले पत्रिकासँग सम्बन्धित व्यक्तित्वहरूको साहित्यिक र प्राज्ञिक दायरा फराकिलो हुनसक्ने सम्भावना देखेर पनि स्थानीयले कम र राष्ट्रियस्तरका रचनाले बढी स्थान पाएको हुनसक्छ । जेहोस् चितवनको माटोले एउटा राम्रो साहित्यिक पत्रिका दिइरहेको छ । नेपाली वाङ्मयको श्रीवृद्धिमा सघाउ पुगिरहेको छ, खुसीको कुरा हो ।

## (४) दामोदर रिजालका अनुसार

(१) **चितवनका साहित्यिक पत्रपत्रिकामध्ये 'मधूलिका' पत्रिकालाई यहाँले कस्तो मान्नुहुन्छ ?**

उत्तर : **मधूलिका** विभिन्न विधालाई आत्मसात् गर्दै चितवन जिल्लाबाट प्रकाशित पत्रिका हो । अन्य साहित्यिक पत्रिकाका तुलनामा यो अलि बढी नियमित छ भन्ने मलाई लागेको छ । सबै विधालाई सन्तुलित बनाउन नसक्नु यस पत्रिकाको सीमा हो भन्दा अत्युक्ति हुँदैन ।

(२) **'मधूलिका' मा कुन स्तरको रचना प्रकाशित भएको पाउनुहुन्छ ?**

उत्तर : भन्दा राष्ट्रियस्तरका रचना प्रकाशित हुने पत्रिका हो भनिन्छ, तर सामान्यतया स्थानीय र अधिकांश राष्ट्रियस्तरका रचना यसका गहना हुन् ।

(३) **'मधूलिका' सम्पादनकलाका विशेषता अन्य पत्रिकाभन्दा भिन्न यहाँले के पाउनुभयो ?**

उत्तर : पहिलापहिला भावअनुसारका चित्रकलालाई पनि समावेश गरिएको पाइन्थ्यो । आजभोलि त्यस्तो कलाको अभाव छ, तर पनि सम्पादनकलालाई राम्ररी बुझेका सम्पादकहरूबाट यथोचित व्यवस्था भएको मान्न सकिन्छ ।

(४) **'मधूलिका' मा स्थानीय रचनालाई कम स्थान दिइन्छ र राष्ट्रियस्तरका रचनालाई मात्र बढी स्थान दिइन्छ भन्ने आरोप छ । यहाँलाई कस्तो लाग्छ ?**

उत्तर : आरोप अंशतः सही छ, तर आरोपबाट आरोपित गरेर मात्र सुख पाइँदैन । सोहीअनुसारका रचनाहरू पनि उपलब्ध गराउन सक्नुपर्छ । स्थानीय साहित्यकारले स्तरीय रचनाहरू पनि उपलब्ध गराउन सक्नुपर्छ । स्थानीय साहित्यकारका रचना पनि स्तरयुक्त हुँदा प्रकाशित भएकै देखेको छु ।

## (५) धनराज गिरीका अनुसार

(१) **चितवनका साहित्यिक पत्रपत्रिकामध्ये 'मधूलिका' पत्रिकालाई यहाँले कस्तो मान्नुहुन्छ ?**

उत्तर : चितवनबाट प्रकाशित साहित्यिक पत्रिका धेरै नै छन् । **मधूलिका**को आफ्नै विशेषता छ । यसले आफ्नो स्थान र परिचय बनाइसकेको छ ।

(२) **'मधूलिका' मा कुन स्तरको रचना प्रकाशित भएको पाउनुहुन्छ ?**

उत्तर : भर्खरै सिक्दै गरेका लेखक, स्थानीय लेखक र राष्ट्रियस्तरका लेखकले यस पत्रिकामा स्थान पाएका छन् अर्थात् यसले समानुपातिक र समावेशी सिद्धान्तलाई व्यवहारमा उतारेको छ ।

(३) **'मधूलिका' सम्पादनकलाका विशेषता अन्य पत्रिकाभन्दा भिन्न यहाँले के पाउनुभयो ?**

उत्तर : करिबकरिब सबै साहित्यिक पत्रिकाहरूको विशेषता उस्तैउस्तै देखिए पनि राष्ट्रियस्तरमा चर्चित डा. लक्ष्मणप्रसाद गौतमको सम्पादनमा निस्कने भएर होला यो पत्रिका अलि छुट्टै भएर उभिइसकेको छ ।

(४) **'मधूलिका' मा स्थानीय रचनालाई कम स्थान दिइन्छ र राष्ट्रियस्तरका रचनालाई मात्र बढी स्थान दिइन्छ भन्ने आरोप छ । यहाँलाई कस्तो लाग्छ ?**

उत्तर : अहिलेको कालखण्ड आरोपविहीन भएमा सर्वसाधारणलाई अनौठो लाग्ने भएकाले **मधूलिका**ले पनि चलनचल्तीको आरोप खेपेकै छ । यसलाई मैले सामान्य रूपमा लिएको छु ।

## (६) पूर्णप्रसाद अधिकारीका अनुसार

(१) **चितवनका साहित्यिक पत्रपत्रिकामध्ये 'मधूलिका' पत्रिकालाई यहाँले कस्तो मान्नुहुन्छ ?**

उत्तर : चितवन वाङ्मय प्रतिष्ठानको मुखपत्रका रूपमा रहेको यस पत्रिका निरन्तरताको उपज हो । यो बौद्धिक क्षमताका मूलभूत उपलब्धि हो । बौद्धिक ऊर्जा दिने विद्वतापूर्ण लेखहरू यसमा छन् ।

(२) **'मधूलिका' मा  कुन स्तरको रचना प्रकाशित भएको पाउनुहुन्छ ?**

उत्तर : समकालीन साहित्यिक चेतना दिने, उच्च बौद्धिकतायुक्त र स्थानीयतालाई ग्राह्यता दिने पत्रिकाको रूपमा देखापरेको छ ।

(३) **'मधूलिका' सम्पादनकलाका विशेषता अन्य पत्रिकाभन्दा भिन्न यहाँले के पाउनुभयो ?**

उत्तर : सम्पादनकला शुद्ध भएकाले अन्य पत्रिकाभन्दा भिन्न रूपमा देखिएको छ ।

(४) **'मधूलिका' मा स्थानीय रचनालाई कम स्थान दिइन्छ र राष्ट्रियस्तरका रचनालाई मात्र बढी स्थान दिइन्छ भन्ने आरोप छ । यहाँलाई कस्तो लाग्छ ?**

उत्तर : **मधूलिका** पत्रिका समकालीन युगजीवनको उपज हो । पुरानो कुरामात्रै लेखेर समकालीन कथाव्यथालाई प्रतिबिम्बित गर्न सक्दैन । बौद्धिक रचनालाई स्थान दिइएको छ । मोफसल भए पनि राष्ट्रियस्तरका लेखरचना प्रकाशित गर्ने राष्ट्रिय साहित्यिक पत्रिका हो । त्यसकारण स्तरीयताका लागि राष्ट्रियस्तरका रचना अपेक्षित हुन्छन् ।

**परिशिष्ट (ख) मधूलिकाको आवरण पृष्ठ** (अङ्कक्रमअनुसार)




मधुलिका

# मधूलिका



चितवन वाङ्मय प्रतिष्ठान


मधूलिका
चितवन वाङ्मय प्रतिष्ठान


मधूलिका
चितवन वाङ्मय प्रतिष्ठान


मधूलिका
चितवन वाङ्मय प्रतिष्ठान


मधूलिका
चितवन वाङ्मय प्रतिष्ठान


मधुलिका
प्रथा
चितवन वाङ्मय प्रतिष्ठान


मधूलिका
आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम
विशेषाङ्क
चितवन वाङ्मय प्रतिष्ठान


मधूलिका
चितवन वाङ्मय प्रतिष्ठान

# पाँचौं परिच्छेद
# उपसंहार

साहित्यको विकासमा साहित्यिक पत्रपत्रिकाहरूको योगदान महत्त्वपूर्ण हुन्छ । नेपाली साहित्यमा यस्ता साहित्यिक पत्रिकाहरूले विभिन्न मोड र परिवर्तनहरू पनि ल्याएका छन् । यस सन्दर्भमा चितवन वाङ्मय प्रतिष्ठानको मुखपत्रका रूपमा रहेको **मधूलिका** पत्रिकाले पनि मोफसलमा रहेर राष्ट्रिय स्तरमा महत्त्वपूर्ण योगदान दिएको छ । 'भाषिक स्तरीयता र साहित्यिक उत्कर्षका लागि पत्रपत्रिकाको प्रकाशन निकै महत्त्वपूर्ण मानिन्छ । नेपाली साहित्यको विकासका सन्दर्भमा पनि विभिन्न समय र स्थानबाट प्रकाशित अनेकौं पत्रपत्रिकाहरूले गरेको अविस्मरणीय योगदानले ऐतिहासिक महत्त्व राखेको देखिन्छ ।'[१] नेपाली साहित्यको बहुआयामिक विकासका सन्दर्भमा साहित्यिक पत्रपत्रिकाले पुऱ्याउँदै आएको ऐतिहासिक महत्त्वको योगदानलाई हेर्दा यो कुरा प्रमाणित भइसकेको छ । यसै क्रममा चितवन जिल्लाबाट प्रकाशित **मधूलिका**ले पनि महत्त्वपूर्ण भूमिका खेलेको छ । वि.सं. २०५१ सालमा **मधूलिका** पत्रिकाको प्रकाशन भएको हो । प्रथम र द्वितीय अङ्कमा सम्पादक लीलामणि भट्टराई छन् भने अङ्क तीनमा लक्ष्मणप्रसाद गौतम; अङ्क चार, पाँच, छ, सात खुमनारायण पौडेल; अङ्क आठमा खुमनारायण पौडेल, लक्ष्मणप्रसाद गौतम, हरिहर पौडेल रहेका छन् भने अङ्क दसमा हरिहर पौडेल र लक्ष्मणप्रसाद गौतम प्रधानसम्पादक रहेका छन् । हालसम्म **मधूलिका** पत्रिकाका दसओटा अङ्कहरू प्रकाशित छन् ।

नेपाली साहित्यका राष्ट्रिय व्यक्तिदेखि उदीयमान प्रतिभाहरूका रचनाहरूलाई पत्रिकाको माध्यमबाट पाठकसामु पुऱ्याउने उद्देश्यले प्रकाशित **मधूलिका** पत्रिकामा साहित्यका सबैजसो विधाले स्थान पाएका छन् । सङ्ख्यात्मक रूपले बराबर नभए पनि गीत, कविता, कथा, लेख/निबन्ध, समीक्षा/समालोचना, अनुवादसाहित्य, विश्वसाहित्य, वार्ता, व्यक्तिव्यक्तित्व आदि विविध सामग्री पनि यस पत्रिकामा प्रकाशित छन् । यस पत्रिकामा वरिष्ठ र स्थापित साहित्यकारहरूका लेखरचनाहरू बढी प्रकाशित छन्, ती प्रकाशित रचनाहरू स्तरीयसमेत छन् ।

---

१ मुक्तराज उपाध्याय, **नेपाली साहित्यमा अभिव्यक्ति पत्रिकाको योगदान**, (काठमाडौं : अभिव्यक्ति प्रकाशन, २०५१), पृ. ९१ ।

समग्र साहित्यकै परिप्रेक्ष्यमा उन्नत र समृद्धशाली रहेको कविताविधाले **मधूलिका**मा सर्वोच्चस्थान प्राप्त गर्न पुगेको छ । नेपाली साहित्यका बहुप्रतिष्ठित कविहरूदेखि लिएर नवउदीयमान प्रतिभाहरूले कवितामा स्थान पाएका छन् । यस पत्रिकाले नेपाली कविताविधालाई समृद्धशाली बनाउन सहयोग पुऱ्याएको छ । यस पत्रिकामा अधिकांश कविताहरूमा वर्तमान मान्छेको जीवनभोगाइ, अनुभूतिहरू अभिव्यञ्जित भएका छन् । जीवनमा अस्तित्वरक्षाका लागि सङ्घर्ष, नेताहरूको स्वार्थीप्रवृत्तिप्रति व्यङ्ग्य, राष्ट्रप्रेमको भावना अधिकांश कवितामा भेटिन्छ । कवितामा जातीय संस्कृतिको माध्यमबाट माथि उठी युगीन चेतना दिइएको, देश युद्धको चक्रब्यूहमा होमिएका प्रसङ्गहरू, प्रजातन्त्रको धराशायी अवस्था देखाइएको छ भने गीत, गजल, मुक्तक, हाइकुमा प्रणयमूलक, प्रणयवेदनापरक, प्रणयवेदनाको पोखाइ आदि अभिव्यक्त गरिएका छन् । प्रथम अङ्क र सातौँ अङ्कबाहेक सबै अङ्कमा कविताहरू छन् । यसमा जम्मा दुईसयओटा गीत/कविताहरू समावेश छन् । यस पत्रिकामा गद्य र पद्य दुवै कविताहरू रहेको देखिन्छ र पद्यकविताका तुलनामा गद्यकविता बढी रहेको पाइन्छ । यहाँ सरुभक्त, वनमाली निराकार, धर्मेन्द्रविक्रमनेम्बाङ्, कृष्ण प्रसाईं, अविनाश श्रेष्ठ, खुमनारायण पौडेल आदि विभिन्न चर्चित व्यक्तित्वका कविताहरू रहेका छन् । यस पत्रिकामा प्रगीतात्मक संरचनामा रचित कविताहरूमात्र छन् । यस पत्रिकामा प्रकाशित गीत, गजल र मुक्तकहरूले कविताको विधागत आयाम फराकिलो भएको छ । यस किसिमका समसामयिक युगबोध भएका कविताहरू प्रकाशित गरेर **मधूलिका** पत्रिकाले कविताको श्रीवृद्धिमा अहम् भूमिका खेलेको छ । **मधूलिका**का हालसम्मका अङ्कहरूमा प्रकाशित कविताहरूमा पाइने प्रमुख विशेषता गुणात्मक, स्तरीय, उत्कृष्ट र नवीन चेतनाका कवितालाई स्थान दिनु हो भन्ने देखिन्छ ।

**मधूलिका** पत्रिकामा कवितापछिको दोस्रो स्थानमा लेख/निबन्ध रहेका छन् । लेख/निबन्धभित्र संस्मरण र विचार पनि समावेश गरिएको छ । यहाँ लेखकीय बौद्धिकताले पूर्ण निबन्धदेखि भावपरक निबन्धहरू, वैचारिक निबन्धहरू, निबन्धकारको यात्रा, वृत्तान्तमा संरचित यात्रानिबन्धहरू, राष्ट्रिय विसङ्गतिहरूप्रति लक्षित व्यङ्ग्यात्मक निबन्धहरू, प्राकृतिक वर्णन आदि विभिन्न किसिमका निबन्धहरू यस पत्रिकामा समावेश छन् । यस पत्रिकामा प्रकाशित निबन्धले निबन्धको विकासमा महत्त्वपूर्ण स्थान ओगटेका छन् । सातौँ अङ्क निबन्धविशेषाङ्कका रूपमा प्रकाशित गरिएको छ । यस अङ्कमा निबन्धकार श्रीओम श्रेष्ठ 'रोदन' का **समयका सम्भावनाहरू** निबन्धसङ्ग्रहका सत्र निबन्धहरू राखिएका छन् । सबै निबन्धहरू समसामयिक परिवेशलाई समेटिएका ओजपूर्ण छन् । यस अङ्कका निबन्धहरूमा समाजमा घट्ने घटनालाई वास्तविकतापूर्ण तरिकाबाट व्यक्त गरिएको छ । अहिलेको मानिसहरूको व्यवहार या भनौँ हार्दिकतालाई यान्त्रिकीकरणमा गरिएको परिर्वतन र मानव मुटुलाई पनि फलामको बनाउन उद्यत व्यङ्ग्यपरक निबन्धहरू छन् । यहाँ राष्ट्रिय ख्यातिप्राप्त निबन्धकारहरू राजेन्द्र पराजुली, गोपाल पराजुली, सनत रेग्मी, शैलेन्द्र साकार, देवेन्द्र भट्टराई, तुलसी भट्टराई, प्रकाश सायमी, कृष्ण धरावासी आदिका निबन्धहरू राखिएका छन् ।

साहित्यका विविध विधालाई आत्मसात गर्दै सबैमा समान दृष्टिकोण राखी प्रकाशित हुने **मधूलिका**ले समालोचना/समीक्षा, पुस्तकपरिचय आदिको क्षेत्रमा पर्याप्त भूमिका खेलेको देखिन्छ । अहिलेसम्म जम्मा त्रिसट्ठीओटा समालोचना-समीक्षाहरू यस पत्रिकामा रहेका छन् । यो सङ्ख्या कविता र निबन्धका तुलनामा कम देखिए तापनि बौद्धिकताले पूर्ण अनुसन्धानात्मक

समालोचना लेखहरूलाई स्थान दिनु **मधूलिका**को विशेषता हो । प्रथम अङ्क नै समालोचना विशेषाङ्कको रूपमा निस्केको भए तापनि यसमा तीनओटा समालोचनाभन्दा भिन्न लेखहरू पनि रहेका छन् । यसमा खासागरी सामान्य समीक्षालाई भन्दा अनुसन्धानपरक र कृतिपरक समालोचनालाई समावेश गरिएको छ । कुनै पनि कृतिको परिचय र राम्रा-नराम्रा दुवै पक्षलाई तटस्थभावनाले पाठकसामु राखिदिने कार्य यस पत्रिकाको समालोचनात्मक नवौँ अङ्क आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम अभिनन्दनग्रन्थका रूपमा प्रकाशित छ र यसमा ध्रुवचन्द्र गौतमप्रति समालोचना गरिएको छ । समालोचना गर्नेमा कृष्णचन्द्रसिंह प्रधान, मोहनराज शर्मा, गोविन्दराज भट्टराई, राजेन्द्र सुवेदी, लक्ष्मणप्रसाद गौतम आदि राष्ट्रिय व्यक्तित्व रहेका छन् । यस पत्रिकामा कृतिपरक समालोचना, प्रायोगिक समालोचना, सैद्धान्तिक समालोचना, कृतिपरक प्रायोगिक समालोचनाहरू समावेश गरिएका छन् ।

त्यस्तै प्रवृत्तिपरक, पाठकीय प्रतिक्रियापरक, सैद्धान्तिक कृतिपरक समालोचना पनि यसमा रहेका छन् र जीवनीपरक, प्रवृत्तिपरक समालोचना पनि रहेका छन् । लोकसाहित्यसँग सम्बन्धित चारओटा रचनासमेत रहेका छन् र ती थोरै भए पनि अनुसन्धानमूलक छन् ।

**मधूलिका** पत्रिकामा साहित्यको अर्को विधा कथालाई समावेश गरिएको छ । यसमा कथा/लघुकथा गरी जम्मा त्रिचालीसओटा कथाहरू समावेश छन् । यी कथाहरूमा पनि समसामयिकताको चित्रण गरिएको छ । यहाँ रहेका अधिकांश कथामा पद र सत्ताको लोभमा आजको मान्छे जे पनि गर्न सक्छ । जो भ्रष्ट छ, घुसखोर छ, त्यही नै नैतिकवान्, क्रान्तिकारी, त्यागी, बलिदानी बन्ने आजको परिपाटीलाई छर्लङ्ग्याइएको छ । गरिबीको गर्तबाट मुक्ति दिलाउने सङ्कल्प बोकेका नेताहरूको कृतघ्न व्यवहार युवाको अवस्था आदि यहाँका कथामा पाइने उल्लेख्य कुराहरू हुन् । नवीन प्रयोगपरक, सूत्रात्मक, यौनवादी र समकालीन चेतना भएका कथा/लघुकथाहरू समावेश गर्नु **मधूलिका** पत्रिकाको विशिष्टता हो ।

माथि उल्लिखित विधाभन्दा भिन्न स्तम्भहरूलाई पनि **मधूलिका** पत्रिकामा समावेश गरिएको छ । यी स्तम्भहरूको आफ्नै किसिमको महत्त्व रहेको छ । **मधूलिका** पत्रिकामा विधागत स्तम्भका अतिरिक्त अन्तर्वार्ता स्तम्भ, अनुवादसाहित्य, विश्वसाहित्य पनि राखिएको छ । जसको कारण पाठकलाई विश्वसाहित्यसँग परिचित गराउन सहयोग भएको देखिन्छ । यसमा कविता कलाचर्चा, संस्कृतिबारे चर्चा आदि विभिन्न किसिमका लेखहरू पनि समावेश गरिएका छन् ।

निष्कर्षमा भन्नुपर्दा यस पत्रिकामा उत्कृष्ट सिर्जनाका साथै अनुसन्धानमूलक लेखहरू र अन्य सामग्री पर्याप्त देखिएकाले यसमा साहित्यिक उच्चता देखिएको छ । मोफसलमा प्रकाशित हुने राष्ट्रिय साहित्यिक पत्रिका भएकाले यसको उच्चता विशिष्ट छ । नेपाली साहित्यको समकालीन चेतनालाई ध्यानमा राखेर प्रकाशित यस **मधूलिका** पत्रिकाले नेपाली साहित्यको विकासमा अविस्मरणीय योगदान पुऱ्याउँदै आएको छ ।

**मधूलिका** पत्रिकामा प्रकाशित रचनाहरूको समग्रतालाई हेर्दा यसमा प्रयोगपरक रचनाहरूले स्थान पाएका छन् । स्तरीय रचनाले गर्दा पत्रिका स्तरीय हुनपुगेको छ । यस पत्रिकाको आवरणपछिको दोस्रो पृष्ठमा कवि लक्ष्मीप्रसाद देवकोटा, भूपि शेरचन, शैलेन्द्र साकार, गोविन्दराज विनोदीजस्ता कविहरूको कवितांश उद्धृत गरिएको छ । यो यस **मधूलिका** पत्रिकाको नवीनता हो । यस पत्रिकामा चित्रात्मकताको संयोजन पनि गरिएको छ । तीन, चार,

पाँच र छ अङ्कहरूको कविता र कथामा भाव स्पष्ट पार्ने खालका मूर्त-अमूर्त, अर्धमूर्त चित्रहरू समावेश गरिएका छन् । यो चितवन जिल्लाबाट प्रकाशित साहित्यिक पत्रिकामा चित्रको प्रयोग गर्ने काम सर्वप्रथम **मधूलिका**बाटै सुरु भएको हो । **मधूलिका**मा जानकारीमूलक रोचक सम्पादकीय पनि राखिएको छ । यसमा सम्पादकीय लेखहरू छोटा भइकन पनि अत्यन्त सारगर्भित एवम् मर्मस्पर्शी रहेका छन् । **मधूलिका** पत्रिकामा समावेश रचनाहरूको स्तरीय तथा बौद्धिकताले पूर्ण सामग्री नै बढी समावेश भएका देखिन्छन् । त्यसैले यो मूलत: बौद्धिकजगत्मा मात्र सीमित रहेको छ । सामान्य पाठकसम्म पनि लोकप्रियता बढाउनका लागि सरल, सम्प्रेष्य तथा रोचक सामग्री पनि समावेश गर्नु आवश्यक छ । निबन्ध/समालोचना विशेषाङ्क प्रकाशित गरेजस्तै अन्य विधाहरूको समयसापेक्ष विशेषाङ्क प्रकाशित गर्नेतर्फ ध्यान दिन सकेमा यसको साहित्यिक मूल्य अझ प्रभावकारी हुने देखिन्छ । कुनै वर्ष एकैचोटि तीनतीनओटा अङ्क प्रकाशित हुने, कुनै वर्ष कुनै अङ्क पनि प्रकाशित नगर्ने यस्तो अवस्था नभई निरन्तर प्रकाशित भएमा ज्यादै प्रभावकारी हुने देखिन्छ । त्यसपछिका अङ्कहरूले शोधकर्तालाई सजिलो पर्न जान्छ । समालोचना र निबन्धविधाजत्तिकै अन्य विधामा ध्यान पुऱ्याउन सक्ने हो भने यसले बौद्धिक वर्गलाई खुराक पुऱ्याउने देखिन्छ । यी विशेषताहरूका कारण **मधूलिका** बौद्धिक पाठकहरूप्रति बढी लक्ष्यित देखिन्छ ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, पुष्प 'अञ्जलि', *चितवन साहित्यिक पत्रपत्रिका हिजो र आज,* **कालिकायात्रा–२०६३,** (चितवन : कालिका एफ्.एम्.प्रा.लि., २०६३), पृ. १५७–१५८ ।

उपाध्याय, केशवप्रसाद, **साहित्यप्रकाश**, (काठमाडौँ : साझा प्रकाशन, २०३४), पृ. १३१ ।

उपाध्याय, मुक्तराज, **नेपाली साहित्यमा अभिव्यक्ति पत्रिकाको योगदान**, (काठमाडौँ : अभिव्यक्ति छापाखाना, २०५१), पृ. ३१ ।

कँडेल, घनश्याम, **नेपाली समालोचना**, (ललितपुर : साझा प्रकाशन, २०५५), पृ. 'क' ।

कोइराला, रामकला, **चितवन जिल्लाबाट प्रकाशित साहित्यिक पत्रपत्रिकाहरूको विवरणात्मक अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६१) ।

खनाल, केदारनाथ, *लोकसाहित्य र लोकगीत,* **मधूलिका**, (२०६५), पृ. ५६ ।

गौतम, लक्ष्मणप्रसाद, **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण**, (चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०५२), पृ. १३०–१३१ ।

______________, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, (ललितपुर : साझा प्रकाशन, २०६०), पृ. १ ।

______________, *पचासको दशकमा चितवनको कविता,* **चितवन महोत्सव स्मारिका** (२०५९), पृ. ४५ ।

ढुङ्गाना, रामचन्द्र, **सङ्क्षिप्त नेपालीकोश**, (ललितपुर : साझा प्रकाशन, २०५७), पृ. ५११

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), **नेपाली कविता** भाग–४, (ललितपुर : साझा प्रकाशन, २०४६) ।

थापा, प्रणीता, **नेपाली साहित्यमा गोधूलि पत्रिकाको योगदान**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर, नेपाली केन्द्रीय विभाग, २०६२), पृ. १३ ।

पौडेल, विष्णुप्रसाद, **संस्कृत काव्यशास्त्र**, (काठमाडौँ : भुँडीपुराण, २०५७), पृ. ७० ।

बराल, हरिप्रसाद, *वैचारिक आन्दोलनको इतिहासमा 'मधूलिका' को देन,* **मधुश्री**, (अङ्क २, २०६०), पृ. १३–१५ ।

रिजाल, दामोदर, *मधूलिका दाहिने फेरो,* **मारुनी**, (वर्ष ३८, आठौँ फन्को, २०५३), पृ. ३७-३९ ।

लुइटेल, खगेन्द्रप्रसाद र अन्य, **नेपाली कवि र कविता**, (काठमाडौँ : विभुऋभु प्रकाशन, २०५८), पृ. ३ ।

श्रेष्ठ, दयाराम, **नेपाली कथा** भाग–४, (ललितपुर : साझा प्रकाशन, २०५७) ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, (ललितपुर : साझा प्रकाशन, २०६३) ।

सुवेदी, राजेन्द्र, **स्नातकोत्तर नेपाली निबन्ध**, भाग ३, (काठमाडौँ : पाठ्यसामग्री पसल, २०५६), पृ. १ ।